मंसिर २१, २०६३

# समय

राष्ट्रिय साप्ताहिक




## चटारो

आयु सकिन लागेको प्रतिनिधिसभा धमाधम विधेयक पारित गर्न तल्लीन छ भने सार्वजनिक संस्थानमा पदपूर्तिको सरकारी अभियान संसद्का लागि चुनौती बनेको छ।

■ यो सफल सरकार हो : माधव नेपाल

मूल्य रु. २५






भास्वर ओझा

प्रतिनिधिसभा

समय
राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक १३३, मंसिर १५–२१, २०६३




आवरण : प्रतिनिधिसभा

*तस्बिर : भास्वर ओझा*

**आवरण : माओवादीसहितको अन्तरिम विधायिका गठन भएपछि संसदीय अभ्यास अहिलेभन्दा कठोर हुने ठानेर प्रतिनिधिसभा एकातिर यथाशीघ्र विधेयक पारित गर्ने काममा युद्धस्तरमा जुटिरहेको छ भने अर्कोतिर सरकार र सार्वजनिक संस्थानमा सुशासन कायम गराउन समेत संसद्ले आफ्नो प्रयास जारी राखेको छ । २७**

**अन्तवार्ता :** माधवकुमार नेपाल, सरकारको कार्यशैलीप्रति आलोचक रहेका एमालेका महासचिव माधवकुमार नेपालको स्वर पार्टी केन्द्रीय कमिटीको बैठकपछि केही फेरिएको छ । गठबन्धन संस्कृतिका आधारमा सरकार नचलेको गुनासो गरे पनि नेपालले वर्तमान सरकारलाई सफल सरकार भन्न थालेका छन् । २४

**राजनीति :** सेना र हतियारबारे सरकार, माओवादी र संयुक्त राष्ट्रसंघबीच त्रिपक्षीय सम्झौता भएपछि शान्ति प्रक्रियाले तीव्रता पाएको छ । तर, कार्यान्वयनको चरण बल्ल सुरु भएकाले शान्ति प्रक्रियाका समस्या बाँकी रहेको मान्नेहरू धेरै छन् । २६

**समस्या शवदानको :** सामाजिक संस्कारलाई चुनौती दिँदै मृत्युपछि शवदान गर्नेहरूको संख्या बढे पनि यसबारे कानुनी व्यवस्था नहुँदा अन्योल कायम छ । ३३



भास्वर ओझा

**रंग :** केही वर्षदेखि शास्त्रीय संगीतलाई साँच्चै ऊर्जाशील र सिर्जनशील बनाएर केही थोरै समूह र व्यक्तिले यसको अस्तित्व बचाएकामध्ये सुकर्मको नाम अग्रणी छ । ५४

सम्पादकीय ........ ५
डाँक ........ ८
दर्शन ........ ९
टिपोट ........ ११
मुलुक ........ १४
साहित्य ........ ५१
अनुहार ........ ५७
शून्य समय ........ ५८

समय

का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन वज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिब्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# निर्वाचनका प्राथमिकता

**गत साता** बृहत् शान्ति सम्झौतामा सरकार र माओवादीबीचको हस्ताक्षरले नेपालको राजनीतिमा प्रजातान्त्रिक पद्धतिद्वारा मेलमिलापको राजनीतिलाई संस्थागत गर्न नयाँ अध्याय सुरुवात गरेको छ। ११ वर्षको रक्तपातपूर्ण आन्दोलन र द्वन्द्व विधिवत्रुपमा अन्त भएको घोषणाले तत्काल मुलुकमा राहतको प्रत्याभूति गरे पनि दीर्घकालीन भावी राजनीतिको प्रारुप तयार गर्न र मुलुकमा शान्ति, प्रजातन्त्र र समृद्धिका लागि जनादेशप्राप्त आधिकारिक र जवाफदेहितापूर्ण सरकार गठन गर्न आवश्यक छ। त्यसका लागि बालिग मताधिकारमा आधारित निर्वाचनद्वारा संविधानसभाको गठन अब विकल्पहीन प्रक्रिया बनेको छ। स्वभाविक रुपमा सरकार संविधानसभाप्रति उत्तरदायी रहनेछ र त्यो संविधानसभाले राजनीति, विधि र विधानको आधार संविधान तयार गर्नेछ।

संविधानसभा सम्पन्न गराउनका लागि अन्तरिम सरकार र संसद् गठनबारे सरकारमा सामेल दलहरू तथा माओवादीबीच लिखित समझदारी बनिसकेको अवस्थामा त्यसमा खासै किचलो उत्पन्न हुने देखिँदैन। आचारसंहिताको पालनाद्वारा असहमतिको आकार सहमतिमा हस्ताक्षर गर्ने पक्षहरूले घटाउँदै लैजानु उनीहरूको दायित्व र कर्तव्य हो र त्यसो भएमा घोषित लक्ष्यमा पुग्न सकिनेछ।

## सम्पादकीय


निर्वाचन आयोग
तेजबहादुर बस्नेत

तर त्यसका लागि केही महत्त्वपूर्ण विषय, खासगरी निर्वाचन प्रक्रिया र निष्पक्ष तथा भयरहित वातावरणमा जनादेश प्रतिविम्बित हुने वातावरण सुनिश्चित गर्न दुवै पक्षले थप सक्रियता र इमानदारी प्रदर्शन गर्नु आवश्यक छ। चुनाव आगामी जेठ महिनासम्म गराउन प्रधानमन्त्री र विद्रोही नेताले प्रतिबद्धता व्यक्त गरे पनि निर्वाचन आयोग निर्वाचन पद्धति, मतपत्रको छनोट, ढिलो नागरिकता हासिल गर्नेहरूलाई मतदाता सूचीमा कसरी दर्ता गर्ने भन्नेबारे अझै अन्धकारमा छ। साथै निर्वाचनलाई प्रभावित गर्ने हतियार व्यवस्थापन, अन्तरिम संविधान, सरकार र संसद् गठन निर्धारित समयमा सम्पन्न हुनसकेका छैनन्।

खासगरी नागरिकता विधेयकले कानुनको हैसियत प्राप्त गरे पनि नागरिकता दिने प्रक्रियाले पूर्णता पाउन महिनौं लाग्ने हुँदा, त्यस्ता व्यक्तिहरूलाई कसरी मताधिकारबाट वञ्चित नगर्ने ? त्यसबारे राजनीतिक दलहरू स्पष्ट भई निर्वाचन आयोगलाई स्वायत्तरुपमा निर्वाचनपूर्वका प्रक्रियामा जान सहयोग गर्न सक्नुपर्छ। त्यसैगरी चुनाव प्रचार प्रक्रियाका लागि भयरहित वातावरण कसरी सिर्जना गर्ने, निर्वाचनमा गम्भीरताविहीन उम्मेदवारलाई कसरी निरुत्साहित गर्ने र यो ऐतिहासिक क्षणमा मत अधिकार प्रयोग नगर्नु नागरिक कर्तव्यप्रति उदासीनता हो भनी नागरिकहरूलाई कसरी आश्वस्त गर्ने, यी सबै विषयमा खासगरी संसद्मा उपस्थित र ठूला दलहरूले आयोगलाई रचनात्मक सहयोग पुऱ्याउन सक्नुपर्छ।

केवल घोषित नीतिमा चुनाव गर्नुलाई नै राजनीतिक उपलब्धि मान्ने भुल सरकार र दलहरूले गरेमा त्यसले जनादेशलाई उचितरुपमा कदर गर्न सक्तैन। सम्भवतः द्रुतगतिमा आयोगद्वारा निर्वाचनको तयारी भइरहेको छ, तर राजनीतिक सहमति, समझदारी र सिर्जित वातावरणलाई ध्यानमा राख्दै त्यस्तो तयारीबारे आवधिक समीक्षा हुनु आवश्यक छ।

हतारमा निर्वाचन सम्पन्न गरी त्यसले जनादेश प्रतिविम्बित नगरेको बहस जन्माउनुभन्दा निर्वाचन केही ढिलो भए पनि भावी राजनीति र प्रजातन्त्रको दरिलो जग बन्नुपर्छ। ■




## समय साता

### आह्वान

एमालेद्वारा कम्युनिष्टहरू विभाजित भएमा लोकतन्त्र र राष्ट्रियता कमजोर हुने बताउँदै आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा पूर्ण परिवर्तनका लागि एक हुन आह्वान ।

### खारेज

सर्वोच्च अदालतद्वारा मुलुकी ऐनमा रहेको 'स्त्री अंशधन' महलमा रहेको बुँदाले महलको ७ नं. मा रहेको महलको अपमान गरेको भन्दै उक्त ऐन खारेज ।

### पारित

प्रतिनिधिसभा राज्य व्यवस्था समितिद्वारा लामो समयदेखि विवादमा रहँदै आएको नागरिकता विधेयक सर्वसम्मतिले पारित ।

### धर्ना
वैदेशिक रोजगार व्यवसायीद्वारा सरकारले हाले लागू गरेको शुल्क र करकट्टी उपयुक्त नभएको भन्दै सिंहदरबारमा धर्ना ।

### नियुक्त
सरकारद्वारा लामो समयदेखि रिक्त रहेको पशुपति क्षेत्र विकास कोषको सदस्य-सचिवमा निर्मल कुइँकेल नियुक्त ।

### घोषणा
इटालीको सोरोप्टीमिस्ट इन्टरनेसनलद्वारा दिइँदै आएको 'वर्ष महिला पुरस्कार' यसवर्ष नेपाली महिला शर्मिला श्रेष्ठलाई दिने घोषणा ।

बंगलादेशमा निर्वाचन आयुक्तको राजीनामाको माग गर्दै हजारौं सर्वसाधारण सडकमा ओर्लिएपछि त्यहाँको निर्वाचन आयोगद्वारा जनवरी २१ मा आमनिर्वाचन गर्ने घोषणा ।

### दुर्घटना

तेहरानको मेहरावाद विमानस्थलमा सैनिक विमान दुर्घटना, त्यसमा सवार ३८ को मृत्यु ।

### निर्देशन
प्रतिनिधिसभा अर्थ समितिको बैठकद्वारा मध्यमर्स्याङ्दी जलविद्युत्मा लागत बढ्नु र ढिलाइ हुनुको कारण पत्ता लगाई जिम्मेवार व्यक्तिलाई कारबाही गर्न १५ दिनभित्र उच्चस्तरीय छानबिन समिति गठन गर्न सरकारलाई निर्देशन ।

### आग्रह

नेपाली कांग्रेसका सभापति तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा आफ्नो स्वास्थ्य बिग्रँदै गएका कारण पार्टी नेतृत्व समाल्न नयाँ पुस्ता तयार रहन आग्रह ।

### निर्णय
युद्धविराम अनुगमन समितिद्वारा सरकार-माओवादी सम्झौता भएर युद्ध सकिएको घोषणा गरेलगत्तै अनुगमनको आवश्यकता नरहेको भन्दै औपचारिक रुपमा काम बन्द गर्ने निर्णय ।

### निधन
समाजसेवी तथा सांस्कृतिक नाचघरका प्रथम महाप्रबन्धक इन्द्रप्रसाद काफ्लेको ८४ वर्षको उमेरमा काठमाडौंमा निधन ।

### गठन
उच्चस्तरीय रायमाझी छानबिन आयोगको प्रतिवेदनलाई थप अध्ययन गरी सो कार्यान्वयनका लागि सरकारद्वारा पाँच सदस्यीय मन्त्रिस्तरीय समिति गठन ।




## बुद्धिमानी पुऱ्याउनुपऱ्यो

*समय साप्ताहिक* (वर्ष ३, अंक १३२) पढ्ने अवसर पाएँ। 'बाँदर विवाद'को लेखले मन छोयो। औषधी विज्ञानमा जनावरको प्रयोग गर्नु हुँदैन भन्ने कुरा त्यति जायज हैन। यो त खालि भावनात्मक कुरा मात्र हो, व्यवहारिक कुरा होइन।

तर, यस्तो स्रोतको प्रयोग गर्दाखेरी यसको लाभको बाँडफाँडको कुरा साह्रै महत्त्वपूर्ण र संवेदनशील विषय हो। यस्ता खालका कुरा गर्दा कुनै व्यक्ति वा समूहले फाइदा लिने कुरा हुनुहुँदैन। मानवहितको नाममा स्पष्ट कुनै कानुनी आधार नभएसम्म यसरी जीवजन्तुको निकासी उचित काम होइन। अझ ५० वटा बाँदर निकारी भइसकेको भन्ने कुरा साह्रै दुःखलाग्दो हो। यस्तो काममा सुझबुझका साथ अघि बढ्नु उचित हुनेछ।

■ **अर्जुन ढकाल**
बुडापेस्ट, हंगेरी
*arjundhakal@yahoo.com*

## गल्ती नदोहोऱ्याइयोस्

*समय* (वर्ष ३, अंक १३१)मा छापिएको 'चर्किने छाँट' शीर्षकको खेल समाचार पढ्ने अवसर पाएँ। लोकतन्त्र स्थापनापछि सरकारले शुद्धीकरण अभियानको नाममा एन्फालगायत पन्ध्रवटा खेलसंस्था हालै विघटन गरेको छ, जुन निर्णय उचित छ। पञ्चायतकालदेखि अहिलेसम्म पनि खेलकुद क्षेत्रमा दरबारको हालीमुहाली भएको स्पष्ट छ। शाही सत्ताको पक्षपोषणमा लागेका व्यक्तिबाट नेपाली खेलकुदको समग्र विकास असम्भव छ। सुनिँदै छ, हिजो शाहीसत्ताका मतियारहरू रंग फेरेर लोकतन्त्रवादी बन्दै छन् रे, विभिन्न खेल संस्थाको पुनर्गठन गर्दा तिनै हिजोका अनुहारलाई ल्याएर गल्ती नदोहोऱ्याइयोस्।

■ **उमेश पन्त**
खलंगा, जाजरकोट

## सानालाई ऐन, ठूलालाई चैन

*समय* (वर्ष ३, अंक १३२) मा 'विवादास्पद निर्णय' पढें। आयोगले दिएको रिपोर्टबारे जानकारी लिंदा 'ठूलाबडालाई छुट र सानालाई भुट'को मान्यताबाट प्रभावित भएको देखाएको छ। तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष राजालाई कानुन बनाएर कारबाही गर भनेर आफू चोखिन खोजेको आयोगले तल्लोस्तरका कामकाजी कर्मचारीहरूलाई भने पूर्वाग्रही भएरै कारबाहीको सिफारिस गरेको हो कि भन्ने देखिएको छ। जसको आदेशले गोली चल्यो त्यसलाई पानीमाथिको ओभानो बनाउने र आदेश मानेर आफ्नो जागिर बचाउने सिपाहीलाई कारबाहीको सिफारिस गर्ने काम आयोगले गर्नुहुन्थ्यो कि हुँदैनथ्यो। यो विषयमा छानबिन आयोगका प्रमुख पक्कै जानकारविहीन छैनन् होला। गोली हान भन्नेहरूलाई चोख्याएर आदेशको पालना गर्नेलाई मात्र कारबाहीको आदेश दिने आयोगले इतिहास पनि मल्लिक आयोगको जस्तै नहोला भन्न सकिन्छ र?

■ **विकास तिमिल्सिना,**
नयाँ बानेश्वर, काठमाडौं

## बाँच्ने अधिकार खोइ?

*समय* (वर्ष ३, अंक १३२) मा छापिएको समाचार 'मान्छे निल्ने निकुञ्ज' पढ्ने अवसर पाइयो। सेनाले मारेर निकुञ्जमा मुठभेडमा मारिएको पत्र थमाउनु मुलुकका लागि र स्वयं सेनाका लागि पनि लाजमर्दो अवस्था हो। निकुञ्जभित्र पसेका व्यक्तिहरूको लासै नपाइने गरी सेनाजस्तो जिम्मेवार निकायले गायब पार्न मिल्छ कि मिल्दैन? होइन भने मान्छे मार्ने युद्ध गरेको माओवादी र जनधन र मुलुकको रक्षाको कसम सुरक्षाका लागि परिचालन भएको सेनाबीच के फरक रह्यो र? के निकुञ्ज वरिपरि बस्ने मानिसहरूका बाँच्ने अधिकार हुँदैनन्? होइन भने यस्तो अन्याय किन?

■ **हरि भण्डारी, चितवन**
हाल : सोह्रखुट्टे, काठमाडौं

## वैधतामाथि प्रश्नचिन्ह

*समय* (वर्ष ३, अंक १३२) मा छापिएको 'भारतीय वैधता' रिपोर्ट छापेकोमा *समय*लाई धन्यवाद। द्वन्द्वताका आफ्नो सबैभन्दा ठूलो दुस्मन मान्दै आएको माओवादीले सधैं दुईजिब्रे भाषा बोलिरह्यो। एकातर्फबाट भारत आफ्नो ठूलो दुस्मन भएको बताउँदै अगाडि बढेको थियो, अर्कोतर्फ आफू लुक्ने सुरक्षितस्थलका रुपमा समेत भारतलाई प्रयोग गर्दै आएको थियो र अहिले प्रचण्ड भारतसितको सम्बन्धलाई वैधता दिन खुला रुपमा भारततिरको बाटो तताउनुले उनको शैली पनि अन्य नेपाली नेताहरूको भन्दा फरक छ भन्ने प्रश्न मात्र जन्माएको छैन, के भारतसितको समझदारीविना नेपाल एक्लै हिँड्नै नसक्ने हो त भन्ने ठूलो प्रश्न समेत नेपाली जनमानसबीच पैदा भएको छ।

■ **मानवीर सुब्बा**
चांगे, ताप्लेजुङ

## समयसीमाको आशंका

*समय* (वर्ष ३, अंक १३२) मा छापिएको आवरण 'शान्ति मार्गको दैलोमा' पढ्न पाइयो। तर, सरकार र माओवादीबीच भएका बुँदाहरूमा तोकिएको समयमा होला भन्ने कुरामा शंका छ। माओवादी र सरकारबीच देखिँदै आएको आलटाले स्थितिले संविधानसभाको चुनाव पनि ज्येष्ठसम्म होला भन्ने कुरा पत्याउन मुस्किल हुँदै गएको छ। शान्ति सम्झौतामा हस्ताक्षर भएर मुलुक अग्रगमनतिर अगाडि लम्केको भए पनि सरकार र माओवादीबीच भएका सम्झौतामा तोकिएको समयसीमामा कुनै पनि काम हुन सक्ने अवस्था छैन। कतै यसको अर्थ माओवादीलाई विस्तारै नरम धारमा ल्याउनु त होइन?

■ **अनिल उप्रेती**
शनिश्चरे, झापा


आरोपितहरूलाई सोधपुछ गर्दा ल्याएर राखिने निकुञ्ज कार्यालय कसराको हिरासत घर

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४**

**गढवालको राजधानी पुरानो टिहरी सहरले पूरै जल समाधि लिइसक्यो र त्यसको ठाउँमा प्रबल पर्यटकीय सम्भावना बोकेको नयाँ टिहरी विकसित हुँदै छ ।**



■ स्वामी आनन्द अरुण

# जब तान्छ अलौकिक सान्दर्यले

**गत नोभेम्बर** महिनामा पुनः तपोवनले ऋषिकेशमा साधना शिविरको आयोजना गरेको थियो । उत्तराञ्चलको स्मरण गर्नासाथै आस्था र रोमाञ्चको अनुभूति हुन्छ । हुनत पूरै हिमाली क्षेत्र पावन तीर्थ हुन्, तर जिउन र मर्न दुवैका लागि उत्तराञ्चलभन्दा राम्रो स्थल मैले संसारमा कहीँ देखेको छैन । गंगा र जमुनाद्वारा आलिंगन गरिएको उत्तराखण्ड विशेष रूपले आध्यात्मिक तरंगले झंकृत छ । भनिन्छ, ब्रह्माले संसारको सृष्टि गरिसकेपछि सबैभन्दा सुन्दर यो भाग आफ्ना भक्त तथा साधकहरूका लागि संरक्षित राखे । त्यसैले यसलाई देवभूमि पनि भनिन्छ । हिन्दुहरूका अष्टचिरञ्जीवी पनि यही क्षेत्रमा वास गर्छन् भन्ने पुरानो मान्यता छ र उनीहरूलाई भेट्ने व्यक्तिहरू पनि यहाँ फाटफुट भेटिन्छन् । उमेर बढ्दै जाँदा मेरा अरू इच्छा विस्तारै शान्त हुँदै गइरहेका छन्, तर उत्तराञ्चलमा घुम्ने आकांक्षा झन्-झन् प्रबल भएर आइरहेको छ । यो मेरो मात्रै इच्छा होइन, मसँगै शिविरमा जाने अधिकांश साधकहरू उत्तराखण्डबाट फर्किनै मान्दैनन् र अर्को शिविरको मिति तय गरेरपछि मात्रै पुनः आउने वाचा गरेर भारी मनले फर्किन्छन् । एक अद्भुत आकर्षण छ गंगाको तटमा, जहाँ जति बसे पनि पुग्दैन । गंगाको शीतल बहावलाई हेर्दै बस्यो भने हप्ता महिना बितेको थाहै हुँदैन ।

यसपालि यात्राको अर्को गन्तव्य थियो - नयाँ टिहरी । म विगत तीस वर्षदेखि बनिरहेको टिहरी बाँधमा सृजित भइरहेको विशाल ताल हेर्न लालायित थिएँ, जो यसपालि पूरा भयो । गढवालको राजधानी पुरानो टिहरी सहरले पूरै जल समाधि लिइसक्यो र त्यसको ठाउँमा प्रबल पर्यटकीय सम्भावना बोकेको नयाँ टिहरी विकसित हुँदै छ । यो ६ हजार फिट उचाइमा अवस्थित छ जहाँबाट हिमालयको मनोरम दृश्य देख्न सकिन्छ र यसको सबैभन्दा ठूलो आकर्षण हो - भागीरथी र भिलगंगाको दोभानमा बनाइएको हजारौं फिट गहिरो ताल, जो ४२ किमि लम्बाइमा फैलिएको छ । तालको पृष्ठभूमिमा देखिने हिमालको अति मनमोहन दृश्यले मनलाई स्तब्ध पारिदिन्छ । यस्तै सौन्दर्यको गहन अनुभूतिका लागि कृष्णमूर्ति अनौठो शैलीमा भन्थे, 'इट इज पेनफुल्ली ब्युटिफुल ।'

टिहरी यात्राको मेरो अर्को उद्देश्य थियो हिमाली क्षेत्रका प्रसिद्ध गान्धीवादी नेता सुन्दरलाल बहुगुणालाई भेट्ने र मैले अत्यन्त मन पराएका अलमस्त फकीर रामतीर्थको समाधिस्थल दर्शन गर्ने । बहुगुणाजी प्रसिद्ध पर्यावरण संरक्षक रूपमा विश्वविख्यात हुन् । हिमाली क्षेत्रमा भएको व्यापक वन विनाशको विरोधमा जनजागरण अभियान चलाएर सफल 'चिप्को आन्दोलन'को उनले अगुवाइ गरेका थिए । यस आन्दोलनमा विशेष गरी महिलाहरूको भूमिका थियो । सरकारी अनुमति लिएर रूख ढाल्न आउने ठेकेदारहरूलाई रोक्न स्थानीय महिलाहरू रूखैमा टाँसिएर बस्थे र रूख काट्न दिँदैनथे । यो आन्दोलन बलियो भएपछि ठेकेदारहरूलाई रूख काट्न असम्भव भयो र सरकारले उनीहरूलाई दिएको ठेक्का रद्द गर्नुपर्‍यो । यसरी हिमाली क्षेत्रमा पहिलो अहिंसक आन्दोलन विश्वप्रसिद्ध हुन गयो ।


त्यो निर्जन हिमाली क्षेत्रमा यी दुवै स्थान खोज्न मेरा लागि कठिन हुने थियो, तर दैव संयोगले एक उत्साही गढवाली युवक भेटिए, जसले मलाई बहुगुणाजीको आश्रम र स्वामी रामतीर्थको समाधिमा पुर्‍याए । सानो डाँडामाथि बहुगुणाजीको गान्धीवादी आश्रम रहेछ । उनलाई भेट्न सकिएन, बनारस गएका रहेछन् ।

त्यसपछि हामी स्वामी रामतीर्थको समाधिमा पुग्यौं । मात्र ३३ वर्षको उमेरमा ती महान् योगीले भागीरथी र भिलगंगाको दोभानमा दीपावलीकै दिन जलसमाधि लिएका थिए । जोगीहरूलाई कमै उमेरमा जीवनको आकर्षण र मोह समाप्त हुँदोरहेछ । आदि शंकराचार्यले सामान्य मानिसले ३२ जन्ममा गर्न नसक्ने पुरुषार्थ ३२ वर्षमै गरी केदारनाथमा महासमाधि लिएका थिए । त्यस्तै स्वामी विवेकानन्दले हिन्दु धर्म र वेदान्तलाई संसारमा प्रतिष्ठित गराई मात्रै ३९ वर्षको उमेरमा संसारबाट बिदा भए ।

जिससको कार्यकाल त मात्र ३ वर्षको छ । जीवनको १३ देखि ३० वर्षको समय उनी कहाँ थिए अज्ञात छ । त्यही कालखण्डमा उनी इजिप्ट, भारत, लद्दाख र तिब्बत आएका थिए भन्ने अब प्रमाणित भइसकेको छ । उनी हिमालय क्षेत्रमा आएर गहन पूर्वीय साधनामा लीन भए । जीवनको ३० देखि ३३ वर्षको अवधिमा उनले मुख्यतः आफ्ना ११ अन्तरंग शिष्यलाई उपदेश दिएका थिए । स्वामी रामतीर्थ भन्थे, 'त्यो उपदेश ती ११ धर्माधिकारीले कति सुने, सम्झे थाहा छैन, तर पर्वत, नदीनाला र सागरले अवश्य सुने' र त्यसको प्रतिध्वनि सारा संसारमा गुन्जियो । जसले गर्दा आज इसाई धर्म सबैभन्दा ठूलो धर्म हो र संसारको हरेक तेस्रो व्यक्ति इसाई छ ।

ओशो र शिवपुरी बाबाको धारणाअनुसार शूलीकै क्षणमा मात्र जिससमा पूर्ण बुद्धत्व घट्यो । शुक्रवार अपरान्ह शूलीमा चढाइएका उनलाई सूर्यास्तपूर्व नै जीवित उतारिएको थियो । यहुदीको पवित्र र बिदाको दिन शनिवारपछि उनलाई पुनः शूलीमा चढाउने आयोजन थियो । यद्यपि, उनी अत्यधिक रक्तश्रावका कारण बेहोस थिए र शरीरमा कमजोरी छाएको थियो । तर जुन गुफामा उनको शरीर राखिएको थियो, त्यसको चौकीदार यहुदी नभई रोमन थियो । यही कारणले जिससलाई गुफाबाट बाहिर निकाल्न शिष्यगणलाई सम्भव भयो र जिसस जुडियाबाट बाहिरिए । यो घटनापछि उनको चेतनामा गहन वैराग्य उदय भयो, उनलाई पुनः आफ्नो साधना क्षेत्र हिमालयको याद आयो र त्यसपछि उनी अरब क्षेत्रमा बस्न सकेनन् र कश्मीरको पहलगाममा आएर जीवनका बाँकी ७९ वर्ष त्यहीं बसे । पहलगाममा अझै पनि उनको समाधि छ, जसमा हिब्रु भाषामा लेखिएको छ - 'जोसुआ, जो स्वयंलाई भेडा गोठाला भन्थे, यहाँ आए र आफ्ना शिष्यहरूका साथ शान्तिपूर्वक ११२ को वर्षको दीर्घायुसम्म यहाँ बसे ।' यहुदीहरू उनलाई 'जोसुआ' भन्थे पछि त्यसको ग्रिक रूपान्तरणमा उनी 'जिसस' हुनगए । यही गाउँलाई पछि 'भेडा गोठालाको गाउँ' भनी भन्न थालियो । 'पहलगाम' को अर्थ पनि यही हो ।

osho@tapoban.com






तेजबहादुर बस्नेत

# महिला हिंसाविरुद्ध अभियान

**महिला हिंसाविरुद्ध** कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र गैरसरकारी संस्थाहरू १६ दिने अभियानमा जुटेका छन्। संयुक्त राष्ट्रसंघले अनुमोदन गरेको तिथि नोभेम्बर २५ देखि सुरु भएर प्रत्येक मानवअधिकार दिवस, डिसेम्बर १० मा अन्त्य गरिने अभियानको मुख्य उद्देश्य महिलाविरुद्धको हिंसाबारे जनचेतना जगाउने, दबाब दिने र महिलाविरुद्धको हिंसा मानवअधिकार हनन सरह हो भन्ने प्रचार गर्ने हो।

यो वर्ष राष्ट्रसंघले अनुमोदन गरेको १६ वर्ष पुगेको हो। त्यसैले यो वर्षको नारा '१६ वर्षका १६ दिन, मानवअधिकार प्रवर्द्धन, महिलाविरुद्ध हिंसाको अन्त्य' राखिएको छ। विभिन्न गैससले दुई साताव्यापी कार्यक्रम आयोजना गरिरहेका छन्।

महिलाका क्षेत्रमा काम गर्ने विभिन्न तीसवटा संस्थाहरूको संजालले ९ मंसिरमा काठमाडौं, नयाँ बानेश्वरबाट र्‍याली निकाल्यो। संजालमा आबद्ध एक्सन एडका महिला अधिकार वरिष्ठ सवाल प्रमुख, पंकजा भट्टराई भन्छिन्, '१६ दिने अभियान महिला हिंसाविरुद्धको अठोट हो।'

नेपालमा महिला हिंसासम्बन्धी कार्यक्रम सन् १९९७ देखि कार्यक्रम र अभियानको रुपमा संचालन हुन थालेको हो। महिला हिंसासम्बन्धी कार्यक्रमको अगुवाइ गर्नेमध्येको साथी, नेपालकी उपाध्यक्ष वन्दना राणा भन्छिन्, '१६ दिने अभियानको मुख्य उद्देश्य जनचेतना जगाउने, दबाब सृजना गर्ने र महिलामाथिको हिंसा मानवअधिकार हनन सरह भएको मान्यता स्थापित गर्नु हो।'

स्त्रीशक्तिकी प्रोग्राम म्यानेजर प्रतिभा श्रेष्ठ वर्षैपिच्छे आयोजना गरिने अभियानबाट सकारात्मक प्रभाव पर्दै गएको अनुभव सुनाउँछिन्। उनी महिला हिंसाविरुद्धका अभियान हाल आएर लैंगिक हिंसामा रुपान्तरण भएको बताउँछिन्।

# कालिकोटमा पुस्तकालय



**कर्णालीको विकट** जिल्ला मानिने र कालिकोटको समेत दुर्गम स्थानका रुपमा चिनिने छाप्रे गाविस-१ मा रहेको कालासिल्ला प्राथमिक विद्यालयमा पुस्तकालय स्थापना भएको छ। बूढानीलकण्ठ स्कुलमा अध्ययनरत सामाजिक सेवा क्लबका विद्यार्थीहरूको सहयोगमा सो पुस्तकालय स्थापना गरिएको हो। माओवादी समस्या सुरु भएपछि कालिकोटले भौतिक संरचना मात्र गुमाउन परेन, शैक्षिक क्षेत्र समेत ढुंगे युगमा फर्किन बाध्य हुनुपरेको थियो।

कालिकोटका दुर्गम स्थानमा रहेका बालबालिकालाई शिक्षाको ज्योति पुर्‍याउन बूढानीलकण्ठस्कुलमा अध्ययनरत विद्यार्थीहरूले पहल गरेर काठमाडौंमा रहेका विभिन्न संघसंस्थाको सहयोग मागी करिब ३५ हजार थान पुस्तक विद्यार्थी स्वयंले नै बोकेर कालिकोटको छाप्रेमा पुर्‍याएका हुन्।

बसको बाटो हुँदै सुर्खेत पुर्‍याइएका पुस्तकहरू त्यहाँबाट खच्चडमा बोकाएर कालिकोट पुर्‍याइएको थियो। स्थानीय ज्येष्ठ नागरिकको आतिथ्यमा औपचारिक रुपमा स्थापित उक्त पुस्तकालय सोही अवसरमा बालीगाउँका स्थानीयवासीलाई हस्तान्तरण गरिएको थियो।

काठमाडौंको सुविधासम्पन्न स्कुलमा अध्ययनरत विद्यार्थीहरूले दुर्गमका विद्यार्थीहरूको भविष्यप्रति गहिरो चासो देखाएर काठमाडौंबाट पुस्तक संकलन गर्दै आफैं बोकेर त्यहाँ पुर्‍याउने विद्यार्थीहरूको मेहनतलाई त्यहाँका स्थानीय बासिन्दाले समेत कदर गरेका थिए। ■


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३५५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*

# द्वन्द्वको मानसिक स्वास्थ्यमा प्रभाव

**मनोचिकित्सकहरूको सार्कस्तरीय** दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन राजधानीमा सम्पन्न भएको छ।

'सामाजिक द्वन्द्व र मानसिक स्वास्थ्य : मनोचिकित्सकहरूको चुनौती' विषयमा केन्द्रित उक्त सम्मेलनमा क्रममा ११ वर्षे माओवादी जनयुद्धको औपचारिक समापनको लागि सरकार र माओवादीबीच शान्ति सम्झौता भइरहेको बेला मनोचिकित्सकहरू भने द्वन्द्वका कारण देखिएको मानसिक समस्या कसरी समाधान गर्ने विषयलाई प्रमुखता साथ उठाइरहेका थिए।

सम्मेलनमा द्वन्द्वबाट पर्ने आर्थिक, सामाजिक, सांस्कृतिकलगायत असरको दाँजोमा मानसिक असरको प्रभाव जटिल हुनेमा सबै सहभागी सहमत थिए। द्वन्द्वका कारण नेपालको मानसिक स्वास्थ्य क्षेत्रमा बढेको समस्या सुल्झाउन विभिन्न उपायसमेत सुझाएका थिए, मनोचिकित्सकहरूले।

नेपाल साइकियाट्रिक एसोसिएसनका अध्यक्ष एवं मानसिक अस्पताल पाटनका प्रमुख डा. कपिलदेव उपाध्याय भन्छन्, 'मुलुक द्वन्द्व समाधानको दिशामा उन्मुख भए पनि युद्धका कारण सर्वसाधारणमा परेको मानसिक समस्या समाधान गर्ने कुरालाई प्रमुखतासाथ लिइएको छैन। यो विषयलाई समयमै समाधान गर्न नसके विकराल समस्या आउन सक्छ।' डा. उपाध्यायका अनुसार युद्धको प्रत्यक्ष चपेटामा परेका जनतालाई आधारभूत आवश्यकताका साथै मानसिक उपचार पनि आवश्यक छ।

द्वन्द्वका कारण बच्चाहरूमा पढाइमा ध्यान नदिने, टोलाउने, चिच्याउनेजस्ता समस्या आउने भएकाले उनीहरूको समग्र व्यक्तित्व विकासका लागि नै बाधक हुने विचार डा. उपाध्यायको छ। कार्यक्रममा भारत, बंगलादेश, भुटान, पाकिस्तान, श्रीलंका, नेपाल, माल्दिभ्सलगायत मुलुकका चिकित्सकको सहभागिता रहेको उक्त सम्मेलनमा नेपालका वरिष्ठ मनोचिकित्सकहरूले कार्यपत्र प्रस्तुत गर्दै द्वन्द्व समाधानका क्रममा मानसिक स्वास्थ्यलाई प्रमुखरुपमा राख्नुपर्ने सुझाव दिएका थिए। ■

# पक्राउ परे ठग ज्योतिषहरू

**विभिन्न समस्या** समाधान गरिदिने प्रलोभन देखाएर मोटो रकम असुलेको अभियोगमा भारतबाट आएर राजधानीका होटलमा बसी ज्योतिषको नाममा ठगी धन्दा चलाउँदै आएका दुई ज्योतिषीलाई प्रहरीले पक्राउ गरेको छ।

ठमेलस्थित पिसाङ होटलमा विगत ८ महिनादेखि बस्दै आएका आफूलाई भविष्यद्रष्टा बताउने दत्तराजन र वैशाली होटलबाट राजु राव गिरफ्तारीमा परेका छन्। पीडितहरूले दिएको उजुरीको आधारमा उनीहरूलाई पक्राउ गरी थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय, हनुमानढोकाले जनाएको छ।

राजधानीबाट प्रकाशित पत्रपत्रिकामा शतप्रतिशत समस्या समाधान गर्ने भनी विज्ञापन प्रकाशन गरी ग्राहक आकर्षित गरेर भविष्यफल हेर्ने नाममा ठगी गरेको आरोप पीडितले लगाएका छन्। दत्तराजनले विराटनगरका विक्रम पोखरेललाई प्रेमीसँग मिलन गराइदिने झूटो आश्वासन बाँडी पूजाआजाको नाममा ३० हजार रुपैयाँ लिएको र राजु रावले पोखराका अनन्ततलाल कपिलालाई सन्तानलाभ हुने बुटी बेची ९० हजार रुपैयाँ ठगी गरेको थाहा भएको छ। अभियुक्तद्वय दत्तराजन र राजु रावले यसअघि पनि धेरै मानिसलाई विदेश भ्रमण, सन्तान लाभ, प्रेममा सफलता, शारीरिक र मानसिक समस्या ठिक पारिदिने बहानामा ठगी गरेको मौखिक गुनासा आए पनि कहीँबाट उजुरी नपरेकाले प्रहरीले कारबाही अघि बढाएको थिएन। ५ महिनाअघि राजधानीमा सम्पन्न ज्योतिष सम्मेलनमा अभियुक्त दत्तराजनलाई स्वर्ण पदक र सम्मानपत्र दिइएपछि उनले त्यसलाई समेत प्रचारको माध्यम बनाउँदै आएका थिए। ■






तेजबहादुर बस्नेत

प्रकाश दुगड

# दुगडसँग २५ लाख माग

**सरकार र माओवादीबीच** शान्ति सम्झौता भएको भोलिपल्टै कात्तिक ६ गते बिहान ७ बजे व्यापारी प्रकाश दुगडको घरमा आफूलाई नेवाः मुक्ति मोर्चाको कार्यकर्ता बताउने विन्दा ढुंगेल र प्रभु ओझा लगायतको समूहले नम्बर प्लेट छोपिएको जिपमा दुगड निवासमा पुगेर पच्चीस लाख रुपैयाँ माग गरेको छ।

शान्ति सम्झौता भएको १२ घन्टा पनि बित्न नपाउँदै भएको यो घटनाले माओवादी शान्ति सम्झौता कार्यान्वयनमा इमानदार नहुने देखाएको छ। तर माओवादीको जातीय मोर्चा नेवाः मुक्ति मोर्चाले भने आफूहरूले कसैसँग बलजफ्ती चन्दा माग नगरेको र उक्त घटनामा आफ्नो हात नभएको बताएको छ। तर व्यापारी प्रकाश दुगडले भने माओवादीको जनमुक्ति सेनाका भ्याली कमान्डर सागरले आफूलाई फोन गरेर पीडित महिला भएकाले पच्चीस लाख रुपैयाँ दिनु भनेको बताएका छन्।

प्रकाश भन्छन्, 'अपहरणको लागि आएकाहरूमध्ये विन्दाले मसँग पहिला ऋण लिएको भन्दै पच्चीस लाख रुपैयाँ दिनु अन्यथा तपाईंलाई हामी लैजान्छौं भनेर धम्की दिए।' घरको गेट खोल्न धम्कीपूर्ण भाषा प्रयोग गरेपछि सुरक्षा गार्डले गेट नखोलेपछि उनीहरू कम्पाउन्डमाथि नाघेर दुगडको घरमा प्रवेश गरेको प्रकाशले बताए। माओवादीले यो घटनामा आफ्नो हात नभएको बताए पनि विन्दाले प्रकाशका भाइ वीरबललाई पच्चीस लाख रुपैयाँ दिएको भन्दै उजुरी गरेपछि प्रकाश अहिले अखिल नेपाल ट्रेड युनियन महासंघको कार्यालय सचिव पीताम्बर गिरीले विन्दा नामक महिलासँग पच्चीस लाख रुपैयाँ नतिरेको भन्दै कुपण्डोलस्थित कार्यालयमा बारम्बार बोलाउने गरेका छन्। विन्दाको आरोप कपोलकल्पित भएको बताउँदै दुगडले आफूलाई बारम्बार मानसिक तनाव नदिन माओवादीलाई आग्रह गरेका छन्।

प्रकाश रोडवेज नामक ट्रान्सपोर्ट कम्पनीमा चौकीदारको काम गर्ने राजेन्द्र ढुंगेलकी पत्नी विन्दासँग २५ लाख ऋण दिएको भन्नेमा कुनै तुक नभएको बताउँदै प्रकाश भन्छन्, 'विन्दाकै पतिले आफ्नी पत्नीलाई कसैले प्रयोग गरेको बयान माओवादीलाई दिएका थिए।' शान्ति सम्झौताविरुद्धका यस्ता घटना तुरुन्त रोक्न सरकार असफल भएको गुनासो पीडित दुगडको छ। ■




## सूचना

मिति २०६३ श्रावण १ गतेदेखि कात्तिक मसान्तसम्म यस कम्पनीले संचालन गरेको ग्राहक योजनाअन्तर्गत ग्राहक बन्नु भएको समस्त ग्राहक महानुभावहरूमा हार्दिक धन्यवाद दिन चाहन्छौं।

साथै मिति २०६३ मंसिर १६ गते शनिबार दिनको ठीक १२:०० बजे यस प्रकाशन प्रा.लि. लाजिम्पाटमा भाग्यशाली विजेताको छनोट गोलाप्रथाद्वारा छनोट गरिने भएकोले उक्त अवधिभित्र ग्राहक बन्नुहुने सम्पूर्ण ग्राहक महानुभावलाई उपस्थित भई दिनुहुनको लागि हार्दिक अनुरोध गर्दछौं।

समय

**ग्राहक तथा वितरण विभाग**

भृकुटी प्रकाशन प्रा.लि.



कर असुली गर्दै माओवादी

# कर असुली जारी

**शान्ति सम्झौता** तथा विगतमा भएका सहमति र आचारसंहिताविपरीत झापामा माओवादीले यति बेला पनि विभिन्न शीर्षकमा कर असुल्ने कार्य जारी राखेको छ ।

जिल्ला जनसरकार कार्यालय तथा इलाका जनसरकारका नाममा छापिएका नगदी रसिद र छाप हानेर माओवादीले सवारी निकासी कर तथा स्थानीय विकास शुल्क लिने गरेको छ ।

माओवादीले राजमार्गबाहेकका ग्रामीण सडक, बजार तथा पायक पर्ने स्थानमा बसेर शुल्क उठाइरहेका छन् । बिर्तामोड नजिक त्रिशूलीचोक, पञ्चकन्या, चारपाने, लक्ष्मीपुर क्षेत्रमा मालवाहक ट्रक, ट्याक्टर तथा अन्य सवारीसाधनबाट कर उठाउँदै गरेको सवारीचालक तथा व्यवसायीहरू बताउँछन् ।

माओवादीलाई १० पांग्रे ट्रकको १५०, ६ पांग्रेको १००, ठूला बसको २५, ट्याक्टरको १५ र मिनी बसको १० रुपैयाँ तिर्नु पर्छ । माओवादीले यात्रुवाहक बसबाट समेत सवारी कर उठाउने गरेका छन् ।

माओवादीले अर्जुनधारा-नारायणचोक, चारपाने-राजगढ, सैनिकमोड-गोलधाप सडकमा पटके कर, ग्रामीण बजारबाट बजार कर, ऋद्धिसद्धि कोइला डिपो, प्लाट्युनियम कोइला डिपो तथा पञ्चकन्या नजिकको डिपोबाट कर उठाउने गरेको पाइन्छ ।

यसबाहेक ईँटा बोक्ने ट्रक र ट्र्याक्टरबाट कर उठाइने गरेको छ । माओवादीले प्रतिईँटा ३ पैसा कर उठाउने गरेको र ईँटा बोक्ने साधनहरूबाट साप्ताहिकरुपमा कर लिने गरेको छ । चारपाने क्षेत्रको कर उठाउने ठेकेदार भीम घिमिरेले ईँटा, कोइला र बाटोको गरी २ लाख २५ हजारमा ठेक्का लिएको बताए । उनले भने, 'हामीलाई पार्टीले ठेक्का लगाएको हो, ठेक्का नलिनु भनेपछि छाड्छौं, तर ठेक्का नलिने निर्देशन छैन । पार्टीले निर्देशन गरे अहिले नै छाड्छौं ।'

यता माओवादी जिल्ला सेक्रेटरी अग्निले पार्टीले आधिकारिकरुपमा कर नउठाएको बताउँछन् । उनले भने, 'सबैलाई निर्देशन दिएका छौं । यदि कसैले उठाएको रहेछ भने त्यो पार्टीको निर्देशन र सहमतिमा भएको काम होइन ।' प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तथा माओवादी अध्यक्ष प्रचण्डले हस्ताक्षर गरी ५ गते सार्वजनिक गरिएको बृहत् शान्ति सम्झौताको दफा ५.२ मा इच्छाविपरीत वा प्रचलित कानुन प्रतिकूल नगद तथा जिन्सी संकलन र कर असुल्न नपाइने तथा दफा ३.८, ३.१२, ३.१३ र दफा ७.५.६ मा दुवै पक्षले मुलुकमा औद्योगिक वातावरण नखलबल्याई उत्पादन कार्यलाई निरन्तरता दिने सहमति भएको थियो ।

■ **एकराज गिरी/झापा** (तस्बिर पनि)


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज

**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**




**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org



भास्कर ओझा

# अस्पष्ट रणनीति

■ गोविन्द परियार/काठमाडौं

**गरिबी, अशिक्षा र चेतना** स्तरको कमीको कारण एचआइभी-एड्स संक्रमणको मात्रा नेपालमा बढ्दै गएको छ। सहस्राब्दी विकास लक्ष्यले सन् २०१५ सम्म विश्वमै एड्सको संक्रमणलाई रोक्ने र त्यसपछि एड्स रोगीको संख्या घटाउने रणनीति बनाए पनि विश्वमै संक्रमण प्रत्येक वर्ष बढ्दो छ। पछिल्लो तथ्यांकअनुसार नेपालको एचआइभी संक्रमण अनुपात प्रतिवर्ष ०.५ प्रतिशत छ। सरकार सचेत नहुने हो भने केही वर्षमै एड्सको महामारीबाट नेपाल जस्तो विकासोन्मुख मुलुकले ठूलो क्षति व्यहोर्नु पर्ने विज्ञहरूको धारणा छ।

अहिले विश्वमा ४ करोड व्यक्ति एड्स संक्रमित भएको अनुमान गरिएको छ। नेपालमा भने करिब ७० हजारमा एड्स संक्रमण भए पनि राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रमा परीक्षण गर्न आएकाहरूको तथ्यांकमा गत अक्टोबरसम्म ८ हजार ७३ मा एचआइभी पोजेटिभ फेला परेको छ। एचआइभी परीक्षण सहज रुपमा उपलब्ध नहुनु, परीक्षण गर्नुपर्छ भन्ने चेतना नहुनु जस्ता कारणले अधिकांश संक्रमितहरूले परीक्षण नै नगरेका कारण यकिन तथ्यांक नभएको विश्व स्वास्थ्य संगठनको प्रतिवेदनले उल्लेख गरेको छ।

नेपालमा एड्सका कारण मृत्यु हुनेको संख्या प्रत्येक वर्ष ३ देखि ५ सयको हाराहारीमा छ। सन् १९६० मा अमेरिकाको लसएन्जल सहरमा पहिलोपटक एचआइभीको किटाणु फेला परेको थियो। त्यसको १८ वर्षपछि सन् १९८८ मा पहिलोपटक नेपालमा देखा परेको एचआइभी एड्स त्यसपछिको १८ वर्षको अवधिमा ७० हजारको संख्यामा पुगेको अनुमान यसमा कार्यरत संस्थाहरूको छ। संक्रमणको मात्रा सबैभन्दा बढी सुईबाट लागूपदार्थ प्रयोगकर्ताहरूमा भएको तथ्यांकहरूले देखाएको छ। तर नेपालमा लागूपदार्थ नियन्त्रणमा सरकारको फितलो नीतिका कारण यो समस्या विकराल हुँदै गएको छ। लागूपदार्थ दुर्व्यसन र ओसारपसार नियन्त्रण नगरेसम्म एड्सको संक्रमण रोक्न नसकिने विज्ञहरूले बताएका छन्।

राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रका निमित्त निर्देशक डा. राजेन्द्र पन्त भन्छन्, 'एड्स संक्रमण घटाउनको लागि लागूपदार्थ प्रयोग र ओसारपसार ऐनलाई संशोधन गरेर कडाइका साथ लागू गर्नुपर्छ।' त्यसो त राज्यको एड्स नियन्त्रण नीति समेत स्पष्ट नभएको आरोप विज्ञहरूको छ। गृह र स्वास्थ्य मन्त्रालय दुवैको एड्स नियन्त्रणमा प्रभावकारी भूमिका हुने भए पनि यी दुई मन्त्रालयबीचको असमझदारीका कारण पनि कतिपय कार्यक्रम लागू गर्न नसकिएको गुनासो यस क्षेत्रमा कार्यरतहरूको छ।

लागूपदार्थ दुर्व्यसन तथा ओसारपसार नियन्त्रण गर्न बनेको लागूऔषध (नियन्त्रण) ऐन २०३३ प्रभावकारी रुपमा कार्यान्वयन नभएका कारण राजधानी लगायतका सहरी क्षेत्रहरूमा दुर्व्यसनीको मात्रा प्रत्येक वर्ष बढ्दो छ। विश्व स्वास्थ्य संगठनको तथ्यांकअनुसार सुईद्वारा लागूपदार्थ प्रयोग गर्नेहरूमा एचआइभी संक्रमणको अनुपात राजधानीमा ५२ प्रतिशत र राजधानीबाहिर ३२ प्रतिशत छ। एचआइभी र एड्स नियन्त्रण नीति र लागूऔषधलाई फरक ढंगबाट सरकारले हेरेका कारण दुर्व्यसनीमा संक्रमण बढेको प्रतिवेदनमा उल्लेख छ। सरकारले लागूपदार्थको सेवनलाई अपराध भनी किटान गरे पनि गृह प्रशासनको हेलचक्राइँका कारण खुलेआम हुने लागूपदार्थको व्यापार र सेवनमा सरकार मुकदर्शक हुने गरेको छ।

सामाजिक चेतनासँगै ऐन कानुनको प्रभावकारी कार्यान्वयन नभएका कारण एचआइभी संक्रमण रोकथाम हुन सकेको छैन। सुईमार्फत लागूपदार्थ प्रयोग गर्नेमध्ये ६३ प्रतिशतलाई एचआइभी पोजेटिभ देखिएको राष्ट्रिय एड्स तथा यौनरोग केन्द्रको तथ्यांकले देखाएको छ। समलिंगी पुरुषहरूबीच यौनसम्पर्कको मात्रा नेपालमा बढ्दै गएको तथ्यांकहरूले देखाएका छन्। जुन नेपालमा एचआइभी संक्रमणको जोखिम समूहअन्तर्गत पर्छ। यसको रोकथामको लागि सरकारी र गैरसरकारी संस्थाहरूसँग स्पष्ट नीति छैन। समलिंगी यौन क्रियाकलापका बारेमा कानुन अस्पष्ट भएकाले पनि समस्या बढेको छ।

एचआइभीको आशंकामा परीक्षण गर्न आउनेभन्दा परीक्षण नै नगर्नेको संख्या ज्यादै उच्च रहेको राष्ट्रसंघका तथ्यांकहरूले देखाएका छन्। यसले पनि नेपालमा एचआइभी संक्रमण बढ्न सक्ने सम्भावना बढाएको छ। एड्स संक्रमणबाट कुनै पनि क्षेत्र र वर्ग मुक्त हुन सकेको छैन। एड्सको

रोकथामको लागि राष्ट्रिय प्रतिबद्धतासहितको कार्यक्रमको आवश्यकता देखिएको छ। विश्वका अधिकांश मुलुकमा एड्स गम्भीर समस्याको रूपमा देखा परेको छ। तसर्थ नेपालमा पनि यसको रोकथामको लागि सरकारको स्पष्ट नीति बनाएर प्रभावकारी कार्यक्रमहरू संचालन गर्नुपर्ने सुझाव विज्ञहरूको छ। यसको लागि राजनीतिक दलहरूले समेत विशेष अभियान संचालन गर्नुपर्ने धारण यस क्षेत्रमा कार्यरत संस्थाहरूको छ।

युवा शक्ति नेपालका अध्यक्ष ऋषिराज ओझा भन्छन्, 'एड्स संक्रमण रोक्नको लागि चेतनाका साथै राजनीतिक प्रतिबद्धताको समेत खाँचो भएकाले राजनीतिक दलहरूले यसतर्फ सोच्नु पर्छ।' राजनीतिक दलहरूले आफ्ना युवा संगठनमार्फत एचआइभी संक्रमण घटाउन गाउँ-गाउँमा अभियान संचालन गर्न सकेमा एड्स संक्रमण घटाउन सकिने ओझा बताउँछन्।

| | |
|---|---|
| एचआइभी संक्रमतिहरूको अनुमानित संख्या | ७५००० |
| संक्रमण अनुपात | ०.५ |
| संक्रमित महिला | १६,००० |
| एड्सका कारण मृत्यु | ५१०० |
| स्वेच्छिक परीक्षणमार्फत एचआइभी पोजेटिभ | ८०७३ |
| एड्सका कारण बाबुआमा गुमाएका बालबालिका | १३००० |
| एड्सका कारण वार्षिक मृत्यु | ३००–५०० |
| | एचआइभी संक्रमित प्रतिशत |
| प्रवासी कामदार (अनुमानित) | ४६ |
| महिला यौनकर्मी | २ |
| पुरुष समलिंगी | २ |
| कुल जनसंख्यामा | ०.५५ |

## खुला सिमाना कारक

भारतसँगको खुला सिमानाका कारण अधिकांश भारतमा मजदुरी गर्नेहरूमा एड्सको संक्रमण बढेको छ। त्यसका साथै करिब एक लाखको हाराहारीमा भारतका विभिन्न सहरका वेश्यालयमा रहेका नेपाली चेलीमध्ये आधालाई एचआइभी संक्रमण भएको तथ्यांकहरूले देखाएका छन्। यसले नेपालमा एड्स संक्रमण रोकथामको लागि सामाजिक चेतनाका साथै भारतसँगको खुला सिमाना र प्रवासी कामदारहरूको बारेमा विशेष कार्यक्रम संचालन गर्न टड्कारो आवश्यकता रहेको देखाएको छ। नेपालमा यौनकर्मी महिलाहरूमध्ये ५० प्रतिशत भारतीय सहरबाट फर्किएकाहरू छन्। जसले पनि एड्सको संक्रमण अत्यधिक भएको विज्ञहरू बताउँछन्।

भारतमा रोजगारीमा रहेकाहरूका बारेमा अध्ययन अनुसन्धान नभए पनि सीमित संख्यामा गरिएको रगत परीक्षणले पनि संक्रमणको मात्रा बढेको देखाएको छ। फेम्ली हेल्थ इन्टरनेसनलले गरेको पछिल्लो अध्ययनले महिला यौनकर्मीहरूमध्ये काठमाडौंमा १.४, पोखरामा २ र तराईका २२ जिल्लामा १.५ प्रतिशतमा एचआइभी भएको देखाएको छ। यो तथ्यांक सन् २००४ मा गरिएको अध्ययनकै हाराहारीमा छ। नेपालको सामाजिक संरचना र अशिक्षाका कारण संक्रमितबाट फैलिने सम्भावना अत्यधिक हुन्छ।

फेम्ली हेल्थ इन्टरनेसनलकी राष्ट्रिय निर्देशक आशा बस्नेत भन्छिन्, 'नेपालमा जोखिमपूर्ण समूहहरूबाट एचआइभी संक्रमण फैलँदो छ।' संक्रमितहरूबाट अन्यमा फैलिन नदिने स्पष्ट नीति सरकारसँग नभएकाले गर्दा जोखिम समूहबाट सामान्य मानिसमा फैलने सम्भावना बढेको छ।

## दातामुखी कार्यक्रम

एड्स कार्यक्रमहरू बढी दातामुखी भएका कारण लक्षित उपलब्धि हात परेको छैन। नेपालमा एड्सविरुद्धको अभियान आश्रित भएकाले सरकारले आफ्नै स्तरबाट कार्यक्रमहरू तयार पार्नुपर्ने सुझाव विज्ञहरूले दिएका छन्। त्यसैले नेपालमा पनि आन्तरिक स्रोतहरू परिचालन गरेर एड्स नियन्त्रण गर्नुपर्ने सुझाव विज्ञहरूले दिएका छन्। सोसँगै एड्ससँग जोडिएका दुर्व्यसनी, यौनव्यवसाय लगायतका एड्स बढी प्रभावित समूहहरूलाई सम्बोधन गर्ने नीति सरकारले लिनु पर्छ।

ग्लोबल फन्ड लगायत डिएफआइडी, युएसएड, विश्व बैंक लगायतका दाताहरूले वार्षिक लाखौं डलर लगानी गरे पनि एड्सको बारेमा समान्य अनुसन्धान समेत हुन सकेको छैन। महिला एचआइभी संक्रमितहरूको संस्था सहारा प्लसकी अध्यक्ष रोजी खड्गी भन्छिन्, 'एड्समा दाताहरूले गरेको लगानी स्पष्ट रणनीतिको अभावमा बालुवामा पानी हालेसरह भएको छ।' एड्सलाई रोकथाम गर्नको लागि संक्रमतिहरूको लागि सरकारले स्पष्ट रणनीति बनाएर विशेष कार्यक्रम ल्याउनुपर्ने खड्गी बताउँछिन्।

नेपालमा रगत परीक्षण गरिएको तथ्यांक मात्र हेर्दा पनि संक्रमण प्रत्यक वर्ष बढ्दो छ, तर परीक्षण नै नगरेकाहरूको संख्या अत्यधिक रहेको विश्व स्वास्थ्य संगठनको तथ्यांकले देखाएको छ। नेपालीहरूमा आधारभूत स्वास्थ्यसम्मको पहुँच नहुनु र सहजरुपमा सबै क्षेत्रमा एचआइभी परीक्षण नहुने भएकाले पनि नेपालमा यकिन तथ्यांक पत्ता लगाउन धेरै कठिन छ। अधिकांश विकसित मुलुकको ठूलो समस्या बनेको एड्स समयमै सचेत हुन सकिएन भने नेपालमा झनै खतरनाक मोड लिने विज्ञहरू बताउँछन्। एड्समा सक्रिय सरकारी तथा गैरसरकारी संस्थाहरूमा परियोजनामुखी सोच भएकाले प्रभावकारी कार्यक्रम लागू हुन नसकेको यस क्षेत्रका जानकारहरू बताउँछन्। एड्सविरुद्ध राष्ट्रिय नेटवर्क समूह नेपालका अध्यक्ष हरिप्रसाद वस्ती भन्छन्, 'आवश्यकता पहिचान गरेर परियोजना संचालन गर्नुभन्दा दातामुखी भएका कारण आशा गरेअनुरूपको उपलब्धि भएन।'

दाता, सरकार र गैरसरकारी संस्थाहरूबीच समन्वय गरेर परियोजना संचालन गर्ने राष्ट्रिय समन्वय समिति गठन गरिए पनि ग्लोबल फन्डबाहेक अन्य परियोजनामा समितिको कुनै भूमिका छैन। युवा, यौनकर्मी, बालबालिका, लागूपदार्थ दुर्व्यसनी र प्रवासी कामदारहरू एड्सको जोखिम समूहमा परेको विश्वस्वास्थ्य संगठनको प्रतिवेदनमा उल्लेख छ। तर सरकार र यसमा कार्यरत गैरसरकारी संस्थाहरूले यी समूहलाई लक्षित गरेर कार्यक्रम संचालन गरेको देखिँदैन। अधिकांश एड्सका परियोजनाहरू सचेतनामा मात्र अल्झिएका छन्। वस्ती भन्छन्, 'दाताको मुख ताक्ने होइन, गाविसमा गएको बजेटअनुसार सबै गाविसमा एड्सविरुद्धको अभियान संचालन गर्नुपर्छ।' सरकारसँग चुस्त अनुगमन र मूल्यांकन गर्ने संयन्त्र नभएकाले पनि एड्सको नाममा आएका परियोजनाहरू दातामुखी हुने गरेको आरोप वस्तीको छ।

## ग्लोबल फन्डमा नेपाल अस्वीकृत

विश्वभरि नै एड्स, मलेरिया र क्षयरोगको संक्रमण भएका देशहरूमा लगानी गर्नको लागि सबै मुलुकको बास्केट फन्ड ग्लोबल फन्डको छैटौं राउन्डमा नेपाल असफल भएको छ। एड्सको नेपाल कन्सर्न मुलुकमा परेको भए पनि सरकार र गैरसरकारी संस्थाबीचको लुछातानीका कारण ग्लोबल फन्डको छैटौं राउन्डबाट नेपाल असफल भएको छ। डा. पन्त भन्छन्, 'फेम्ली हेल्थ इन्टरनेसनलले गैरकानुनीरुपमा ग्लोबल फन्डमा प्रस्ताव पाएको र सरकारीस्तरबाट पनि प्रस्ताव परेका कारण यसपटक नेपाल बाहिरिएको हो।' ग्लोबल फन्डको लागि स्वास्थ्य मन्त्रालय आधिकारिक निकाय भए पनि राष्ट्रिय एड्स तथा यौनरोग केन्द्रका पूर्व निर्देशक डा. श्यामसुन्दर मिश्रले फेम्ली हेल्थ इन्टरनेसनललाई आधिकारिक पत्र दिएकाले विवादमा परेर प्रस्ताव अस्वीकार भएको स्रोतले बतायो। तर फेम्ली हेल्थ इन्टरनेसनलकी राष्ट्रिय निर्देशक बस्नेत भने ग्लोबल फन्डको प्राथमिकतामा नेपाल नपरेका कारण परियोजना अस्वीकृत भएको बताउँछिन्। बस्नेत भन्छिन्, 'सरकारीस्तरबाट गएको परियोजना नै आधिकारिक हुने भएकाले हाम्रो परियोजनाको कारणले अस्वीकृत भएको भन्ने सवाल नै हुँदैन।' नेपाल सरकार र नेपालका गैरसरकारी संस्थाहरूमा ग्लोबल फन्डको परियोजना संचालन गर्ने क्षमता नभएको भन्दै यसअघि राष्ट्रसंघको नेतृत्वमा यो परियोजना नेपालमा संचालन भएको थियो। सन् २००२ देखि २००६ सम्मका लागि दोस्रो राउन्डअन्तर्गतको ग्लोबल फन्ड परियोजना नेपालले पाएको थियो। ■

# एच.आई.भी. र एड्स विरुद्ध...




तपाई... म... हामी...

## पृष्ठभूमि

आधिकारिक तथ्यांक अनुसार नेपालमा हालसम्म करिब ८,०७४ जना व्यक्तिहरुमा एचआइभी संक्रमण पाइएता पनि यो संख्या करिब ७४,००० को हाराहारीमा भएको अनुमान छ। प्रत्येक वर्ष यो संख्या तीव्रतर गतिमा बढ्दै गइरहेको छ। प्रभावकारी रोकथाम, उपचार तथा सेवाका कार्यक्रमहरुबाट मात्र यसको गतिलाई रोक्न, संक्रमितहरुलाई स्वस्थ्य र दीर्घजीवन प्रदान गर्न तथा प्रभावितहरुलाई समेत सहयोग पुऱ्याउन सकिन्छ।

## एड्स रोक्ने प्रतिबद्धता

विश्वले सन् २०१५ सम्म एचआइभी र एड्सको गतिलाई रोक्ने र त्यसपछि यसको बढ्दो गतिलाई घट्दो दरमा ल्याउने प्रतिबद्धता जनाइसकेको छ। प्रत्येक देशले आ-आफ्नो राष्ट्रमा विभिन्न प्रतिबद्धताहरु जनाइसकेका छन्। तर त्यसरी व्यक्त प्रतिबद्धताहरु प्रभावकारी रुपमा कार्यान्वयनमा आउन सकेका छैनन्। त्यसैले यस वर्ष १९ औं विश्व एड्स दिवसको अवसर पारेर त्यस्ता प्रतिबद्धताहरुलाई प्रभावकारी कार्यान्वयनमा ल्याउन र संक्रमित तथा प्रभावितहरुसम्म सेवा पुऱ्याउन सबै तह तथा तप्काका व्यक्तिहरुको जवाफदेहितामा जोड दिन खोजिएको छ।

## नेपालको अवस्था

नेपालमा अनुमानित संक्रमित तथ्यांकको आधारमा हेर्दा स्वेच्छिक परामर्श सेवा तथा परीक्षण र उपचार सेवालाई व्यापक रुपमा विस्तार गर्दै लैजानुपर्ने देखिन्छ। कमसेकम ७ देखि ८ हजार व्यक्तिहरुलाई ARV उपचारको आवश्यकता हुन सक्दछ तर हालसम्म करिब ५०० जनाले मात्र प्राप्त गरेका छन्। यसले के संकेत गर्दछ भने हामी एचआइभी र एड्सका सवालमा त्यति जवाफदेही हुन नसकेका हौं कि भन्ने देखिन्छ। त्यसैले एचआइभी र एड्स रोकथाम, उपचार तथा सेवाको पहुँच सरल, छिटो र सर्वव्यापी बनाउने हाम्रो लक्ष्य पूरा गर्न सबै व्यक्तिहरुलाई एचआइभी र एड्सप्रति जवाफदेही बनाउन तपाई, म र हामी सबै मिलेर आवश्यक निर्धारित उद्देश्य हासिल गर्न सक्छौं।

## विश्व एड्स दिवसको सन्दर्भमा हाम्रो भूमिका

सन् २०१५ देखि २०१० सम्म एउटै नारा 'एड्स रोक्ने प्रतिबद्धता पूरा गरौं (STOP AIDS, Keep the Promise) का साथ विश्व एड्स दिवस मनाउने क्रममा यस वर्ष पनि मनाइदैछ। यस वर्षको एड्स दिवसमा विश्व समुदाय तथा सम्पूर्ण नेतृत्वकर्ताहरुलाई विगतमा गरिएका प्रतिबद्धताप्रति जवाफदेही हुन आग्रह गर्दै र यस कार्यमा सबै सरकारी तथा गैरसरकारी क्षेत्र, नागरिक समाज र विशेषतः एचआइभी र एड्स संक्रमित तथा प्रभावितहरुको संलग्नता हुनुपर्ने कुरामा जोड दिइएको छ। सजिलै रोकथाम गर्न सकिने भएर पनि अज्ञानता तथा एचआइभी र एड्सप्रति मानिसहरुको पूर्वाग्रही दृष्टिकोणले गर्दा प्रत्येक वर्ष संक्रमणको संख्या थपिदै छ। विश्व एड्स दिवस एउटा यस्तो अवसर हो जुन दिन विश्वभरका सम्पूर्ण मानिसहरु एचआइभी र एड्सविरुद्ध एक हुन्छन्। यससँग लड्ने प्रतिबद्धता व्यक्त गर्दछन्। तर यसको संक्रमणको गतिलाई रोक्न र यसप्रति मानिसहरुको पूर्वाग्रही दृष्टिकोणको अन्त्य गर्न तपाई, म र हामी मिलेर कार्य गरेमा मात्र सम्भव छ।

## VCT/ART/PMTCT सम्बन्धी उपलब्ध सेवाहरु

### स्वेच्छिक परामर्श सेवा (VCT)

आफ्नो व्यवहार जोखिमपूर्ण भएको शंका लागेमा स्वेच्छिक परामर्श तथा परीक्षण केन्द्र (VCT) मा सम्पर्क गरौं।

### ART र PMTCT सेवा

HIV र AIDS लागेका व्यक्तिहरुको उपचार पद्धति ART र PMTCT सेवा अधिराज्यका निम्न केन्द्रहरुमा उपलब्ध छन्:

शहीद शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पताल, टेकु (ART)

शिक्षण अस्पताल, महाराजगञ्ज (ART र PMTCT)

श्री ५ इन्द्रराज्यलक्ष्मी प्रसुती गृह, थापाथली (PMTCT)

वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान (ART र PMTCT)

नारायणी उप-क्षेत्रीय अस्पताल, वीरगञ्ज (ART र PMTCT)

पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरा (ART र PMTCT)

भेरी अञ्चल अस्पताल, नेपालगञ्ज (ART र PMTCT)

महाकाली अञ्चल अस्पताल, महेन्द्रनगर (ART र PMTCT)

# National Center for AIDS and STD Control

Teku, Kathmandu

## Cumulative HIV/AIDS Situation of Nepal

as of October 31 , 2006

| Condition | Male | Female | Total | New cases in October , 2006 |
|---|---|---|---|---|
| HIV Positives (Including AIDS) | 5705 | 2368 | 8073 | 179 |
| AIDS (out of total HIV) | 862 | 324 | 1186* | 15 |

### Cumulative HIV Infection by Sub-Group and Sex

| Sub-Groups | Male | Female | Total | New cases in October , 2006 |
|---|---|---|---|---|
| Sex Workers (SW) | - | 640 | 640 | 2 |
| Clients of SWs/STD | 3840 | 103 | 3943 | 87 |
| Housewives | - | 1480 | 1480 | 45 |
| Blood or Organ Receipients | 12 | 5 | 17 | 1 |
| Injecting Drug Use | 1641 | 27 | 1668** | 34 |
| Children | 202 | 113 | 315 | 9 |
| Men having sex with men | 10 | - | 10 | 1 |
| Total | 5705 | 2368 | 8073 | 179 |

### Cumulative HIV Infection by Age Group

| Age Group | Male | Female | Total | New cases in October , 2006 |
|---|---|---|---|---|
| 0-4 Years | 84 | 44 | 128 | 2 |
| 5-9 Years | 99 | 57 | 156 | 7 |
| 10-14 Years | 31 | 20 | 51 | 1 |
| 15-19 Years | 204 | 209 | 413 | 4 |
| 20-24 Years | 917 | 475 | 1392 | 20 |
| 25-29 Years | 1400 | 608 | 2008 | 47 |
| 30-39 Years | 2283 | 723 | 3006 | 72 |
| 40-49 Years | 576 | 195 | 771 | 21 |
| 50-above | 111 | 37 | 148 | 5 |
| Total | 5705 | 2368 | 8073 | 179 |

* Death: 358 ( 7 new cases in October , 2006 )
** Mode of Transmission - IDU or Sexual

(Data include reports from sentinel surveillance sites and voluntary confidential testing centers.)
Source of October , 2006 data : Source of October 2006 data: National Public Health Laboratory, Teku; Teku Hospital, Teku; National Center for AIDS & STD Control; Youth Vision VCT, Putalisadak; N-SARC VCT/DVD-Bheri Zonal Hospital, Nepalgunj; INF Paluwa, Pokhara; Mahakali Zonal Hospital (MZH), Kanchanpur; KYC VCT, Dharan; FPAN, Morang; FPAN, Dang; District Hospital, Mangelsen, Accham; GRAA, Bardiya; DHO, doti; DHO, Dadeldhura; Student Awareness Forum (BIJAM); Dailekh Hospital, Dailekh; NFCC, Chitwan; Birendra Police Hospital, Maharagunj; AMDA-Nepal VCT , Hetauda

## तपाई, म र हामी सबै जवाफदेही हुनुपर्छ

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, टेकु, काठमाडौं
फोन नं. ४२६१६५३, ४२५८२१९, फ्याक्स : ९७७-०१-४२६१४०६
इमेल : ncasc@mos.com.np, website :www.ncasc.gov.np



सेती–महाकाली क्षेत्रको मुख्य शिविरमा विभिन्न गतिविधिमा संलग्न माओवादी छापामारहरू

# निर्माणसँगै विनाश

■ श्याम भट्ट/तालबन्द कैलाली (तस्विर पनि)

**कैलालीको तालबन्दमा राखिएको सेती–महाकाली क्षेत्रको मुख्य शिविरमा अहिले व्यापक फडानी गरिएको छ । सडक विभागको डोजरले तालबन्दसम्म बाटो खनिसकेको छ ।**



माओवादीको अस्थायी क्याम्प निर्माणको क्रममा गरिएको वन फडानी







**ऐतिहासिक शन्ति सम्झौतापछि** राज्यद्वारा शिविरमा बस्ने अनुमति पाएका माओवादीहरू यतिखेर धमाधम शिविर निर्माणमा लागेका छन्। नयाँ निर्माणको नाममा वर्षौंदेखि जोगिँदै आएको हराभरा जंगल पनि उत्तिकै विनाश गरिरहेका छन् उनीहरूले।

कैलालीको तालबन्दमा राखिएको सेती-महाकाली क्षेत्रको मुख्य शिविरमा अहिले व्यापक फडानी गरिएको छ। सडक विभागको डोजरले तालबन्दसम्म बाटो खनिसकेको छ। चुरे पर्वतको फेदीमा महेन्द्र राजमार्गदेखि तेह्र किलोमिटर उत्तरमा रहेको तालबन्द रणनीतिक दृष्टिकोणले सहायक शिविर रहेका गोरंगे र सहजपुरभन्दा उपयुक्त छ। लोकेश स्मृति ब्रिगेड रहने तालबन्दमा सबैजसो उपस्थित माओवादी कार्यकर्ता व्यस्त छन्। डिभिजन उप-कमान्डर जीवन भन्छन्, 'झरेको पात बिछ्याउने र हरिया पात टिपेर ओड्ने गरिरहेका छौं अहिलेसम्म।'

माओवादीहरू आफू बस्ने व्यवस्था गर्नभन्दा पनि बंकर र सेन्ट्रीपोस्ट बनाउनमै व्यस्त देखिएका छन्। खानेपानीका लागि पनि पाइपहरू पुगिसकेका छन्। मसुरियादेखि तालबन्द जोडिएको बाटोलाई ३० फिट बनाउने र कालोपत्रे गर्ने भन्दै माओवादीले बाटोमा रहेका रूखहरू धमाधम काट्दै छन्। यसैगरी राजमार्ग किनारमा लिस्नेगाम बिग्रेडको तयारी पनि युद्धस्तरमै भइरहेको छ।

माओवादी-सेती महाकाली ब्युरो इन्चार्ज पम्फा भुसाल, सेती महाकाली राष्ट्रिय मुक्ति मोर्चाका संयोजक लेखराज भट्ट तथा माओवादी सेनाका सातौं डिभिजन प्रमुख महेन्द्र शाही प्रज्वलले निर्माणाधीन शिविरको भ्रमण गरिसकेका छन्। आवश्यक तयारी न त राज्यले गरेको छ न त माओवादीले नै त्यसैले उनीहरूलाई आधारभूत आवश्यकता पूर्ति गर्न केही गाह्रो भइरहेको छ।

माओवादीले अस्थायी शिविर निर्माणमा राज्य पक्षले ढिलाइ गरेको आरोप लगाएको छ। 'मंसिर ५ गतेभित्र क्याम्पिङ हुने भन्यो, तर राज्यले तयारी नै गरेन', माओवादी सातौं डिभिजन कमान्डर प्रज्वलले गुनासो गरेका छन्। कैलालीमा राख्ने भनिएको सातौं डिभिजनअन्तर्गतका सेना आ-आफ्नो क्याम्पमा पुगिसकेको तर राज्यले कैलाली जिल्ला मन्सुरिया गाविसको तालबन्दमा रहेको माओवादी सातौं डिभिजन हेडक्वार्टर, बलियाको गोरंगेमा रहने लोकेश स्मृति ब्रिगेड, मसुरियाकै बडैपुरमा बस्ने लिस्नेग्राम ब्रिगेड र सहजपुरको सहजपुर बजार नजिक बस्ने बहुवीर योद्धा ब्रिगेडमा जनमुक्ति सेना खुला आकाशमुनि बसिरहेको छ। राज्यले ५ गतेभित्र विद्युत्, खानेपानी, संचार र सडकको व्यवस्था अस्थायी शिविरसम्म पुऱ्याउने भनेको थियो।

शिविर व्यवस्थापनका लागि राज्यले केही गर्न नसके पनि सामान्य व्यवस्थासम्म गर्न सातौं डिभिजनलाई अप्ठेरो भएको प्रज्वलले बताएका छन्। शिविर व्यवस्थापनका लागि कैलालीका प्रमुख जिल्ला अधिकारी गणेशबहादुर खत्रीको संयोजकत्वमा एक समिति गठन भएको छ। सोको आधिकारिक कार्यालय खोल्ने निर्देशन भए पनि अहिले जिल्ला प्रशासनबाटै काम चलेको छ।

'कति बेला चुक खाइन्छ भने कति बेला सुन्तला। साथीहरूको पर्खाइले पनि समय काटिन्छ', कैलालीको सहजपुरस्थित माओवादीका बहुवीर योद्धा ब्रिगेडका बटालियन कमिसार शमसेरको अनुभव हो यो।

## गाउँलेको जग्गामा माओवादी

कैलालीको सहजपुरमा रहने माओवादीको बहुवीर योद्धा ब्रिगेडले एक दर्जन स्थानीय बासिन्दाले लगाएको खेती नष्ट गर्दै माओवादी शिविर बनाएका छन्। घरआँगनमा जनमुक्ति सेनाले डेरा जमाएपछि स्थानीय बासिन्दा हैरान भएका छन्। उनीहरूको मसुरो खेतीमा स्थानीय बासिन्दाकै बाँस काटेर पाल हालेपछि नजानिँदो त्रास पनि बढेको छ। माओवादीलाई डरका कारण भन्न नसके पनि संचारकर्मीहरूसँग उनीहरू दुखेसो पोख्छन्।

'घर बनाउने योजना थियो सपना नै हुने भयो', सहजपुर-८ की दुर्गादेवी परियार भन्छिन्। निर्माणाधीन शिविरभित्र उनको कच्ची घर र बारी परेको छ। बहुवीर योद्धा शिविरभित्र एक दर्जन स्थानीय जनताको घरजग्गा र पसल परेका छन्। सहजपुर बजारसँगै जोडिएको शिविरमा यहाँका प्रकाश परियार, जगत शाही, दिनेश शाह, रामबहादुर शाह, दीपक शाह, दुर्गा छेडाल, लोकबहादुर छेडाल, लीलाधर सापकेटा, हरि सापकोटा, लीलाराम सापकोटा, मीनराज सापकोटाको घर जग्गा शिविरभित्र परेका छन्। यता उति प्रशस्त जग्गा छ, अरू ठाउँमा शिविर राखे हुन्थ्यो, बसेको गाउँ किन उठाउन खोजेका होलान्। ब्रिगेडका कमिसार उद्गमले सामरिक र रणनीतिक रुपमा शिविर राखेको ठाउँ राम्रो भएकाले यसो गरिएको बताए।

## शिविरबाट भागे युवायुवती

माओवादीको सैन्य शिविरबाट भागेर आएका युवायुवतीहरू डडेल्धुरा, धनगढी र महेन्द्रनगर बजारमा अलपत्र पर्नु परेको छ। लहलहैमा आएकोमा उनीहरू दुखी समेत छन्। विभिन्न पहाडी जिल्लाबाट आएका युवायुवतीहरू विभिन्न होटलमा बस्न र घर फर्किने खर्च जुटाउन न्यून ज्यालामा कामदार हुन बाध्य छन्।

माओवादीले आफ्नो जनसेनामा भर्ती गर्नुका साथै मासिक चार हजार पारिश्रमिक उपलब्ध गराउने आश्वासन दिएपछि विकट गाउँका ती युवायुवती कैलालीको मन्सुरिया शिविरमा आएका थिए। 'शिविरमा पुगेपछि पाँच सय मात्र दिने बताएपछि भागेर आयौं', उनीहरू भन्छन्। होटलमा काम गरी कमाएको पैसाले घर फर्किने सुरसारमा उनीहरू छन्।

माओवादी शिविरबाट भागेर आएका तीन छात्रा दुई दिन यहाँ अलपत्र परेपछि 'साथी' संस्थाको सहयोगमा घर फर्केका थिए। उनीहरू भन्छन्, 'घरको आर्थिक अवस्था कमजोर भएका कारण सेनामा भर्ती हुने प्रलोभनमा आएका हौं र माओवादी शिविरमा बस्न मनले नमानेपछि भागेर आएका हौं।' ती युवतीहरू कात्तिक अन्तिम साता तीनैजना अर्धवार्षिक परीक्षा छोडेर आएका थिए। ■

# सद्भावना राजदूत

■ छत्र कार्की/काठमाडौं

**विश्व स्वास्थ्य संगठनबाट** पाँच वर्षअघि 'गुडविल एम्बास्डर'को उपाधि पाएका निप्पोन फाउन्डेसनका अध्यक्ष योही ससकावाले नेपाली राष्ट्रिय पोसाक दौरासुरुवाल र ढाकाटोपीमा ठाँटिएर काठमाडौंमा आयोजित सेमिनारमा कुष्ठरोगीले खेप्नुपरेका विभिन्न समस्याबारे जीवन्त अनुभव सुनाए। उनले भने, 'शिक्षित मानिसको संख्या बढे पनि उपचार पाएका कुष्ठरोगीले भोग्नुपर्ने सामाजिक भेदभाव अहिले पनि उस्तै छ।' सरकार, गैरसरकारी संस्था, नागरिक समाज सबैको सामूहिक प्रतिबद्धता भए नेपालबाट कुष्ठरोग र कुष्ठरोगीमाथि भएका सामाजिक विभेद उन्मूलन गर्न सकिने प्रतिबद्धतासमेत दोहोऱ्याए र त्यो काममा लागि आफ्नो संस्थाले सक्दो सहयोग गर्ने पनि जानकारी समेत दिए। उनले बारम्बार आग्रह दोहोऱ्याए, 'कुष्ठरोगबाट प्रभावित मानिसप्रति हुने सामाजिक भेदभावविरुद्ध विश्वव्यापीरुपमा काम गर्नुपर्छ। हामीले अठोट लियौं भने नेपालबाट यो समस्या निर्मूल गर्न सक्छौं।'

ससकावा सामाजिक सेवामा प्रवेश गर्नुको बेग्लै पृष्ठभूमि छ। एक त उनको परिवार नै सामाजिक क्षेत्रसँग सम्बद्ध थियो। यसले पनि यो क्षेत्रमा आउन सहयोग पुग्यो भने अर्कोतिर ससकावा ७ वर्षको हुँदा एकैरात १ लाख ७ हजार मानिस युद्धप्रभावित भएको खबर पाएका थिए। त्यसपछि उनको बालमस्तिष्क भावविह्वल बन्यो। त्यसै घटनाले गर्दा सामाजिक क्षेत्रमा प्रवेश गर्ने उत्प्रेरणा जागेको उनी बताउँछन्। विश्वबाट कुष्ठरोगको सदाका लागि अन्त्य हुनुपर्छ भन्ने पवित्र अभियान उनका पिताले सुरुवात गरेका थिए। यो अभियानलाई उनले विगत तीस वर्षदेखि साथ दिइरहेका छन्।

सन् १९३९ मा जापानको टोकियोमा जन्मेका ससकावाले सानै उमेरका कुष्ठरोगबाट अपहेलित मानिसको संसर्गमा आउने मौका पाए। त्यसपछि उनी कुष्ठरोगी चोला बदल्न केही गर्ने विचार अंकुरायो मनमा। त्यसैले उपचार, पुनःस्थापना, सर्जरी, सशक्तीकरणलगायत विभिन्न तालिममा सकेसम्म सघाइरहेका छन्। ससकावा कुष्ठरोगीलाई हेरिने हेयदृष्टिविरुद्ध विश्वव्यापी 'क्याम्पियन'को नेतृत्व गरिरहेका छन्। उनले पटक-पटक संयुक्त राष्ट्रसंघीय मानवाधिकार उच्चायुक्तको कार्यालयलाई पनि कुष्ठरोगीले निर्भीकरुपले बाँच्न पाउनुपर्ने अधिकार सुनिश्चित गर्न आग्रह गरिसकेका छन्। विभिन्न मुलुकले कुष्ठरोगीलाई सामाजिक मर्यादा दिने कार्यमा सहमति जनाए पनि व्यावहारमा देखिने भेदभाव र असमानतापूर्ण व्यवहारको जालो विश्वबाट तोडिन सकेको छैन। कुष्ठरोगीको मौलिक अधिकार सुनिश्चित गर्ने अभिप्रायका साथ सञ्चालित ससकावाको अभियानप्रति विश्वका गण्यमान्य व्यक्तित्वहरूले समर्थन दिएका छन्। 'कुष्ठरोगीविरुद्धको भेदभाव अन्त्य गरौं' नामक अपिलमा पूर्व अमेरिकी राष्ट्रपति जिमी कार्टर, पूर्व भारतीय राष्ट्रपति आर वेंकटरमण लगायत ११ जनाले हस्ताक्षर गरिसकेका छन्।

सामाजिक क्रियाशील जापानी संस्था निप्पोन फाउन्डेसनमार्फत ससकावाले विभिन्न सामाजिक काम विश्वव्यापीरूपमा चलाएका छन्। उक्त संस्थाले जनस्वास्थ्य, शिक्षा, गरिबी उन्मूलन, भोकमरीलगायत विविध क्षेत्रमा काम गरेको छ। उक्त संस्थाले विश्वभरिका १ करोड ४० लाख मानिसलाई मल्टी ड्रग थेरापी (एमडिटी) अन्तर्गत उपचार उपलब्ध गराएको जनाएको छ। उनले विश्वभरिमा मुलुकको भ्रमण गरी कुष्ठरोगीहरुको समस्या पहिचान गरी समाधानको उपाय खोजिरहेका छन्। उनको एउटै सपना छ- कुष्ठरोग मुक्त विश्व बनाउने। त्यसैले होला, विश्वको जुनसुकै भूगोलमा पुगे पनि उनको मिसन उही छ, दृढता छ, लक्ष्य उही छ।

भारतको २० राज्य घुमेर सन्देश बाँडिसकेका ससकावाले काठमाडौंमा पनि पुरानै मन्त्र दोहोऱ्याए, 'कुष्ठरोगको उपचार हुन्छ, यसको औषधी निःशुल्क पाइन्छ। यो रोग कुनै पापको सजाय होइन।'

भारत, चीन, स्विडेन, मंगोलिया, रोमानिया र घानाबाट मानार्थ डिग्री पाएका ससकावाका सन् २००४ मा प्रकाशित 'द डे लेप्रोसी इन इराडिकेटेड फ्रम द वर्ल्ड' किताब चर्चित छ। कम्बोडिया, बेलारुस, युक्रेन, रूस, पेरु, टोगो, चीन, फिजी, फ्रान्स, मडागास्करबाट मान सम्मान पाएका ससकावाको धोको छ, 'नेपालबाट पनि चाँडोभन्दा चाँडो कुष्ठरोग निर्मूल पार्ने।' यही पवित्र उद्देश्यका लागि नेपालमा उनको संस्थाले कुष्ठरोग निर्मूल पार्ने उद्देश्यका लागि ५० लाखभन्दा बढी अमेरिकी डलर खर्च गरिसकेको छ। नेपालमा कुष्ठरोग प्रभावितहरूको संख्या विश्व स्वास्थ्य संगठनले अनुमान गरेको न्यूनतम लक्ष्यभन्दा बढी रहेको छ। अहिले पनि नेपालमा प्रतिदस हजार जनसंख्यामा १ दशमलव ८ व्यक्ति कुष्ठरोगी छन्। ससकावाको लक्ष्य छ, यो संख्यालाई एक वर्षभित्र नै प्रति दस हजार १ भन्दा कममा ल्याउने। यो लक्ष्य चुनौतीपूर्ण भए पनि असम्भव भने छैन।

आफ्नो महान् अभियानलाई सफल पार्न सरल रुपमा उनी बुझाउँछन्, 'कुष्ठरोगको उपचार सम्भव छ। यसको औषधी निःशुल्क पाइन्छ।' सरकार, गैरसरकारी संस्थाबीच समन्वयात्मक ढंगले काम गरे उक्त लक्ष्य प्राप्त गर्न गाह्रो नहुने विचार छ उनको। उनी वाचा गर्छन्, 'यदि एक वर्षभित्र नेपालबाट कुष्ठरोग निर्मूल गर्ने प्रतिबद्धता आयो भने त्यसलाई जसरी पनि पूरा गराई छाड्न महिनैपिच्छे आउनुपरे पनि नेपाल आउँछु।' कस्तो महान् सामाजिक भावना, धन्य! धन्य ससकावा



तेजबहादुर बस्नेत

# यो सफल सरकार हो

## सरकारका मन्त्रीहरू आज नै हट्छन् र भोलि नै हट्छन् भनेर कसैले मनको लड्डु खान थाले भने त्यो पनि फेल खान्छ

■ माधवकुमार नेपाल, महासचिव एमाले



**सरकारको कार्यशैलीप्रति** आलोचक रहेका एमालेका महासचिव माधवकुमार नेपालको स्वर पार्टी केन्द्रीय कमिटीको बैठकपछि केही फेरिएको छ। गठबन्धन संस्कृतिका आधारमा सरकार नचलेको गुनासो गरे पनि नेपालले वर्तमान सरकारलाई सफल सरकार भन्न थालेका छन्। यसैगरी एमालेका मन्त्रीबारे पनि उनको धारणा बैठकअघि जस्तो छैन। केन्द्रीय कमिटीको बैठकपछि महासचिव नेपाल 'मन्त्रीहरूले राम्रै काम गरेका' भन्न थालेका छन्।

शान्ति सम्झौताबारे औपचारिक धारणा बनाउन र सार्वजनिक गर्न बोलाइएको केन्द्रीय कमिटीको बैठकले के गर्‍यो र महासचिव नेपालको धारणा फेरियो ? अधिकांश केन्द्रीय सदस्य र पार्टीका तर्फबाट मन्त्री बनेकाहरूले सरकारको आलोचना गर्ने हो भने शान्ति प्रक्रियाको सफलताको जस नेपाली कांग्रेसले लिने उल्लेख गरेपछि एमाले नेतृत्वको सरकारप्रतिको विरोध मत्थर बनेको स्रोत बताउँछ। यद्यपि, अहिले पनि एमालेका केही नेताहरूले सरकारमा पार्टीबाट मन्त्री बनेकाहरूको भूमिका कमजोर देखिएको र उनीहरू असफल बनेको बताइरहेका छन्।

तर, महासचिव नेपाल भने एमालेतर्फबाट मन्त्री बनेकाहरूको भूमिका कमजोर रहेको र उनीहरू असफल बनेको मान्ने हो सरकार सफल बनाउन कांग्रेसको एकलौटी भूमिका रहेको मान्नुपर्ने हुन्छ भन्ने निष्कर्षमा पुगेको स्रोत बताउँछ। त्यसैले नेपालले शान्तिवार्ता सफल बनाउन सरकारी वार्ताटोली सदस्य तथा पर्यटनमन्त्री प्रदीप ज्ञवालीको उल्लेख्य भूमिका रहेको नामै उल्लेख गरेर भनेका छन् (हेर्नौं, अन्तर्वार्ता)। कात्तिक २२ को शीर्ष वार्तापछि एमालेले आफ्ना फरक मत मात्र प्रचार गरेको तथा शान्ति सम्झौताको माओवादी र नेपाली कांग्रेसले जति प्रशंसा नगरेकाले नकारात्मक सन्देश गएको केन्द्रीय कमिटीको बैठकले महसुस गरेको छ, साथै शान्ति वार्ता सफल पार्न आफ्नो पनि महत्त्वपूर्ण भूमिका रहेको प्रचार गर्ने निर्णय गरेको छ।

माओवादीसहितको आगामी शान्तिपूर्ण राजनीतिमा प्रभावशाली बन्न एमालेले साना दलहरूलाई पार्टी एकताको प्रस्ताव फ्याँकेको छ। अहिले नै कुनै पार्टीसँग एकता सम्भव नभए पनि त्यो प्रस्तावले साना वाम पार्टीहरूलाई नजिक ल्याउने विश्वास एमालेको छ र उनीहरूसँग चुनावी मोर्चा बन्नसक्ने उसको विश्लेषण छ। अहिले वाम पार्टीहरूमध्ये अमिक शेरचनको जनमोर्चा माओवादी निकट देखिएको छ भने चित्रबहादुर केसी र परी थापाका जनमोर्चाहरू माओवादीविरुद्ध अर्थात् एमाले निकट छन्। नेपाल मजदुर किसान पार्टीको भने एमाले र माओवादी दुवैसँग निकटता प्रकट भएको छैन। यसैगरी एमालेको प्रस्तावले विष्णुबहादुर मानन्धर र संयुक्त मार्क्सवादीलाई पनि प्रभावित पार्ने सम्भावना छ।

अन्तरिम सरकारमा एमालेले अहिलेकै मन्त्रीहरूलाई निरन्तरता दिन्छ कि फेर्छ ? एमालेमा निकै बलियो रहेका महासचिव नेपालले यसबारे कुनै निर्णय गरेका छैनन्। अन्तरिम सरकारबारे नीतिगत निर्णयपछि मात्र त्यसबारे टुंगो लगाउने उनी बताउँछन्। तर, सरकारमा अर्को टीम

पठाउनुपर्ने आवाज उठाइरहेका नेताहरूलाई भने नेपालले कडा जवाफ दिएका छन्, मनको लड्डु नखाए हुन्छ भनेर । प्रस्तुत छ, नेपालसँग *समय*का सुवास देवकोटाले लिएको अन्तर्वार्ताको सारसंक्षेप ।

**एमाले अन्तरिम सरकारमा जाने टुंगोमा पुगेको हो ?**

हामीले निर्णय नगरेको र भन्दै नभनेको कुराको प्रचार सुनेर हामी छक्क परेका छौं । हामीले त यसबारे कुनै निर्णय भएको छैन मात्र भनेका हौं ।

**प्रधानमन्त्रीबारे** ...?

हो, प्रधानमन्त्री र अन्तरिम सरकारबारे छलफल र निर्णय नभएको नै हामीले बताएका हौं ।

जहाँसम्म अन्तरिम सरकार बनाउनुपर्छ भन्ने कुरा छ, त्यो त हामीले नै सहमति गरेको हो नि । कसैको अन्तरिम सरकारमा हामी सहभागी हुने भन्ने प्रश्नै होइन । कसैले हामीलाई दिने र हामीले लिने कुरै होइन ।

**एमालेको सम्मानजनक सहभागिता नहुने हो भने नजान पनि सकिन्छ भन्नुभएको थियो नि त ?**

सम्मानजनक र अपमानजनक भन्ने प्रश्नै हुँदैन । सबैभन्दा पहिले अन्तरिम सरकार गठनका आधारबारे छलफल हुन्छ । त्यसको संरचना र संचालन विधिबारे राम्ररी छलफल हुनेछ, अहिलेजस्तो गठबन्धन संस्कृतिअनुसार प्रधानमन्त्री नचल्ने स्थिति रहँदैन । त्यसको प्रत्याभूति हुनुपर्छ ।

**प्रधानमन्त्रीलाई अंकुश लगाउने संयन्त्र बनाउनु हुन्छ ?**

मन्त्रालय मन्त्रीले नै चलाउने कि, प्रधानमन्त्रीको भूमिका कति हुने तथा मन्त्रालयहरूमा नियुक्तिको आधार केलाई बनाउने भन्नेबारे विस्तृत छलफल र सहमति हुनुपर्छ ।

**शान्ति प्रक्रियाबारे एमाले खुसी र सन्तुष्ट नभएको देखिएको छ, त्यस्तो हो ?**

हामीलाई त त्यस्तो लागेको छैन । तैपनि, एमालेलाई कतै 'मिनिमाइज' गर्न खोजिएको त होइन भन्ने प्रश्नचाहिँ उठेको छ । शान्ति सम्झौता निर्माणमै सल्लाहको आवश्यकता पर्दथ्यो । तर, शान्ति सम्झौतामा एमालेको योगदान रहेन भन्ने होइन । एमालेका मन्त्री प्रदीप ज्ञवाली दिन–रात खट्नुभएकै हो । एमालेलाई माइनस गर्न कसैले खोजे पनि पार लाग्ने कुरा होइन ।

**मुलुकमा शान्ति प्रक्रिया अघि बढेकोमा एमालेको उत्साह अपेक्षित देखिएन भन्ने भनाइ छ नि ?**

किन छैन ? एमाले अत्यन्तै उत्साहित छ । युद्धको अन्त्यको घोषणा भएको छ र दिगो शान्तिको प्रक्रियामा मुलुक अघि बढेको छ । एमालेका सबै कार्यकर्ताले यसको खुसियाली मनाएका छन् ।

**खुला राजनीतिमा माओवादीको प्रवेशपछि आफ्नो स्थान खतरामा पर्ला भनेर एमाले उत्साहित हुन नसकेको त होइन ?**

युद्धकै बेला एमाले दुःखमा थियो नि । एमालेका डेढ सय कार्यकर्ता मारिए । गाउँगाउँबाट कार्यकर्ता खेदिए । हाम्रा लाखौं समर्थकले कत्रो पीडा पाए । अहिले त सबैभन्दा खुसी एमालेकै कार्यकर्ता भएका छन् । अहिले गाउँगाउँमा हाम्रो संगठनको विस्तार भइरहेको छ । फेरि, एमाले बहुदलीय प्रतिस्पर्धामा विश्वास गर्ने पार्टी हो । माओवादीलाई त शान्तिपूर्ण बाटोमा ल्याउने काम नै हामीले गरेका हौं । सिलिगुडीदेखि लखनउसम्म र रोल्पादेखि दिल्लीसम्म हामी नै गएका होइनौं र ? माओवादी पनि शान्तिपूर्ण बाटोमा आउनु त एमालेको विचारको जित भएको हो नि ।

**माओवादी पनि एमालेकै विचारमा आयो भन्ने तपाईंको भनाइ हो ?**

माओवादी शान्तिपूर्ण राजनीतिमा प्रवेश गर्नु एमालेको निम्ति सबैभन्दा खुसीको कुरा हो ।

**एमालेले बनाउने गणतान्त्रिक मोर्चामा माओवादीलाई पनि ठाउँ छ त ?**

एमालेले केन्द्रीय कमिटीको बाह्रौं बैठकबाटै मोर्चाको आवश्यकता महसुस गरेको हो । तेह्रौं बैठकले त्यो प्रक्रिया तीव्र गतिमा अघि बढाउने आवश्यकता महसुस गर्‍यो । यद्यपि, अझै मोर्चाको विस्तृत अवधारणा तयार गर्न बाँकी छ । छलफलहरू पनि गर्न बाँकी छ । छलफलपछि मात्र को आउँछन् र को आउँदैनन् भन्नेबारे भन्न सकिन्छ ।

**माओवादीले पनि गणतान्त्रिक मोर्चा बनाउने कुरा सार्वजनिक गरेको छ नि ?**

हाम्रो मोर्चामा चाहिँ वामपन्थी, गैरवामपन्थी संगठन र व्यक्ति सबैलाई ढोका खुला छ ।

**एमालेको नेतृत्वमा मोर्चा बनाउने योजना हो ?**

एमालेको नेतृत्व होइन, गणतन्त्रको आवश्यकताबारे सहमत हुने सबैको निर्णयमा मोर्चा बनाउने हो ।


**पार्टी एकताबारे केन्द्रीय कमिटीको पछिल्लो बैठकको निर्णयको उद्देश्यचाहिँ के हो नि ?**

कम्युनिष्ट पार्टीहरूबीच पनि एकताको सम्भावना छ कि भनेर खोजी गर्ने भनिएको हो । मिल्न सकिने शक्तिहरू मिल्नुपर्छ भन्ने हाम्रो मान्यता छ । यसबारे छलफल अघि बढाउँदै छौं ।

**गणतान्त्रिक मोर्चा र पार्टी एकताको कुरा भन्नका लागि भनिएको मात्र त होइन ?**

त्यस्तो होइन । कोसिस गर्ने विचार गरेका हौं । पहिले त्यसबारे नीति बनाउनुपर्छ भनेर यस्तो निर्णय गरेका हौं । नीति भएपछि न पहल सुरु हुने हो । हामी मोर्चा निर्माण र पार्टी एकताका लागि अधिकतम कोसिस गर्ने पक्षमा छौं ।

**शान्ति प्रक्रियामा कमजोरीहरू भए भन्ने तपाईंकै भनाइ बाहिर आएको छ, के कमजोरी भएका हुन् ?**



**माओवादीलाई त शान्तिपूर्ण बाटोमा ल्याउने काम नै हामीले गरेका हौं । सिलिगुडीदेखि लखनउसम्म र रोल्पादेखि दिल्लीसम्म हामी नै गएका होइनौं र ?**

बाहिर आएका छैनन् । शान्ति प्रक्रियाका सकारात्मक कुरा मात्रै बाहिर भनेका छौं । आन्तरिकरुपमा त धेरै छलफल हुन्छन् । मूलरुपमा के भएको छ भन्दा उपलब्धि नै प्राप्त भएको छ । सरकारले ऐतिहासिक महत्त्वको काम सम्पन्न गरेको छ । सरकारमा रहेका हाम्रा मन्त्रीहरूको भूमिका पनि राम्रै रहेको छ । हाम्रा मन्त्रीहरूका केही गल्ती कमजोरी पनि छन् । तर, ती कमजोरी हटाउने तथा उपलब्धिलाई अझ विस्तार गर्ने नै हाम्रो प्रयत्न हुनेछ ।

**वर्तमान सरकारलाई सफल सरकार नै भन्नुहुन्छ ?**

सरकारको मूलभूत काम ठिक छ । हाम्रा मुख्य गुनासो र आलोचना के हो भने, यो सरकारले गठबन्धन संस्कृतिलाई आत्मसात गर्न सकेन । हाम्रो आलोचना सरकारको नेतृत्वप्रति हो । त्यसमा हाम्रो के कमजोरी रहे भन्ने पनि विश्लेषणको विषय बन्छ ।

**एमालेले अन्तरिम सरकारमा मन्त्रीहरूको यही टिम पठाउँछ कि फेर्छ ?**

मैले संसदीय दलको बैठकमा भने पनि, यो सरकारका मन्त्रीहरू आज नै हट्छन् र भोलि नै हट्छन् भनेर कसैले मनको लड्डु खान थाले भने त्यो पनि फेल खान्छ तथा कसैले म नै आजीवन सरकारमा बस्छु भन्ने ठान्छ भने उसले पनि गलत मूल्यांकन गरेको ठहर्छ । हामी अन्तरिम सरकारको प्रक्रियामा प्रवेश गर्न बाँकी छ ।

**अन्तरिम सरकार कस्तो बन्छ भन्ने आधारमा नै मन्त्री कसलाई बनाउने बारे तय हुने हो ?**

सबै पक्ष हेरेर मात्र पार्टी स्थायी समितिले टुंगो लगाउनेछ ।




तेज बस्नेत

# अब अन्तरिम संविधान

सेना र हतियारबारे सरकार, माओवादी र संयुक्त राष्ट्रसंघबीच त्रिपक्षीय सम्झौता भएपछि शान्ति प्रक्रियाले तीव्रता पाएको छ। तर, कार्यान्वयनको चरण बल्ल सुरु भएकाले शान्ति प्रक्रियाका समस्या बाँकी रहेको मान्नेहरू धेरै छन्।

■ सुवास देवकोटा/काठमाडौं





भास्कर ओझा

## माओवादी र सरकारबीच सम्पन्न सम्झौतामा देखिएका सकारात्मक र नकारात्मक पक्षहरू:

### सकारात्मक पक्षहरू

- अठार वर्षभन्दा कमका बालबालिकालाई सैनिकका रुपमा मान्यता नदिइनु। यसबाट प्रभावित बालबालिकाको उद्धार हुनका साथै तिनीहरूको पुनःस्थापनामा पनि सहयोग पुग्छ।
- विस्तृत रुपमा भएको यो समझदारीको सफलतापूर्वक कार्यान्वयन भएमा माओवादीको हतियारबाट सिर्जित त्रासको अन्त्य हुनेछ।
- माओवादीले सुरुमा मुख्य शिविरमा १ सय र अन्य सहायक शिविरमा १५ वटा हतियारको माग गरे पनि अहिले ३० र १५ मा झरेका छन्। यी हतियार पनि संयुक्त राष्ट्रसंघद्वारा दर्ता गरिएर प्रयोग गरिनेछन्।

### नकारात्मक पक्षहरू

- हतियार बोके पनि नबोके पनि माओवादी लडाकुहरूलाई दर्ता गर्ने कुराबाट समग्र माओवादी कार्यकर्ताहरूलाई लडाकुका रुपमा दर्ता गर्न प्रोत्साहित गर्ने देखिन्छ।
- यो सम्झौता लागू गर्नका लागि समयसीमा तोकिएको छैन, जसको अर्थ अन्तरिम सरकार बन्नका लागि अझै केही साता कुर्नु पर्नेछ।

■ अंगराज तिमिल्सिना

**सरकार, माओवादी** र संयुक्त राष्ट्रसंघबीच 'सेना र हतियार व्यवस्थापन तथा अनुगमन गर्ने सम्बन्धमा त्रिपक्षीय सम्झौता' मंसिर १२ गते भएपछि अब सरकार र माओवादी वार्ताटोली अन्तरिम संविधान तयार पार्न लागेका छन्। मंसिर १३ गते नै सरकार र माओवादी वार्ताटोलीबीच अन्तरिम संविधानबारे छलफल सुरु भएको छ। सर्वोच्च अदालतका पूर्वन्यायाधीश लक्ष्मण अर्यालको संयोजकत्वमा बनेको 'अन्तरिम विधान मस्यौदा आयोग'ले निर्णय गर्न नसकेका बुँदाहरूमा वार्ता केन्द्रित रहेको सरकार र माओवादी वार्ताकारहरूले बताएका छन्। दुवै पक्ष कात्तिक २२ गतेको आठ दलका शीर्षस्थ नेताहरूको बैठकले राजनीतिक विषयमा सहमति गरिसकेकाले अन्तरिम संविधानबारे टुंगो लाग्न लामो समय नलाग्ने दाबी गर्छन्। माओवादी वार्ताटोली प्रमुख कृष्णबहादुर महराको भनाइ छ, 'अन्तरिम संविधान जारी हुन कुनै समस्या छैन, १-२ दिनमै हुन्छ।' यसैगरी सरकारी वार्ताटोली सदस्य प्रदीप ज्ञवाली पनि अन्तरिम संविधानबारे ठूलो विवाद नरहेको बताउँछन्।

तर, अन्तरिम संविधान जारी हुने प्रक्रियाबारे भने सरकार र माओवादीबीच विवाद कायमै छ। सेना र हतियारबारे त्रिपक्षीय सम्झौता भए पनि राष्ट्रसंघको टोली नआएसम्म, माओवादी सेना अस्थायी शिविरमा नबसेसम्म तथा हतियारमा ताल्चा नलागेसम्म अन्तरिम संविधान जारी गर्न नहुने सरकारमा रहेका केहीको मत छ भने सरकारकै केही मन्त्री शान्ति सम्झौता र हतियारबारे सम्झौता भइसकेकाले प्राविधिक कारण अन्तरिम संविधान, संसद् र सरकार बनाउन ढिलाइ गर्न नहुने विचार राख्छन्। यसबारे सरकारको औपचारिक एकमत बनिनसकेकाले अन्तरिम संविधान जारी हुने मितिको टुंगो लागेको छैन। तर, माओवादीका नेताहरूले राष्ट्रसंघको प्रक्रियामा हुने ढिलाइका कारण अन्तरिम संविधान, संसद् र

सरकार निर्माण रोक्न नहुने दबाब सरकारलाई दिइरहेका छन्।

अन्तरिम संविधान निर्माणमा राजनीतिक विवाद बाँकी नरहे पनि प्राविधिक लाग्ने विवाद बाँकी नै छन्। स्रोतका अनुसार प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले अन्तरिम संविधानमा पनि राष्ट्रिय जनावर गाई नै राख्नुपर्ने अडान राखेका छन्। जेठ ४ गते प्रतिनिधिसभाको बैठकले मुलुकलाई धर्मनिरपेक्ष राष्ट्र बनाए पनि गाईलाई राष्ट्रिय जनावर नबनाउँदा हिन्दु धार्मिक अतिवादीलाई अशान्ति मचाउने निहुँ प्राप्त हुने भएकाले प्रधानमन्त्री कोइरालाले त्यस्ता अडान राखेको स्रोत बताउँछ। माओवादीले भने राष्ट्रिय जनावरबारे आफ्नो दृष्टिकोण सार्वजनिक गरेको छैन।

### सेना र हतियारबारे सम्झौता

शान्ति प्रक्रियाका लागि सबैभन्दा चुनौती मानिएको सेना र हतियारबारे सरकार, माओवादी र राष्ट्रसंघबीच सम्झौता भएपछि मुलुकको शान्ति प्रक्रियाले अर्को महत्त्वपूर्ण फड्को मारेको छ। सात भागको १२ पेज लामो त्रिपक्षीय सम्झौताले माओवादी सेना र हतियार छुट्याउने विधि टुंगो लगाएको छ भने नेपाली सेनाको हतियार पनि संविधानसभा निर्वाचनमा कसैको पक्ष वा विपक्षमा प्रयोग नहुने सैद्धान्तिक ग्यारेन्टी गरेको छ। तर, माओवादी वार्ताकारहरूको अडानका बाबजुद ५ दिन लामो वार्ताले संविधानसभाको निर्वाचनपछि बन्ने एकीकृत सेना निर्माणको प्रक्रिया टुंगो लगाउन सकेन। यद्यपि, सम्झौतामा त्यसको प्रक्रिया निर्धारण गर्ने जिम्मा अन्तरिम सरकारले निर्माण गर्ने 'विशेष समिति'लाई दिने उल्लेख छ।

सम्झौताले माओवादी सेनाको संरचनालाई मान्यता दिएन, तर माओवादी सेनाको 'डिभिजन' रहने मुख्य शिविरका लागि ३० र 'ब्रिगेड' रहने सहायक शिविरका लागि १५ हतियार सुरक्षामा प्रयोग गर्न पाउने बन्दोबस्त भने गऱ्यो। माओवादी सेनालाई हतियार र गोलीगठ्ठासहित तालिम गर्नमा पनि सम्झौताले बन्देज लगायो भने घरबिदा जाने नाममा संविधानसभामा पार्टीको पक्षमा प्रचार गर्ने सम्भावनालाई पनि शिविरमा रहेकामध्ये १२ प्रतिशतभन्दा धेरैलाई बिदा दिन नमिल्ने उल्लेख गरेर समाप्त पारिदियो। सरकार र माओवादीबीच रहेको हतियार नभएकालाई सेना मान्ने वा नमान्ने विवादमा भने सम्झौताले मौनता साधेर राष्ट्रसंघको जिम्मा छाडिदियो। तर, १८ वर्ष उमेर पुगेका र जेठको शान्ति सम्झौताअघि माओवादी सेनामा भर्ना भएकालाई सेना मान्ने सहमति भएको स्रोत बताउँछ।

### कार्यान्वयनमा समस्या बाँकी

सरकारसँग शान्ति सम्झौतासहित अनेक सहमति भइसक्दा पनि माओवादीबाट अपहरण लगायत घटनाहरू भइरहँदा माओवादीको इमानदारीप्रति प्रश्नचिन्ह उठिरहेका छन्। पूर्वी नेपालको पाँचथरबाट मंसिर २ गते अपहरण गरिएका एक युवकको बन्दुक चलाउने क्रममा इलाममा मृत्यु भएको छ भने भक्तपुरको सानो ठिमी क्याम्पसका स्ववियु सभापतिसहित तीन विद्यार्थीलाई माओवादीले मंसिर १२ गते नै अपहरण गरेका छन्। माओवादीका पछिल्ला गतिविधिलाई संकेत गर्दै दक्षिण एसिया राजनीति मामिलासम्बन्धी अमेरिकी उपमन्त्री निकोलस वर्नसले अमेरिकाको वासिङटनमा सरकारसँग भएको आचारसंहिता पालन गर्न माओवादीलाई आह्वान गरेका छन् भने नेपालस्थित जर्मनीका राजदूत फ्रान्क रिडले पनि सम्झौता पालन गर्न माओवादीलाई आग्रह गरेका छन्।

यता, भारतका नयाँ विदेश सचिव शिवशंकर मेनन नेपाल भ्रमणमा पहिलो पटक आएकै दिन भारतको पश्चिमबंगालमा थुनामा रहेका माओवादी नेताहरू मोहन वैद्य र सिपी गजुरेल विरुद्धको मुद्दा पश्चिमबंगाल सरकारले फिर्ता लिने निर्णय गरेको समाचार प्रकाशमा आएको छ। वैद्य र गजुरेल 'भारतविरुद्ध युद्ध संचालन गरेको' लगायत राजनीतिक अभियोगमा पश्चिमबंगालमा जेल सजाय खेप्दै छन्। गत साता भारत भ्रमणको क्रममा प्रचण्डबाट भारतप्रति सकारात्मक विचार प्रकट भएपछि वैद्य र गजुरेल रिहा हुने विश्वास गरिएको थियो। यसैबीच माओवादी सेनाका हतियार थन्क्याइने ७० कन्टेनर आगामी साता भारतबाट आइपुग्ने स्रोत बताउँछ। ■

## बालुवाटारको ऐतिहासिक रात

**मंसिर २२ गते** बालुवाटारमा भएको आठ दलका शीर्षस्थ नेताहरूको वार्ता नयाँ नेपाल निर्माणका निम्ति चलिरहेको थियो। तर, वार्तामा आठ दलका शीर्षस्थ नेता र पर्यवेक्षकहरूसँगै अमेरिकी राजदूत मोरियार्टी पनि अप्रत्यक्षरुपमा उपस्थित भएको महसुस हुन्थ्यो। हरेक विषय र निर्णयमा पुग्नुअघि नेताहरू टेलिफोन समाउन गएको देखिनुले त्यस्तो महसुस भएको थियो।

आमन्त्रित पर्यवक्षेक र साना वाम पार्टीहरू वार्तामा टुहुरा जस्ता देखिएका थिए, अस्तित्व नभए जस्तै। एकजना पर्यवक्षेक भन्दै थिए, 'हामीसँग त माओवादी बाहेक अरू कसैले सल्लाह पनि लिँदैनन्।' वार्ता लम्बिँदै जादा सबैजना निद्रादेवीको काखमा पुग्न लागेका बेला अस्वस्थ र वृद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला व्यूँझिन लाग्दै थिए। यता वार्ता हलको स्थिति रमाइलो थियो। सिंगो मुलुकको ध्यान त्यसदिन बालुवाटारमा केन्द्रित थियो, तर नेताहरू गम्भीर भएको देखिँदैनथ्यो। कहाँसम्म भने वार्ताको आयोजक को हो भन्ने पनि निश्चित देखिन्नथ्यो। वार्ता हलको अव्यवस्थाले एकजना एमाले नेतालाई साह्रै नै रिस उठेछ, गृहमन्त्री कृष्णप्रसाद सिटौलालाई थर्काउन थाले, 'सिटौलाजी न वार्ता सुरु हुने छाँट देखिन्छ, वार्ता कोसित गर्ने हो, त्यो पनि पत्तो छैन, न चियापानको व्यवस्था छ। को हो यो वार्ताको आयोजक ?' गृहमन्त्रीले भने सहजपारामा जवाफ फर्काए, 'कांग्रेसको सबभन्दा राम्रो व्यवस्थापन नै यही हो'।

यी सबै घटनाक्रमबाट वाक्क लागेर होला, माओवादी अध्यक्ष प्रचण्ड पत्रिकामा डुबुल्की मार्न थाले। उपप्रधानमन्त्री अमिक शेरचन टोपीले मुख ढाकी लम्पसार सुते। डा. देवेन्द्रराज पाण्डेले मन्दगतिको वार्ता प्रक्रियाप्रति व्यंग्यात्मक कविता सुनाए। लक्ष्मण अर्यालचाहिँ लामो योगमा डुबे। जनमोर्चाका लीलामणि पोखरेल वार्तास्थलबाट एफएमहरूलाई प्रत्यक्ष टेलिफोन अन्तर्वार्ता दिन थाले। एमाले महासचिव माधवकुमार नेपाल सहकर्मी ईश्वर पोखरेललाई वार्ता सुरु हुन लागेपछि खबर गर्नु भन्दै बालुवाटारबाटै बाहिरिए। माओवादी नेता बादल कफी अर्डर गर्दै थिए। तर, अर्डर गरेको एक घन्टापछि मात्र कफी आउँथ्यो। माओवादी प्रवक्ता कृष्णबहादुर महरा कोठाहरू चहारिरहेका थिए। नेताहरूको नियास्रो मेट्न माओवादी नेता अनन्तले फ्रुटी मगाए।



वार्ता हलको स्थिति यस्तो थियो, तर पत्रकारहरू 'वार्ता कहाँ पुग्यो' भनेर फोन गरिरहेका थिए। भित्रको सबै स्थिति भन्न पनि सकिन्नथ्यो। म पत्रकारहरूलाई वार्ता जारी छ, छिट्टै औपचारिक वार्ता सुरु हुन्छ भन्ने गर्दथेँ।

त्यसबेला साँच्चै वार्तामा माओवादी नेता डा. बाबुराम भट्टराई र गृहमन्त्री कृष्णप्रसाद सिटौला मात्र थिए। उनीहरूबीच शब्द-शब्दमा वादविवाद भइरहेको थियो। वार्ताको लामो झन्झटका कारण गृहमन्त्री सिटौलाले पुर्पुरोमा हात राखेको पनि देखियो। गृहमन्त्रीले बाबुरामलाई कानमा खुसुक्क भनेको पछि थाहा पाइयो, 'आज हस्ताक्षर हुन सकेन भने यो वार्ता विफल हुने सम्भावना छ।'

वार्ता हलको स्थिति देखेपछि मैले बाबुरामलाई त्यसै बेला भनेँ, 'मैले सोचेको थिए शिखर वार्ता-बैठकमा चर्काचर्की बहस होला, तर यहाँ त विचित्र पो छ।' बाबुरामले हाँस्दै भने, 'तपाईंले नेपाली इतिहास र राजनीतिलाई नजिकबाट नियाल्ने मौका पाउनुभयो।"

करिब साढे ११ बजे वृद्ध प्रधानमन्त्री कोइराला तल ओर्लिएपछि सबै नेताहरूको प्रतीक्षाको घडी सकियो। त्यसपछि सबैको अनुहार चम्कियो। केही बेरमै त्यहाँ आठ दलका सबै नेता जम्मा भए। अनि गृहमन्त्री सिटौलाले सहमति पत्र वाचन गरे। केही बेर छलफलपछि आठै दलका शीर्षस्थ नेताहरूले त्यो सहमतिपत्रमा राति १२:३० हस्ताक्षर गरे। ऐतिहासिक सहमति असफल पार्न प्रयत्न गर्नेहरूलाई सम्झँदै मेरो मनमा नारायणगोपालको एउटा गीत आयो, 'मुटुमाथि ढुंगा राखी हाँस्नुपऱ्या छ।'

■ **विश्वदीप पाण्डे**

*(पाण्डे माओवादी नेता डा. बाबुराम भट्टराईका सहायक हुन्।)*



सामान्य प्रशासनमन्त्री, मुख्य सचिव र सामान्य प्रशासन सचिवसँग निजामति सेवा संशोधन विधेयकका बारे जानकारी लिँदै राज्य व्यवस्था समिति

तस्बीरहरू : तेजबहादुर बस्नेत

# चटारो प्रतिनिधिसभाको

■ किरण भण्डारी/काठमाडौं

**माओवादी सहितको अन्तरिम विधायिका गठन भएपछि संसदिय अभ्यास अहिले भन्दा कठोर हुने ठानेर प्रतिनिधि सभा यथाशिघ्र विधेयक पारित गर्ने कार्यमा युद्बस्तरमा जुटिरहेको छ। अर्कोतिर सरकार र सार्वजनिक संस्थानमा सुशासन कायम गराउन समेत संसदले आफ्नो प्रयास जारी राखेको छ।**

**बृहत् शान्ति सम्झौता,** दुवैतर्फका सेना र हतियार व्यवस्थापनबारे सरकार, माओवादी र संयुक्त राष्ट्रसंघबीच सम्पन्न त्रिपक्षीय सम्झौताले प्रतिनिधिसभा माओवादीसहितको अन्तरिम विधायिकाबाट प्रतिस्थापित हुने तिथि नजिकिँदै जाँदा संसद्ले आफ्नो सक्रियता ह्वात्तै बढाएको छ।

जनआन्दोलन-२ को सफलतापश्चात् पुनःस्थापित प्रतिनिधिसभाको अधिवेशनमा सुरुको ६ महिनाभन्दा पछिल्लो १ महिना सांसद र संसदीय समितिहरूको कार्यबोझ अधिक देखिन्छ। राष्ट्रसंघको प्रशासनिक प्रक्रिया पूरा गरी मंसिरको तेस्रो साताभित्र जनसेना शिविरमा सीमित हुने र माओवादीसहितको अन्तरिम संसद् गठन हुने निश्चित भए पनि मंसिर महिनामा प्रतिनिधिसभाका प्रत्येक बैठकमा विधेयक प्रस्तुत भइरहेका छन्।

मंसिर १३ गते त्रिपक्षीय सम्झौताको प्रतिनिधिसभामा टेबुल गर्ने क्रममा गृहमन्त्री कृष्णप्रसाद सिटौलाले 'अब अन्तरिम संविधानको मस्यौदामाथि छलफलको चरणमा प्रवेश गरेका छौं' भनी उद्घोष गरेपछि सांसद र संसदीय समितिहरूको व्यस्तता झनै बढेको छ।

प्रतिनिधिसभामा विचाराधीन एक दर्जन विधेयकलाई यथासम्भव यसै अधिवेशनबाट पारित गराएर ऐनको रुप दिने सरकार र संसद्को योजना रहेकाले पछिल्ला दिनमा चापाचाप देखिएको हो। संविधानसभासम्म पुग्ने प्रस्थानविन्दुको रुपमा जनआन्दोलनले प्रतिनिधिसभा पुनःस्थापित गरेको भए पनि चालू अधिवेशनबाट ३१ वटा विधेयक पारित भइसकेका छन्। तीमध्ये २५ वटामा सभामुखबाट प्रमाणीकरण समेत भइसकेको छ भने आधा दर्जन विधेयक प्रमाणीकरणको तयारीका क्रममा छन्।

सभामुख, विभिन्न पार्टीका संसदीय दलका सचेतक र मन्त्रीहरूबीच संसद् प्रवेश गरेका विधेयकलाई सकभर यसै अधिवेशनबाट पारित गरेर विभिन्न निकायलाई काम सुचारु गर्न सहज तुल्याइदिने अनौपचारिक सहमति भएअनुसार संसदीय गतिविधिले तीव्रता पाएको बताइएको छ।

'दर्ता भएकामध्ये सकेसम्म सबै विधेयक टुंग्याउने प्रयत्न गरिरहेका छौं', एमालेका प्रमुख सचेतक महेन्द्र पाण्डेले *समय*सित भने।

अघिल्लो ६ महिनामा पारित अधिकांश विधेयक नियमित खालका हुन् तर अहिले छलफलका क्रममा

## पुनःस्थापित प्रतिनिधिसभामा प्रस्तुत भएका विधेयकको स्थिति

### प्रमाणीकरण भइसकेका

लुम्बिनी बौद्ध विश्वविद्यालय विधेयक, २०६३
आर्थिक विधेयक, २०६३
विनियोजन विधेयक, २०६३
पेस्की खर्च विधेयक, २०६३
राष्ट्र ऋण उठाउने विधेयक, २०६३
ऋण तथा जमानत (पन्ध्रौं संशोधन) विधेयक, २०६३
केही नेपाल कानुन संशोधन गर्ने विधेयक, २०६३
केही नेपाल ऐनको व्यवस्था जगाउने विधेयक, २०६३
बैंक तथा वित्तीय संस्थासम्बन्धी विधेयक, २०६३
मालसामानको बहुविधिक ढुवानी विधेयक, २०६३
गरिबी निवारण कोष विधेयक, २०६३
कम्पनी विधेयक, २०६३
निकासी, पैठारी तथा बौद्धिक सम्पत्तिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०६३
सैनिक विधेयक, २०६३
केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) विधेयक, २०६३
नेपल राष्ट्र बैंक (पहिलो संशोधन) विधेयक, २०६३
दामासाहीसम्बन्धी विधेयक, २०६३
सुरक्षित कारोवार विधेयक, २०६३
राष्ट्रिय न्यायिक प्रतिष्ठान विधेयक, २०६३
बैंक तथा वित्तीय संस्थाको ऋण असुली (पहिलो संशोधन) विधेयक, २०६३
लैंगिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०६३
नोटरी पब्लिकसम्बन्धी विधेयक, २०६३
ज्येष्ठ नागरिकसम्बन्धी विधेयक, २०६३
खानेपानी व्यवस्थापन बोर्ड विधेयक, २०६३
नेपाल नागरिकता विधेयक, २०६३

### प्रमाणीकरणप्रति तयारीको क्रममा रहेका

विद्युतीय (इलेक्ट्रोनिक) कारोवार विधेयक, २०६३
पूर्वाधार संरचनाको निर्माण तथा संचालनमा निजी लगानीसम्बन्धी विधेयक, २०६३
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान विधेयक, २०६३
नेपाल स्वास्थ्य सेवा (तेस्रो संशोधन) विधेयक, २०६३
प्रतिस्पर्धा प्रवर्धन तथा बजार संरक्षण विधेयक, २०६३
शिक्षा तथा खेलकुदसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०६३

### सम्बन्धित समितिमा विचाराधीन रहेका

सुशासन (व्यवस्थापन तथा सञ्चालन) विधेयक, २०६३
गैर-आवासीय नेपालीसम्बन्धी विधेयक, २०६३
धितोपत्रसम्बन्धी विधेयक, २०६३
कारागार (दोस्रो संशोधन) विधेयक, २०६३
निजामती सेवा (दोस्रो संशोधन) विधेयक, २०६३
सार्वजनिक खरिद विधेयक, २०६३
खानेपानी महसुल निर्धारण आयोग विधेयक, २०६३
नेपाल खानेपानी संस्थान (तेस्रो संशोधन) विधेयक, २०६३
विपी कोइराला मेमोरियल क्यान्सर अस्पताल (पहिलो संशोधन) विधेयक, २०६३
वैदेशिक रोजगार विधेयक, २०६३
निवृत्तिभरण कोष विधेयक, २०६३
पेट्रोलियम पदार्थको कारोवारसम्बन्धी विधेयक, २०६३

रहेका अधिकांश आम चासोवाला र क्लिष्ट हुनुले पनि उत्तरार्धमा रहेको प्रतिनिधिसभा व्यस्त बनेको हो ।

माओवादीसहितको अन्तरिम संसद्मा ऐन नियम तर्जुमामा सहमति जुटाउन कठिन हुने अनुमान र कतिपय निकाय अहिले नै कानुनविहीन बनेको अवस्थालाई मद्देनजर गरी यसै अधिवेशनबाट सबै विधेयक पारित गर्न हतारिनु परेको जिम्मेवार निकायका अधिकारीहरूले बताएका छन् ।

सांसद र मन्त्रिपरिषद्का सदस्यहरू अनौपचारिक कुराकानीका क्रममा माओवादीले संसदीय अभ्यासमा अनावश्यक अड्को थाप्ने भयले पनि अहिले रातदिन खटेरै भए पनि विधेयक पारित गर्न लागी परेको बताउँछन् ।

'माओवादीबाट २०-२५ वर्षका केटाकेटी पनि संसद्मा पठाउने तयारी भइरहेको छ । तिनीहरूलाई कुरा बुझाउन नसकिएला र विधेयक पारित हुन ढिलाइ भई राज्यका विभिन्न निकायमा अप्ठेरो पर्ला भन्ने डरले पनि हामी अहिले नै कसिएका हौं', नेपाली कांग्रेसका एक सांसदले नाम उल्लेख नगर्ने सर्तमा भने ।

मेलम्ची आयोजना सुचारु गर्न आवश्यक दुईवटा विधेयक पनि प्रतिनिधिसभामा विचाराधीन छन् । यसलाई यथाशीघ्र पारित गराउन आयोजनाको मुख्य दाता एसियाली विकास बैंकले दिनहुँ भौतिक योजना तथा निर्माणमन्त्री गोपालमान श्रेष्ठलाई ताकेता लगाइरहेको छ । 'खानेपानीसम्बन्धी दुईवटा विधेयक जतिसक्दो चाँडो पारित गराउनुपर्ने भएको छ', मन्त्री श्रेष्ठले भने, 'मेलम्ची सुचारु गर्न त्यो गरिहाल्नु भनी एसियाली विकास बैंकका नेपाल प्रमुख स्वयंले नै धेरैपटक चासो देखाइसकेका छन् ।'

खानेपानी महसुल निर्धारण आयोग विधेयक र नेपाल खानेपानी संस्थान (तेस्रो संशोधन) विधेयक मेलम्चीसँग सम्बन्धित हुन् । सुशासन (व्यवस्थापन तथा संचालन) विधेयक पनि यथाशीघ्र पारित गर्न दाताहरूले सरकारलाई दबाब दिइरहेका छन् ।

संसदीय समितिहरूमध्ये अहिले राज्य व्यवस्था समिति सबैभन्दा व्यस्त देखिन्छ । चालू अधिवेशनमा सैनिक, केही सार्वजनिक लिखित प्रमाणीकरण, नागरिकता जस्ता चर्चित विधेयकमा सहमति कायम गरी पारित गराउन महत्त्वपूर्ण भूमिका खेलेको उक्त समितिमा निजामती (दोस्रो संशोधन) विधेयकमाथि मंसिर १२ गतेदेखि छलफल प्रारम्भ भएको छ ।

कर्मचारी र राजनीतिक वृत्तको चासोको विषय भएकाले समितिको बैठक दिनहुँ दुई चरणमा बसिरहेको छ । सामान्य प्रशासनमन्त्री धर्मनाथ साह, मुख्य सचिव भोजराज घिमिरे र सामान्य प्रशासन सचिव युवराज पाण्डेसँग विधेयकको औचित्य र आवश्यकताबारे जानकारी लिएर समितिको बैठक प्रारम्भ भएको थियो ।

सरकारले प्रवाह गर्ने सेवा सुविधाको गुणस्तरसँग प्रत्यक्ष-परोक्ष रुपमा सम्बन्धित निजामती प्रशासन संचालनको प्रस्तावित मूल कानुनबारे समितिले सरकारका सबै सचिव, प्रशासन विज्ञहरू र लोकसेवा आयोगसँग समेत अलग अलग बैठक गरेको छ ।

निजामती सेवाको उद्देश्य तथा विधेयकको औचित्यबारे सैद्धान्तिक पक्ष र प्रस्तावित प्रावधानबारे विज्ञ र सरोकारवालाहरूबीचको छलफलको क्रममा विभिन्न राय प्रस्तुत भएको छ । विशिष्ट श्रेणीका

अधिकारी र लोकसेवा आयोग पदाधिकारीले विधेयकका दफाबारे प्राविधिक पक्षमा धारणा केन्द्रित गरेका छन् ।

केही विज्ञहरूले मुलुक संक्रमणकालमा रहेको र राज्यको भावी स्वरुप यकिन नभइसकेको अवस्थामा ऐन संशोधनको औचित्य नरहेको बताएका छन् । 'संविधानले मुलुकको ढाँचा कोर्दै छ । राज्यको स्वरुप अहिले जस्तो नभई व्यापक परिवर्तन हुने निश्चित छ', प्रशासनविद् डा. द्वारिकानाथ ढुंगेलको धारणा छ, 'भविष्यको अन्योल भइरहेका बेला ऐन तर्जुमा गर्नुको कुनै अर्थ छैन ।'

सामान्य प्रशासन मन्त्रालयले भने साविकको निजामती सेवा अध्यादेशको अवधि असार १६ गते समाप्त भई निजामती सेवामा कायम रिक्तताको पूर्ति गर्न विधेयक पारित हुन अपरिहार्य भएको धारणा समितिसमक्ष राखेको छ ।

शासकीय सुधार कार्यक्रम कार्यान्वयनमा दाताहरूसँग व्यक्त प्रतिबद्धता कानुनमा समायोजन गरी कार्यक्रमलाई निरन्तरता दिन, लोकतन्त्रको सिद्धान्त र मर्मअनुकूल निजामती सेवालाई जनमुखी, व्यवसायिक र समावेशी बनाउन पनि संशोधन आवश्यक भएको उसको जिकिर छ ।

निजामती ऐनमा विद्यमान रिक्तताका कारण पियनदेखि सचिवसम्मको पदपूर्ति र बढुवा ठप्प भएको छ । विभिन्न मन्त्रालय र निकायका सचिव र क्षेत्रीय प्रशासक गरी १४ विशिष्ट श्रेणीको पदमा समेत बढुवा गर्न बाधा पुगेकाले स्थायी सरकारको नेतृत्व कायम मुकायमबाट भइरहेको छ ।

उक्त विधेयकको अपरिहार्यता मनन गरी समितिको छलफलमा सभामुख सुवासचन्द्र नेम्वाङ स्वयं उपस्थित भइरहेका छन् ।

'निजामती ऐन यसै अधिवेशनबाट निष्कर्षमा पुग्ने विश्वास व्यक्त गर्छु', छलफलको सुरुवात गर्दै सभामुख नेम्वाङले भने, 'जनआन्दोलनका क्रममा हामीले कर्मचारी क्षेत्रलाई गरेको वाचा पनि पूरा गर्नु छ ।'

सरोकारवाला र विज्ञहरूको समूहसँग समितिले गरेको विभिन्न छलफलका क्रममा निजामती प्रशासन संचालनमा लोकसेवा आयोगको भूमिका सीमान्तकृत गरिएको, सुविधाभोगी वर्ग फेरि पुरस्कृत हुने व्यवस्था राखिएको, प्रशासन सेवालाई 'डम्पिङ साइट' बनाउन खोजिएको, उपल्लो ओहदाका केही अधिकारीप्रति विशेष निगाह दर्शाइएको, कार्यसम्पादन मूल्यांकन प्रणालीलाई फेरि पनि वैज्ञानिक तुल्याउन नखोजिएको, ट्रेड युनियन अधिकारका नाममा कर्मचारीतन्त्रमा राजनीतिकरण खतरा निम्तिएको जस्ता आरोप लागेको छ ।

विधेयकको सबैभन्दा चर्चित १६ र २० वर्षे र बढुवा प्रस्तवबारे सरकारका सचिवहरू कर्मचारी संगठन-युनियनको धारणाप्रति सकारात्मक रुपमा प्रस्तुत भए भने विज्ञहरूले यसको कडा आलोचना गरेका छन् । स्वतः बढुवाले योग्यता प्रणालीलाई ध्वस्त बनाउने र त्यसको प्रत्यक्ष असर सेवा प्रवाहमा पर्ने हुँदा यस्ता प्रावधान कुनै हालतमा राख्न नहुने धारणा पूर्वसचिव श्रीकान्त रेग्मी सहितले समितिसमक्ष व्यक्त गरेका छन् । 'स्वतः बढुवाले योग्यता प्रणालीलाई झनै धराशायी नै बनाउँछ', रेग्मीको कथन छ, 'बढुवाको अवसर सबै कर्मचारीको अधिकार हो, तर बढुवाको ग्यारेन्टी होइन भन्ने मान्यतालाई नीति निर्माताहरूले बुझ्नु जरुरी छ ।' दीर्घकालसम्म विद्यमान रहने ऐन नियम तर्जुमा गर्दा भीडबाट मात्र निर्देशित हुन नहुने धारणा रेग्मीले व्यक्त गरेका छन् ।



भीडबाट त्रसित भएर हामीले गल्ती गरेका छौं– टीकादत्त निरौला, जलस्रोत सचिव

विधेयकमा प्रस्ताव गरिएको पदोन्नतिसम्बन्धी प्रस्तावलाई बोलीचालीमा 'स्वतः बढुवा' भनिए पनि त्यो सत्य नभएको र यसले योग्यताको माग गर्ने धारणा सरकारले राखेको छ । माथिल्लो पदको योग्यता पुगेकाले १६ वर्ष र हाल कार्यरत पदमा योग्यता पुगेकाले २० वर्ष एकै पदमा काम गरेपछि बढुवा पाउने र त्यसमा अन्य अंकुश पनि राखिएकाले स्वतः भन्न नमिल्ने जिकिर गरिएको छ । योग्यताका साथै पछिल्लो ५ वर्षको कार्यसम्पादनमा ९५ प्रतिशतभन्दा अधिक अंक आवश्यक भएकाले पनि यसलाई स्वतः बढुवा भन्नु हचुवा टिप्पणी हुने धारणा मुख्य सचिव भोजराज घिमिरेको छ ।

ऐन तर्जुमा मात्र हैन, सुशासनसँग जोडिएका विभिन्न सवालमा पनि संसदीय समितिहरूको चटारो उत्तिकै छ । बैंकले प्रवाह गरेको कर्जाको मुद्दामा सार्वजनिक लेखा समिति र राजाको जग्गा जमिनको खोजबिनमा प्राकृतिक स्रोत साधन समितिले यस अधिवेशनमा सबैको ध्यान खिच्न सफल भए ।

निजामती र सुशासन (व्यवस्थापन तथा संचालन) विधेयक यसै अधिवेशनबाट पारित गराउन कस्सिएको राज्य व्यवस्था समितिले केही सार्वजनिक संस्थानमा कर्मचारी नियुक्तिमा धाँधली र भेदभावपूर्ण व्यवहार भयो भनी छानबिन सुरु गरेको छ ।

यसै क्रममा विद्युत् प्राधिकरण र नेपाल टेलिकमका संचालक समिति तथा कार्यकारी प्रमुखहरूसँग समितिले ११ मंसिरमा छलफल गरेको छ । जलस्रोतमन्त्री एवं प्राधिकरणका अध्यक्ष ज्ञानेन्द्रबहादुर कार्की, सचिव एवं सह-अध्यक्ष टीकादत्त निरौला तथा प्राधिकरणका कार्यकारी निर्देशक अर्जुन कार्कीसँग समितिले सोधपुछ गरेको छ ।

१ देखि ३ तहका करिब ९ सय कर्मचारी पदपूर्ति गर्ने क्रममा प्रकाशित विज्ञापनमा परीक्षा मिति नराखेको, विनियमावली परिवर्तन गरी मौखिक परीक्षाबाट मात्र नियुक्ति गर्न सकिने व्यवस्था, अस्थायी, करार, ज्यालादारीमा कार्यरतलाई स्थायी गर्न प्रक्रिया पुऱ्याउन खोजिएको हो-होइन भन्नेबारेमा समिति सदस्यहरूले प्राधिकरणका अधिकारीहरूसँग जानकारी माग गरेका थिए ।

समितिसमक्ष कार्कीद्वय र निरौलाले भिन्न धारणा राखेका छन् । कार्कीद्वयले प्राधिकरणको क्रियाकलापको बचाउ गरे भने निरौलाले समितिसमक्ष भिन्न र कडा धारणा व्यक्त गरे ।

'प्राधिकरणमा १२-१५ वर्षदेखिका अस्थायी र ज्यालादारी कर्मचारी छन्', समितिसमक्ष जवाफ दिँदै राज्यमन्त्री कार्कीले भने, 'तिनलाई स्थायी गर्न विज्ञापन गरिएको हो ।' तर प्राधिकरणकै कर्मचारीलाई स्थायी गर्न विज्ञापन खोलिएको भए हजारौं जनतालाई किन दुःख दिइयो ? बेरोजगारीले पीडित व्यक्तिसँग परीक्षा शुल्क संकलन गरेर पुरानालाई मात्र जागिर दिनु कहाँसम्म न्यायपूर्ण हुन्छ ? भन्ने प्रश्न अहिले पनि निरुत्तरित नै छ ।

प्राधिकरणको जागिर खाने आशामा आवेदन दिएका ७० हजारलाई पन्छाएर संचालक समितिले केहीलाई छानेर टीका लगाइदिने नियतप्रति समितिको ध्यानाकृष्ट भएको छ । ती आवेदकबाट परीक्षा दस्तुरबापतको रकम जोड्ने हो भने एक करोडभन्दा बढी उठेको छ ।

प्राधिकरणले तीन तहका परीक्षार्थीसँग दुई सय, दुई तहको १ सय ५० र एक तहमा आवेदन दिनेबाट एक सयका दरले परीक्षा शुल्क असुलेको छ । प्राधिकरणले गत कात्तिक ११ मा तीन तहसम्मका नौ सय कर्मचारी नियुक्तिका लागि सरकारी संचारमाध्यममा विज्ञापन प्रकाशित गरेको थियो ।

प्राधिकरणमै कार्यरतलाई भर्ना गर्न खुला प्रतिस्पर्धाको तामझामले बेरोजगारको विवशतामा खेलवाड मात्र हुने हैन, आर्थिक हिसाबले पनि

बोझिलो हुने देखिन्छ । महाप्रबन्धक कार्कीका अनुसार यी सबै व्यक्तिको परीक्षा संचालनमा परीक्षा दस्तुर आम्दानीबाहेक प्राधिकरणको ४ करोड खर्च हुन्छ ।

जलस्रोत सचिव निरौलाले आफूसहितको प्राधिकरणको बोर्डले भीडबाट त्रसित भएर गल्ती गरेको समितिलाई जानकारी गराएका छन् । विज्ञापनमा अन्तर्वार्ता मिति समेत नतोकिनु, लिखित, प्रयोगात्मक र अन्तर्वार्ता लगायतका प्रक्रिया पूरा गरेर जागिर खान पाउने नियम संशोधन गरी अन्तर्वार्ताको मात्र छोटकरी बाटो खेलिदिनुले बोर्ड भीडबाट निर्देशित भएको प्रस्ट देखिन्छ ।

सचिव निरौलाले बोर्डले गल्ती गरेको स्विकार्दै ७० हजार बेरोजगारको भीडलाई आशा देखाएर प्राधिकरणका अस्थायी कर्मचारीलाई मात्र प्रतिस्पर्धा गराई जागिर दिनु न्यायोचित नहुने बताएका छन् । 'यो स्वच्छ प्रतिस्पर्धाबाट कर्मचारी नियुक्ति गर्न खोजिएको होइन', निरौलाले भने, 'जनआन्दोलनको सफलतापछि भीडले नै समाज डोऱ्याइरहेकाले यस्तो गल्ती भएको हो ।'

समितिमै सोही दिन नेपाल टेलिकमको विषयमा पनि छलफल भएको थियो । पाँचौं र छैटौं तह गरी १ सय २० पदको आवेदन माग्दा परीक्षा मिति नखुलाएको र पदपूर्तिमा धाँधली हुन लागेको उजुरीबारे समितिले जानकारी माग्दा अधिकारीहरूले ठाडै अस्वीकार गरेका छन् ।

टेलिकमका महाप्रबन्धक सुगतरत्न कंसाकारले निष्पक्षताको ग्यारेन्टी गर्दै समितिसमक्ष भने, 'कुर्सी नै हल्ले पनि म दबाबबाट काम गर्दिनँ ।' संचार मन्त्रालय सम्बद्ध नेपाल टेलिभिजनको पनि नियुक्ति र पदपूर्ति प्रक्रिया विवादमा फसेको छ ।

जनआन्दोलन जारी रहेको वैशाख ७ गते विभिन्न ४१ पदको लागि खुलेको विज्ञापनअनुसार परीक्षा संचालन गर्न नहुने र पुनः विज्ञापन प्रकाशन गर्न अध्यक्ष बेञ्जु शर्मामाथि दबाब परिरहेको छ । तर महाप्रबन्धक मदनकुमार शर्मा शाहीकालमै विज्ञापन भए पनि लोकतन्त्र बहाली भएको एक महिनासम्म फर्म भर्ने अवसर रहेकाले रद्द गर्न नहुने पक्षमा भएको बुझिएको छ । केही सदस्यहरू पुरानो निवेदनलाई समेत मान्यता दिई पुनः विज्ञापन गर्न लगाई आफ्ना भित्रियालाई घुसाउने योजनाअनुसार टेलिभिजनमा लागी परिरहेका छन् । वैशाखको ४१ र अहिले विज्ञापन भइरहेको १९ समेत ६० पदपूर्तिको लागि स्वस्थ प्रतिस्पर्धाभन्दा पनि सत्ताभित्र घम्साघम्सी हुने देखिसकेको छ ।

सार्वजनिक संस्थानहरूले विभिन्न पदपूर्तिका लागि विज्ञापन गर्ने र सुरुमै परीक्षा मिति नतोकी केही वर्षमा अनुकूल वातावरण बनेपछि परीक्षा लिएर आफूखुसी नतिजा प्रकाशन गर्ने परिपाटीप्रति राज्य व्यवस्था समिति गम्भीर भएको छ ।

निजामती कर्मचारी पूर्ति गर्ने लोकसेवा आयोग भने जस्तै सार्वजनिक सेवा आयोग गठन गर्न सकेमात्र व्यवसायिकताको विकास गर्न सकिने हुँदा त्यसको अपरिहार्यता देखिएको संचार सचिव शंकर कोइरालाले दोहोऱ्याएका छन् ।

राज्य व्यवस्था समितिले ५ वर्षअघि नै संस्थान सेवा आयोग बनाउन सरकारलाई सुझाव दिएको थियो, जुन अझै कार्यान्वयनमा आएको छैन । संस्थान सुधार आयोगले पनि २०५८ सालमा त्यस्तो आयोग गठनसम्बन्धी सुझाव दिएको थियो । ■



नागरिकता विधेयक पारित भएपछि आमाको नामबाट समेत नागरिकता पाउने बाटो खुलेको छ

## नागरिकता धमाधम

**चालू अधिवेशनले** पारित गरी बनेको नागरिकता ऐनको पक्ष-विपक्षमा विभिन्न टीका टिप्पणी भइरहे पनि गृह मन्त्रालय यसको कार्यान्वयनको अन्तिम चरणमा छ । जेठभित्र संविधानसभा सम्पन्न गर्ने र त्यसअघि नागरिकता वितरण टुंग्याइसक्नुपर्ने हुँदा पनि मन्त्रालय तयारी अवस्थामा बसेको छ ।

'नागरिकता नियमावली अन्तिम चरणमा पुगेको छ', गृहसचिव उमेश मैनालीले भने, 'नागरिकता वितरणका लागि हामी युद्धस्तरमा लागिरहेका छौं ।' नियमावली, निसाना छाप, आमाको नामसहितको कार्ड छापिएर आइसकेपछि टोलीहरू परिचालित हुने उनले जानकारी गराए ।

गृहले तयार गरेको तालिकाअनुसार माघ-फागुनमा ७५ जिल्लाको गाउँ-गाउँमा नागरिकता टोली पुग्नेछन् । मन्त्रिपरिषद्ले क्षेत्रीय प्रशासक-प्रमुख जिल्ला अधिकारी, प्रमुख जिल्ला अधिकारीले टोली नेता अधिकृत कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेपछि व्यवहारमा नै वितरण सुरु हुन्छ ।

गृहले झन्डै २० लाख व्यक्तिलाई नागरिकता वितरण गर्नुपर्ने प्रारम्भिक अनुमान गरेको छ । गाविस सचिवहरूको अनुपस्थितिले मतदाता नामावली संकलनमा जस्तै नागरिकता वितरणमा पनि असर पर्ने निश्चित छ । मधेसको राजनीतिको सदावहार नारा बनेको नागरिकता समस्यालाई गम्भीरतापूर्वक सम्बोधन गरी तराईवासीको समेत सहयोगमा वास्तविक समस्या समाधान गर्न सके मुलुकका लागि हितकर हुने धेरैको धारणा छ ।


MOBILE REPAIR CENTER

All Kinds of Mobile Phone Unlock and Repair




SAGEM - All Models
SONY ERICSSON - All Models
MOTOROLA - All Models
PANASONIC - All Models
SIEMENS - All Models
SHARP - All Models
LG - All Models




BENQ - All Models
SAMSUNG - All Models
SANYO, 02 - TOSHIBA & NOKIA

१. हाम्रा ग्राहकहरुलाई छिटोभन्दा छिटो सर्भिस दिन्छौं । २. सबै थरीको स्पेयर पार्टसहरु उपलब्ध छन् ।

Electro Concern


SHOP NO. 113, BISHAL BAZAR, 1ST FLOOR NEW ROAD 4266833, 4223101

यो कटिङ लिएर आउनेलाई १५% discount प्रदान गरिनेछ ।

**सामाजिक संस्कारलाई चुनौती दिँदै मृत्युपछि शवदान गर्नेहरूको संख्या बढे पनि यसबारे कानुनी व्यवस्था नहुँदा अन्योल कायम छ ।**



कृष्णप्रसाद पन्त



तस्बिरहरू : तेजबहादुर बस्नेत

क्षेत्रप्रताप अधिकारी

# मौन छ कानुन

■ **छत्र कार्की/काठमाडौं**

**साहित्यकार क्षेत्रप्रताप अधिकारीले** ६ महिनाअघि शिक्षण अस्पताल महाराजगन्जमा 'शवदान'को लागि आवेदन दिएका थिए। उनलाई 'शवदान' जस्तो सामाजिक कार्यमा अस्पताल प्रशासनबाट पक्कै सकारात्मक जवाफ आउँछ भन्ने आशा थियो, तर जब उनले शिक्षण अस्पतालबाट 'शवदान' नलिने खबर पाए, उनको अपेक्षा निरर्थक बन्न पुग्यो। तीन वर्षअघि नै मरेपछि 'शवदान' गर्ने सोच बनाएका साहित्यकार अधिकारीको अझै पनि कुनै मेडिकल कलेजले शव लिइदिए हुन्थ्यो भन्ने भित्री चाहना छ। शवदान दिने निर्णय नाम कमाउनेभन्दा पनि सामाजिक भावनाबाट लक्षित भएको उनी बताउँछन्। उनी भन्छन्, 'डाक्टरी अध्ययनको क्रममा प्रयोगात्मक कार्यलाई सहयोग पुगोस् भनेर नै मैले मरेपछि शव दिने विचार गरेको हुँ, तर अहिलेसम्म लिइदिन्छु भन्ने कुनै संस्था नै पाएको छैन।'

पत्रकार भैरव रिसाल र उनकी पत्नी सुशीला रिसालले काठमाडौं मेडिकल कलेज सुरु हुनासाथ १२ वर्षअघि नै उक्त कलेजलाई 'शवदान' दिने सहमति जनाएका थिए। त्यतिबेला मेडिकल कलेज व्यवस्थापन समितिका सदस्यहरूबाट शव लिइदिने प्रतिबद्धता जनाएका थिए, तर पछि यो कार्यान्वयन हुन सकेन। पत्रकार रिसाल भन्छन्, 'सुरुमा शवदानसम्बन्धी सहमति भए पनि पछि यस विषयमा त्यहाँबाट 'रेस्पोन्स' नै आएन।' मेडिकल कलेजलाई दिइसके भनेर घोषणा गरिसकेको 'शरीर' मरेपछि बेवारिसे त हुने होइन भन्ने चिन्ताले पिरोलेको छ, पत्रकार रिसाललाई। त्यसो त शवदान गर्ने निश्चयमा पुगिसकेका पत्रकार रिसाल दम्पतीको शव अर्कै शिक्षण संस्थाले लिन स्वीकृति जनाएको बुझिएको छ। रिसाल दम्पतीसँगै काठमाडौं मेडिकल कलेजमा शरीर दान गरेका वासुदेव शर्मा तूफान र मंगला शर्माले भने विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा शरीर दानको प्रक्रिया अघि बढाएका छन्। स्पष्ट रुपमा कानुनी व्यवस्था नहुँदा शवदाताहरूमा अन्योल भने कायमै रहेको बताइन्छ।

हाम्रो समाजमा मरेपछि शरीरदान गर्न इच्छुक साहित्यकार अधिकारी, पत्रकार रिसालजस्ता व्यक्तिहरूको संख्या वृद्धि भइरहेको छ। तर, 'शवदान'का सम्बन्धमा कानुनमा केही व्यवस्था नभएकाले गर्दा उनीहरूको इच्छाले मूर्तरूप पाउनु सजिलो छैन। कुनै मेडिकल कलेजले आफ्नै तरिकाबाट शव लिइरहेका भए पनि कानुनी प्रक्रियाको अभावमा भविष्यमा समस्या नआउला भन्न सकिन्न। त्यसैले होला, कानुनी समस्या देखाउँदै दुई वर्षअघि नै शिक्षण अस्पतालले 'शवदान' नलिने निर्णय गरेको छ। त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थानका सहायक डिन एवं वरिष्ठ एनाटोमिस्ट प्रा.डा. त्रिलोकपति थापा भन्छन्, 'एकातिर धेरै शव थेग्न नसक्ने अवस्था र अर्कोतिर शवदानका बारेमा कानुनमा कतै पनि उल्लेख नभएकाले पछि अप्ठ्यारो पर्न सक्ने ठानेर नै शवदान नलिने निर्णय गरिएको हो।'

एक दशकअघिसम्म पनि मुलुकमा शवदानको कुनै प्रचलन नै थिएन। हाम्रो धार्मिक संस्कारमा रहेको परम्परागत मान्यताअनुसार शरीर दान गरियो भने स्वर्ग जान पाइँदैन भन्ने गलत धारणाले समाजमा जरा गाडेको थियो। यतिसम्म कि आँखा दान गर्ने त अर्को जन्ममा अन्धो नै हुन्छ भन्ने कुसंस्कार व्याप्त थियो। धर्मलाई कर्मकाण्डीयरुपले व्याख्या गर्न खोज्ने व्यक्तिहरू नै शवदानको विपक्षमा थिए, त्यसबेला। नेपाल नेत्र ज्योति संघका अध्यक्ष वरिष्ठ अफ्थ्याल्मोलोजिस्ट डा. रामप्रसाद पोखरेल सम्झिन्छन्, 'मानिसमा वैज्ञानिक चेतना घुसाउन तीन दशकअघि व्यापकरुपमा अभियान नै चलाउनु परेको थियो।' नेपाल आँखा अस्पताल, त्रिपुरेश्वर र तीलगंगा आँखा अस्पतालले आँखा बैंक स्थापना गरी प्रत्यारोपणको थालनी गरेपछि सयौँले नयाँ जीवन पाएका छन्। गत वर्ष मात्र तीलगंगा अस्पतालबाट २ सय बिरामीमा आँखाको नानी फेरिएको छ।

नेपालकै इतिहासमा पहिलोपल्ट पाँच वर्षअघि अधिवक्ता कृष्णप्रसाद पन्तको मृत्युपछि शव उनको परिवारले शिक्षण अस्पताललाई बुझाएपछि यसले नेपाली समाजमा तीव्र तरंग नै पैदा गरेको थियो। त्यसपछि शिक्षण अस्पताल, निजी मेडिकल कलेजमा समेत शवदान गर्नेहरूको भीड बढ्न थालेको हो। अधिवक्ता पन्त र समाजसेवी अंगुरबाबा जोशीले मरेपछि शवदान गर्ने घोषणा एउटै समयमा गरेका थिए। ७५ वर्षीया अंगुरबाबा भन्छिन्, 'मानिस सामाजिक प्राणी भएको नाताले बाँचुन्जेलसम्म सेवा गर्ने त छँदै छ, शरीर दान दिँदा मरेपछि पनि सेवा हुन्छ।' शरीर दान दिनु हुँदैन भनेर केही कर्मकाण्डीले विरोध जनाए पनि त्यसको अर्थ नरहने विचार छ, उनको। उनी थप्छिन्, 'शरीरलाई जलाएर खरानी बनाउनुको साटो यसलाई अध्ययन अनुसन्धानको रुपमा प्रयोग गर्नु आध्यात्मिक दृष्टिले राम्रो हुन्छ।'

पछिल्लोसमयमा 'शवदान'प्रति मानिसहरूको इच्छाले यसलाई विद्यमान सामाजिक कुसंस्कारविरुद्ध महान् सुरुवातको रूपमा स्थापित गरेको छ। शिक्षण अस्पतालले शवदान नलिने घोषणा गर्नुअघि नै त्यहाँ करिब दुई सयजति मानिसले मरेपछि शरीर दिने लिखित र मौखिक जानकारी गराएका थिए। सरकारको मातहतमै रहेको विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानले अहिले पनि आफ्नै प्रक्रियाले शव लिने गरेको छ। सबै कुरामा विदेशीको मुख ताक्नुपर्ने अवस्था रहेको बेला मेडिकल शिक्षामा अनुसन्धान गर्न चाहिने लासको विदेशी परनिर्भरता घटोस् भन्ने उद्देश्यले शवदान गरेको पत्रकार रिसालको विचार छ। उनी भन्छन्, 'मरेपछि लास खरानी भएर जाने हो, तर



भैरव रिसाल



अंगुरबाबा जोशी

त्यसलाई दान गर्दा एक प्रकारले किताबकै काम गर्छ । मरेपछि किताबको रुपमा प्रयोग हुने खवरले बाँचुन्जेल खुसीको अनुभूति हुनु अस्वभाविक होइन ।'

त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धन लिएर राजधानीबाहिर सञ्चालित केही मेडिकल कलेजले शिक्षण अस्पतालबाटै अध्ययन अनुसन्धानका लागि शव लाने गरेका छन् । अरू विश्वविद्यालयसँग सम्बद्ध निजी मेडिकल कलेजमध्ये राजधानीका केही कलेजले बेबारिसे लास प्रयोग गर्ने गरेका छन् भने अधिकांशले अझै पनि भारतबाट नै लास झिकाउनुपर्ने अवस्था कायम छ । खासगरी तराईमा रहेका मेडिकल कलेजले अध्ययनको लागि भारतबाटै लास ल्याउने गरेको पाइएको छ, जुन प्रक्रिया सहज छैन ।

शिक्षण अस्पतालले कानुनको अभाव देखाएर शव नलिने निर्णय गरे पनि त्यहाँ शवलाई जोगाएर राख्ने समस्या पनि रहेको देखिन्छ । शवदान गर्नेको संख्या बढ्दै गएको अवस्थामा धेरै शवलाई संरक्षण गर्नुपर्ने काम कहाँ सजिलो हुन्छ र । अस्पतालसँग अहिले पर्याप्त लास संरक्षण गर्ने अवस्था विद्यमान छैन । त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल फरेन्सी विभागका प्रमुख डा. प्रमोद श्रेष्ठ शिक्षण अस्पतालसँग २६ वटा मृत शव राख्न सक्नेमात्र क्षमता भएको बताउँछन् । उनी भन्छन्, 'कहिलेकाहीं फ्रिज बिग्रिँदा दुईवटा शवसमेत एउटैमा राख्नुपर्ने अवस्था हुन्छ ।'

शवदानप्रति जनचासो बढ्नु एकदमै सकारात्मक पक्ष हो । तर, शवदानबारे कानुनले मौनता साँधेको छ । शवदान गनुहुन्छ वा हुँदैन भन्नेबारे कत्तै उल्लेख गरिएको छैन , जसका कारण शवदान गर्नेहरूमा अन्योल छाएको छ, जुन तुरुन्त हटाउनु आवश्यक छ । त्यसका लागि सरकारले तत्परता देखाई कानुन बनाउन विलम्ब गर्नु हुँदैन ।

डाक्टरी शिक्षा अरू विधा जस्तो सैद्धान्तिक रुपमा गरिने चानचुने अध्ययन होइन । सम्पूर्ण मानवीय संरचनाबारे जानकारी हासिल गर्न केस्रा केस्रा अध्ययन केलाएर अध्ययन गर्नुपर्छ अर्थात् लासमा पौडी खेल्नुपर्छ । सरकारले कानुन बनाएर जटिल प्रक्रिया अन्त गरी शवदानलाई व्यवस्थित बनाएमा मेडिकल शिक्षाको गुणस्तरमा टेवा पुग्ने निश्चित छ । ■

## 'कानुनी स्पष्टता आवश्यक'



**प्रा. डा. त्रिलोकपति थापा**
सहायक डिन, त्रिभुवन विश्वविद्यालय,
चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगन्ज

**अढाई दशकअघि** बाइसजना विद्यार्थी भर्ना लिएर मुलुकमा मेडिकल शिक्षा सुरु भएको हो । त्यसबेला प्रयोगात्मक कार्यको लागि भारतबाट दुईवटा लास ल्याइएको थियो । त्यो बेला मुलुकभित्रै पनि आफन्त नभएका मानिसको मृत्यु हुँदा बेबारिसे लास पाइन्थ्यो । तर, त्यस्ता बेबारिसे लास मेडिकल पढाइको अनुसन्धानको क्रममा प्रयोग गर्न मिल्ने वा नमिल्ने भन्नेबारे कुनै प्रावधान नभएकाले सुरुका दिनमा त्यस्ता लास प्रयोग गर्नु सम्भव थिएन । सुरुका दिनमा भारतबाट अध्ययन अनुसन्धानको लागि लास ल्याउँदा विभिन्न अप्ठ्यारा झेल्नुपर्थ्यो ।

२०३८ सालमा सरकारले मेडिकल अध्ययनका लागि बेबारिसे लास प्रयोग पाउने नीति सार्वजनिक गरेपछि प्रयोगात्मक ज्ञानका लागि शिक्षण अस्पतालका बेबारिसे लासबाट काम चलाउन थालियो । शवका सबै अंग भिन्न अध्ययन प्रयोजनको लागि उपयोग गर्न सकिन्छ । व्यक्तिको मृत्य हुनासाथ प्रत्यारोपणका लागि आँखाको कोर्निया केही मिनेटमै निकालेर सुरक्षित राख्नुपर्छ । एनाटोमी, सर्जरीको लागि मात्र होइन, अस्थिपञ्जर अध्ययनको लागि समेत उक्त शव आवश्यक हुन्छ ।

जहाँसम्म शवदानको कुरा छ, मुलुकमा २०५० सालअघिसम्म यसको चर्चा नै थिएन । शवदानको लहर चलेको करिब ५ वर्षजति भएको छ । यतिसम्म कि शवदान गर्न चाहनेको भारलाई शिक्षण अस्पतालले थेग्न नसक्ने अवस्था आयो । शवदानप्रति आम मानिसमा सकारात्मक भावना विकास हुनु सुखद पक्ष हो । तर, शवदानबारे कानुनी स्पष्टता आउनुपर्छ । कुनै व्यक्तिले शव दिन खोज्छ, तर उसका छोराछोरीले सांस्कृतिक रूपमा दाबी गर्दा अप्ठ्यारो पर्छ ।

राजधानीबाहिरका मेडिकल कलेजको लागि अझै पनि अध्ययनका लागि भारतबाट लास ल्याउनुपर्ने अवस्था छन्, जुन प्रक्रिया झन्झटिलो छ । कानुन बनाउँदा राजधानीबाहिरका मेडिकल कलेजलाई स्थानीयस्तरमै बेबारिसे लास प्रयोग गर्न सक्ने अनुमति प्रदान गर्नुपर्छ ।

■ **(कुराकानीमा आधारित)**

# मिश्रित नै समानुपातिक

■ कारे ओलेन, निर्वाचन विशेषज्ञ

कात्तिक २२ मा भएको सात दल र माओवादीबीचको ६ बुँदे सहमति र ५ मंसिरमा सम्पन्न नेपाल सरकार र माओवादीबीचको शान्ति सम्झौतामा आगामी वर्षको जेठमा संविधानसभाको निर्वाचन गर्ने र संविधानसभाको निर्वाचन मिश्रित पद्धतिमा सम्पन्न हुने सहमति बनेको छ। नेपालमा गरिएको पछिल्लो राजनीतिक सहमतिअनुसार संविधानसभाका लागि २०५ निर्वाचन क्षेत्रबाट प्रत्येक निर्वाचन क्षेत्रमा सबैभन्दा बढी मत ल्याउने उम्मेदवार जनताबाट प्रत्यक्ष निर्वाचित हुनेछन् भने बाँकी २०४ प्रतिनिधि २०५ निर्वाचन क्षेत्रमा राजनीतिक दलले प्राप्त गरेको मतका आधारमा समानुपातिक हिसाबले चुनिनेछ।

मिश्रित निर्वाचन पद्धतिका भिन्न भिन्न विधि हुन्छन्, तर यसले समानुपातिक प्रतिनिधित्वको विशेषता हुन्छ। मिश्रित समानुपातिक प्रतिनिधित्व भनेको संविधानसभामा प्रत्यक्ष मत पाएर निर्वाचित र दलहरूले प्राप्त गरेको मतको आधारमा निर्वाचित सदस्यहरूको सिंगो रुप हो। प्रत्यक्ष निर्वाचन पद्धतिबाट समेटिन नसकिने वर्ग वा क्षेत्रलाई समानुपातिक निर्वाचन पद्धतिबाट शोधभर्ना गर्न सकिन्छ।

**मिश्रित प्रणालीका केही विशेषता**

मिश्रित प्रणाली समानुपातिक पद्धति हो। यो पद्धतिमा एउटा निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित हुने र त्यहाँका मतदाताले दिएको मतका आधारमा राजनीतिक दलहरूले समानुपातिक सिट बाँडफाँड गर्ने दोहोरो फाइदा हुन्छ। संविधानसभाको निर्वाचन मुख्य फाइदा भनेको मतदाता र उम्मेदवारबीचको नजिकको सम्बन्ध कायम हुनु हो। निर्वाचन क्षेत्र स-साना हुन्छन्, त्यसैले उनीहरूको मतबाट निर्वाचित सदस्य मतदाताबीच नजिकको सम्बन्ध गाँसिएको हुन्छ र मतदाताबाट चुनिएको प्रतिनिधि उनीहरूप्रति जवाफदेही हुन्छ। निर्वाचनमा भौगोलिक दृष्टिले निर्वाचन क्षेत्र छुट्याइएकाले मुलुकको भौगोलिक प्रतिनिधित्व पनि गरेको हुन्छ। मिश्रित प्रणाली पूर्ण समानुपातिक पद्धति हो, यसले प्रतिनिधिमूलक संसद् तथा राजनीतिक आयाम दुवैलाई समेट्छ।

मिश्रित प्रणालीमा दुई पक्ष हुन्छन्। प्रत्यक्ष निर्वाचन लड्ने उम्मेदवारहरू तथा देशव्यापी रुपमा दलका उम्मेदवारहरूले प्राप्त गरेको मत। त्यो कुल मतका आधारमा दलहरूले समानुपातिक हिसाबले आफ्ना सदस्य निर्वाचन गर्छन्। मतदाताहरूलाई यी दुईखाले उम्मेदवारलाई बेग्लाबेग्लै छान्ने अवसर दिइन्छ। यसो गर्दा मतदाताले दुवै अवस्थामा एउटै दलका उम्मेदवारलाई मत नदिन पनि सक्छन्। मिश्रित प्रणालीको यो प्रमुख विशेषता पनि यही हो।

नेपालको संविधानसभाको निर्वाचन गर्न प्रतिनिधिसभाका लागि यसअघि निर्धारित २०५ निर्वाचन क्षेत्र नै कायम गरिएको छ। २०५ जना प्रतिनिधि प्रतिनिधिसभाको निर्वाचनको जस्तै प्रत्यक्ष निर्वाचित हुनेछन्। क्षेत्रहरूमा उम्मेदवारले प्राप्त गरेको मतका आधारमा समानुपातिक प्रतिनिधित्व कायम गर्ने काम गरिन्छ। मिश्रित प्रणालीको अर्को सकारात्मक पक्ष भनेको यसलाई सकारात्मक विभेदको नीतिसँग जोड्न सकिन्छ। यसमा पिछडिएका समुदायलाई संसद्को राजनीतिक बनोटमा कुनै असर नपर्ने गरी निश्चित कोटा छुट्याउन सक्ने सम्भावना रहन्छ। प्रत्यक्ष निर्वाचनबाट आउन नसक्ने वर्ग, समुदाय वा क्षेत्रका प्रतिनिधिलाई समानुपातिक प्रतिनिधित्वको आधारमा संविधानसभाको संसद्मा ल्याउन सकिन्छ।

सामान्यतया, मिश्रित प्रणालीमा मतदातालाई प्रत्यक्ष निर्वाचनबाट चुनिने उम्मेदवार र दलका



भास्कर ओझा

लागि मत हाल्न एउटै मतपत्रमा व्यवस्था गरिन्छ। मतपत्रको देब्रे भागमा प्रत्येक निर्वाचन क्षेत्रका उम्मेदवारहरूको नामावली र चुनाव चिन्हको लामो सूची हुन्छ। त्यस्तो सूची निर्वाचन क्षेत्रपिच्छे फरक फरक हुन्छ र लामो हुने सम्भावना पनि रहन्छ। मतपत्रको दाहिने भाग भने अधिराज्यभरि एउटै हुन्छ - निर्वाचनमा लड्ने दलहरूको। यस्तो विधि अपनाएको अवस्थामा मतदातालाई आफ्नो निर्वाचनमा क्षेत्रमा आफूलाई मन परेको उम्मेदवारलाई र समानुपातिक निर्वाचनका लागि अर्कै दलका नाममा भोट हाल्ने विकल्प हुन्छ। नेपाली मतदाताका लागि यसअघि प्रचलित मतपत्रको तुलनामा यो जटिल हुन सक्छ, तर प्रजातन्त्रको संक्रमणकालीन देशहरूमा यस्तै प्रचलन बढी प्रयोग गरिएको पाइन्छ।

अर्को प्रत्यक्ष निर्वाचन र समानुपातिक निर्वाचनका लागि बेग्लाबेग्लै मतपत्रको प्रयोग पनि हुनसक्छ, तर यस्तोमा राजनीतिक दलहरूले दुरुपयोगको खतरा पनि रहन्छ।

अर्को नेपालमा प्रचलित अघिल्ला निर्वाचनको जस्तै प्रत्यक्ष निर्वाचनको साधारण मतपत्र प्रयोग गर्ने। अधिराज्यभरिबाट विभिन्न दलका उम्मेदवारले पाएको मतका आधारमा राजनीतिक दलहरूको समानुपातिक हैसियत छुट्याउने। यस्तो अवस्थामा मतदातालाई आफ्नो क्षेत्रमा जुन दलको उम्मेदवारलाई रोज्यो समानुपातिक प्रतिनिधित्वका लागि पनि त्यही दलका उम्मेदवारका लागि मतदान गर्नुपर्ने विकल्पहीन अवस्था हुन्छ। जर्मनीका दुईवटा राज्यमा र सन् २००५ सम्म इटालीको सिनेटको निर्वाचनमा यस्तै निर्वाचन पद्धति अपनाइएको थियो।

समानुपातिक निर्वाचनबाट निर्वाचित हुने दलका उम्मेदवारको नाम सार्वजनिक गर्ने वा गोप्य राख्ने दुवै तरिका हुन सक्छन्। उम्मेदवारको नाम सार्वजनिक गर्दा उम्मेदवारको नाम मतपत्रमा उल्लेख गर्नुपर्ने भएकाले मतपत्र लामो हुने हुन्छ। मिश्रित प्रणालीमा समानुपातिक आधारमा निर्वाचित हुनेहरूको नाम सार्वजनिक नगर्नु नै व्यवहारिक हुन्छ, तर मिश्रित प्रणालीमा समानुपातिक आधारमा कसरी उम्मेदवार निर्वाचित गर्ने भन्ने पक्ष सबैभन्दा महत्त्वपूर्ण मुद्दा हो।

सबैभन्दा प्रचलनमा रहेको विधि राजनीतिक दलहरूले उम्मेदवारहरूको सूची प्राथमिकताका आधारमा तयार गर्ने र चुनावअघि नै सूची सार्वजनिक गर्ने हो। सूची पहिल्यै सार्वजनिक भएको अवस्थामा मतदाताले कसलाई भोट हाल्दै छु भन्ने जानकारी हुन्छ, तर सूचीलाई प्रभावित गर्न सक्तैन। यस्तो तरिका अपनाउँदा राजनीतिक दलहरूले सामान्य तथा प्रभावशाली नेताहरूलाई सूचीको प्राथमिकताको अघिल्लो पंक्तिमा राख्ने गर्छन्। नेपालको सन्दर्भमा निर्वाचनअघि नै उम्मेदवारको नाम सार्वजनिक गर्ने विधि उपयुक्त हुनसक्छ।

## सकारात्मक विभेद

नेपालका सात राजनीतिक दल र माओवादीले संविधानसभाको निर्वाचनमा उम्मेदवारी दिँदा पिछडिएका वर्ग, क्षेत्र, महिला, मधेसी, दलित, जनजाति समुदायलाई समानुपातिक प्रतिनिधित्व गराउने नीति अपनाउने प्रतिबद्धता व्यक्त गरेका छन्। मिश्रित निर्वाचन प्रणालीमा राजनीतिक दलहरूले सकारात्मक विभेदको सोच राखेर पिछडिएका वर्ग र क्षेत्रको समानुपातिक प्रतिनिधित्व गर्न दुइटै अवसर हुन्छ। पहिलो प्रत्यक्ष निर्वाचनमा त्यस्ता वर्ग वा क्षेत्रको प्रतिनिधित्व गर्नेलाई उम्मेदवारी दिने। दोस्रो समानुपातिक निर्वाचनमा त्यस्ता वर्ग वा क्षेत्रको प्रतिनिधित्व समेटिने गरी उनीहरूको नाम सूचीमा प्राथमिकताका साथ राख्ने वा कोटा छुट्याउने। सकारात्मक विभेदको नीति अख्तियार गर्दा दलहरूले आफ्नै दलभित्र कोटा निर्धारण गर्नु पर्छ। यसो गर्दा दलहरूबीचको असन्तुलन हुँदैन, तर सकारात्मक विभेदको नीति अपनाउँदा मतदानको समान अधिकार र उम्मेदवार बन्ने अधिकार हनन गरिनु पनि हुँदैन। मतदातालाई उसले चाहेको उम्मेदवार चुन्ने स्वतन्त्र अवसर दिनुपर्छ।

एउटा निर्वाचन क्षेत्रबाट एउटा मात्र उम्मेदवार निर्वाचित हुने पद्धतिमा कोटा प्रणालीका नकारात्मक पक्ष पनि छन्। जस्तो भारतका केही निर्वाचन क्षेत्रमा आरक्षण घोषित गरिएका वर्गमा मानिस मात्र उम्मेदवार हुन पाउने गरी विशेष जातिका समूहका मानिसमात्र उम्मेदवार हुन सक्छन्। यद्यपि, सबै जातका व्यक्तिले मत खसाल्न पाउँछन्। यसको अर्थ राजनीतिक दलहरूले सम्बन्धित समूहका व्यक्तिहरूलाई उम्मेदवार बनाउनु पर्छ। ती आरक्षित क्षेत्रहरूमा ती समूहबीच प्रतिस्पर्धा दलगत आधारमा हुन्छ, तर त्यसमा निश्चित समूहका उम्मेदवार मात्र चुनाव लड्न पाउने हुँदा अन्य जातका व्यक्तिको चुनाव लड्ने अधिकार कुण्ठित हुनेछ।

## लैंगिक सन्तुलन

अन्तरिम संविधानको प्रस्तावित मस्यौदा र राजनीतिक दलका सहमतिमा व्यक्त गरेका प्रतिबद्धताअनुसार राज्यको पुनर्संरचनाअर्न्तगत संविधानसभाको निर्वाचनमा कम्तीमा एक तिहाइ महिला उम्मेदवार हुनेछन्। दलहरूले महिलालगायत पिछडिएका वर्ग र समुदायलाई पनि त्यसमा सामेल गर्ने प्रतिवद्धता पनि व्यक्त गरेका छन्।

**सबैभन्दा प्रचलनमा रहेको विधि राजनीतिक दलहरूले उम्मेदवारहरूको सूची प्राथमिकताका आधारमा तयार गर्ने र चुनावअघि नै सूची सार्वजनिक गर्ने हो। सूची पहिल्यै सार्वजनिक भएको अवस्थामा मतदाताले कसलाई भोट हाल्दै छु भन्ने जानकारी हुन्छ, तर सूचीलाई प्रभावित गर्न सक्तैन।**

वास्तवमा, प्रत्यक्ष निर्वाचनबाट मात्र लैंगिक सन्तुलन कायम गर्न समस्या हुन सक्छ, तर समानुपातिक प्रतिनिधित्वबाट प्रत्यक्ष निर्वाचनका यसको क्षतिपूर्ति गर्न सकिन्छ। यसका लागि राजनीतिक दलले निश्चित संख्यामा न्यूनतम महिला प्रतिनिधि कति हुने भन्ने निर्णय गर्न आवश्यक हुन्छ। त्यसका लागि समानुपातिक सूचीको प्राथमिकमा महिलाहरूलाई राख्नुपर्छ।

उदाहरणका लागि, मानौं कि एउटा राजनीतिक दलले प्रत्यक्ष निर्वाचनबाट ३० सिट जित्यो र समानुपातिक प्रतिनिधित्वका लागि २० सिटपायो। यो परिणामबाट त्यो पार्टीको जम्मा ५० सिट हुने देखियो। यस्तो अवस्थामा एक तिहाइ महिला सांसद हुने हो भने महिला सांसदको संख्या १७ हुनै पर्‍यो। मानौं कि प्रत्यक्ष निर्वाचनबाट दुईजना मात्र महिला निर्वाचित भएका छन् भने बाँकी १५ जना महिला समानुपातिक प्रतिनिधित्वका माध्यमबाट ल्याउनुपर्‍यो। राजनीतिक दलहरूले महिलाको प्रतिनिधित्व एक तिहाइ पुर्‍याउन समानुपातिक प्रतिनिधित्वको सूचीमा महिलालाई प्राथमिकताको माथिल्लो सूचीमा राख्न सक्छन्, जबसम्म उनीहरूको कोटा पूरा हुँदैन।

## पिछडिएको वर्गबाट प्रतिनिधित्व

राजनीतिक दलहरूले पिछडिएका समुदायको पनि समानुपातिक प्रतिनिधित्व गराउने प्रतिबद्धता व्यक्त गरेका छन्। पिछडिएका समुदायलाई पनि वहुसंख्यक पिछडिएको समुदाय र अल्पसंख्यक आदिवासी समूह भनेर छुट्याउन सकिन्छ।

दलित र महिला जनसंख्याका दृष्टिले ठूलो समूहमा पर्ने भए पनि परम्परादेखि नै उनीहरूलाई राजनीतिमा समावेश गरिएको छैन। यस्तो समूहलाई आरक्षण दिने कुरा सजिलो भने छैन। कसरी उनीहरूलाई प्रतिनिधित्व गराउने भन्ने बारेमा गहन अध्ययन हुनुपर्छ र न्यूनतम कोटा छुट्याउनु पर्छ। कोटाको संख्या कति भन्ने राजनीतिक प्रश्न हो, तर सचेत हुनु के जरुरी छ भने त्यसरी ठूलो संख्याका तर पिछडिएका महिला र जनजाति तथा सानो संख्याका आदिवासीहरूका लागि आरक्षण दिँदा धेरै समूह तोक्नेभन्दा साँच्चिकै पिछडिएकालाई कसरी समेट्ने भन्ने नीति लिनु उचित हुन्छ।

*(निर्वाचन विशेषज्ञ कारे ओलन केही वर्षदेखि नयाँ राजनीतिक व्यवस्थामा प्रवेश गरेका हाइटी, जिम्बाबे, प्यालेस्टाइन, इराक लगायत दर्जनभन्दा बढी मुलुकमा नर्वे सरकारको प्रतिनिधिको रुपमा निर्वाचनसम्बन्धी काममा अनुभव हासिल गरेका व्यक्तित्व हुन्। नेपालमा संविधानसभाको निर्वाचन कसरी गर्ने भन्ने अन्योलग्रस्त अवस्थामा ओलनका अनुभव र निर्वाचन दक्षता उपयोगी बन्न सक्छ। समय शोधकेन्द्रले मंसिर १२ गते आयोजना गरेको छलफल कार्यक्रममा ओलनले व्यक्त गरेका विचारको सारांश।)*

**प्रस्तुतिः विश्वमणि पोखरेल**

# फेरिएको परिभाषा

■ मुरारी अर्याल

**माओवादी पार्टीका माथिल्ला नेताहरूको हालसालका अभिव्यक्ति र खासगरी दिल्लीका विभिन्न कार्यक्रममा अध्यक्ष प्रचण्डले दिएको अभिव्यक्तिले उनीहरूले भन्ने गरेको एक्काइसौं शताब्दीको नौलो खाले जनवादको सम्बन्धमा रमाइलो परिस्थिति सिर्जना भएको छ ।**

**कुनै पनि सानो देशको** राजनीतिक दलहरूको निम्ति आफू सत्ताबाट जति टाढा छ, त्यसको सापेक्षतामा आफ्नो छिमेकको ठूलो मिचाहा देशप्रति बढी विरोधभाव राख्नु प्रायः अनिवार्य भएको देखिन्छ । नेपालजस्तो सानो मुलुकको राष्ट्रवादमा छिमेकी भारतप्रतिको दृष्टिकोणमा यो प्रवृत्ति इतिहासदेखि नै अभिव्यक्त हुँदै आएको छ । प्रारम्भिक खटपट र युद्धमा पराजित भएपछि तत्कालीन अंग्रेज सरकारको तावेदारीमार्फत आफूलाई सत्तामा टिकाइराख्न सफल भीमसेन थापा पक्षधरहरूले वि.सं. १८९४ मा सत्ताच्युत हुनासाथ त्यति बेलाको रणजंग पाण्डेको मन्त्रिमण्डललाई अंग्रेज परस्तको आरोप लगाएपछिको इतिहासको प्रत्येक कालखण्डमा सत्तामा रहने समयमा भारतभक्ति र सत्ताबाट टाढा रहेको समयमा चरम भारत विरोध नेपाली राजनीतिको स्वभाविक प्रवृत्ति बनिरहेको छ ।

२००७ सालको परिवर्तनपछि मातृका कोइरालाको समयमा सम्पन्न कोशी सम्झौतामा भारतको मिचाहा प्रवृत्तिले नेपाल ठगिएको हुँदा भविष्यका अन्य सम्झौतामा नेपालले विशेष चनाखो रहनै पर्छ भनेर सर्वाजनिक रुपमै बोल्ने विपी कोइरालाको प्रधानमन्त्रित्वकालमा सम्पन्न अझ बढी भारतीय स्वार्थसिद्धि गर्ने गण्डक सम्झौता यथार्थ मात्र हो, राजा महेन्द्रको चरम राष्ट्रवादको सन् १९६४ को हतियारसम्बन्धी गोप्य सन्धि तथा ख्यालख्यालमै कालापानी क्षेत्र भारतलाई सुम्पिएर त्यति बेलाको नेकाको हतियारबन्द विद्रोहमाथि रोक लगाउनमा प्राप्त सफलताजस्ता अनेकन उदाहरण छन् । एमालेले श्री ५ को सरकारको नेतृत्व गरेको समयमा महाकाली प्याकेजअन्तर्गत देखाएको भारतभक्ति मात्र होइन डेढ दुई वर्षअघिसम्म अब भारतीय सेनासँग माइन, युद्ध लड्नु पर्ने अवस्था छ भन्दै सीमा क्षेत्रमा सुरुङ खनेर किल्लाबन्दी युद्धको तयारीको चर्चा चलाउने नेकपा (माओवादी)ले यति बेला अध्यक्ष प्रचण्डमार्फत अब भारत सरकार प्रतिक्रियावादी शक्ति रहेन भनेर भन्न थाल्नु सत्ता समीकरण र सत्तामोहबारे आँखा खोल्न पर्याप्त छन् ।

भारतका खर्बपति बिडला समूहको अखवार 'द हिन्दुस्तान टाइम्स'ले नयाँदिल्लीमा आयोजना गरेको नेतृत्व सम्मेलनमा निम्त्याइएका प्रचण्डलाई भारतीय पत्रकार करण थापरले नेपालको भावी राष्ट्रपतिको रुपमा प्रस्तुत गरे भने प्रचण्डले भारत अब प्रतिक्रियावादी नरहेको र मौका पाए आफूले मनमोहन सिंह र सोनिया गान्धीसँग भेट्ने निष्कर्ष सुनाउँदै हिजोसम्मका आफ्ना सुखदुःखका साथी भारतका माओवादीहरूलाई वस्तुतः आतंककारीको रुपमा उभ्याए । प्रचण्डको सारपूर्ण भाषण सुनेर बेलायतको सत्तारुढ लेबोर दलका पूर्वनेता निल किनक आल्हादित त भए-भए, भारतका पूर्व प्रधानमन्त्रीद्वय भिपी सिंह र इन्दर गुजरालको त प्रसन्नताको सीमा नै रहेन । सिंहले यतिसम्म भने कि 'सरकारहरू आउँछन्, जान्छन् इतिहासचाँहि अपरिवर्तनीय छ भनेर भनिन्थ्यो, तर तपाईंले त इतिहासलाई नै बदली दिनुभयो तपाईं धन्य हुनुहुन्छ । आँखाभरि आँसु टलपल गर्दै आफ्नो आल्हाद लुकाउन गाह्रो परेको 'धन्य'का प्रचण्डलाई सिंहले फेरि भने- यस्तो संवेदनासहितको आक्रोश हिंसाको कोटीमा पर्दै पर्दैन । यो अलग कुरा हो कि नेतृत्व सम्मेलनमा प्रचण्डको आजको गैरप्रतिगामी भारत सरकार र हिजोको सहयात्री भाकपा (माओवादी) दुवै पक्षको प्रतिनिधित्व थिएन ।

आफू र सात दलबीच बाह्रबुँदे समझदारी गराइदिएबापत भारतप्रति सार्वजनिक रुपमै कृतज्ञता व्यक्त गरिसकेका माओवादी पार्टीका माथिल्ला नेताहरूको हालसालका अभिव्यक्ति र खासगरी दिल्लीका विभिन्न कार्यक्रममा अध्यक्ष प्रचण्डले दिएको अभिव्यक्तिले उनीहरूले भन्ने गरेको एक्काइसौं शताब्दीको नौलो खाले जनवादको सम्बन्धमा रमाइलो परिस्थिति सिर्जना भएको छ । गिरिजा-प्रचण्ड शान्ति सम्झौता र अन्तरिम संविधानपछि नेपालमा द्वन्द्व (वर्गसंघर्ष ?) समाप्त हुने, सर्वत्र शान्ति छाउने, नयाँ नेपालको निर्माण हुने, नेपाल स्विजरल्यान्ड बन्ने, असमानताको पूर्ण अन्त्य हुने लगायतका सपनाहरू माओवादी नेतृत्वले बेचेको छ । गिरिजा कोइराला सत्ताबाट हटे (माओवादी स्वयं सत्तासीन बने पनि ?) प्रतिगमनले जित्ने, अब कसैले हतियार उठाए त्यो प्रतिगमन ठहरिने, विद्यमान संरचनाबाट नै आमूल परिवर्तन सम्भव हुने किसिमका अभिव्यक्ति पनि माओवादी नेतृत्वबाट आएको छ । सात सात दिनसम्म नेपाल बन्द गरी हिँडेका माओवादी कार्यकर्ताहरू विभिन्न ज्यादतीको मारमा परेकाहरूले केही छिन चक्का जाम गरेको पनि सहन गर्न नसकी त्यस्तो विरोध पन्छाउन उनीहरू पुग्न थालिसकेका छन्, कसैले माओवादीको विरोध गऱ्यो कि स्वतः लाठीमुंग्री सुरु हुन थालेको छ र के शिक्षक, के विद्यार्थी, के मजदुर, के के सबै माओवादी बन्नै पर्ने, माओवादीको समर्थन गर्नै पर्ने दौडाहा सुरु गरिएको छ । एक्काइसौं शताब्दीको नौलो खाले जनवादको रमाइलो परिदृश्य हो यो !

भारत-नेपाल जनमैत्री समान सांस्कृतिक परम्परा र भाइचारामाथि आधारित छ । भारतीय जनता नेपाली जनताका शुभचिन्तक हुन् । दुवैमाथि दमनकारी माथिल्लो वर्गको शोषण हावी छ । नेपालीमाथिको दमनलाई भारतीय जनताले आफ्नै टाउकोमाथि लादिएको एकाधिकार पुँजीवादको दमनकै रुपमा लिन्छन्, भारतको सत्ताले नेपालप्रति दुर्भाव राख्दा, थिचोमिचो गर्दा उनीहरू नेपालको पक्षमा उभिन्छन्, सकेको सहयोग पनि गर्छन् । नेपालका जनद्रोहीहरूविरुद्ध जुध्ने समाज र राजनीतिका अगुवाहरूलाई सघाउँछन्, सुरक्षित आश्रय प्रदान गर्छन् । यो तथ्यसँग वर्तमान पुस्ताका राजनीतिक कार्यकर्ताहरूमध्ये अध्यक्ष प्रचण्डहरू नै सबैभन्दा बढी जानकार छन् । भारतीय जनतामाथि लादिएको एकाधिकार पुँजीवादको जुवा, अन्तर्राष्ट्रिय वित्तीय पुँजीवादको आवश्यकताबमोजिम तय गरिएका श्रमजीवी वर्गविरोधी आर्थिक कार्यक्रम र साम्राज्यवाद परस्त नीतिहरूबारे अध्यक्ष प्रचण्डहरूबीच प्रथम कोटीकै जानकारी पनि छ ।

प्रचण्डहरूको नेतृत्वमा सञ्चालित जनयुद्धमा भारतका जनता र त्यहाँका माओवादीहरूले कुन स्तरमा सघाएका थिए भन्नेबारे उनीहरूलाई कसैले बताइरहनु परेन । भारत सरकारले उनीहरूलाई बाह्रबुँदे समझदारीअघि सघायो सघाएन र कति तथा कसरी सघायो, त्योचाहिँ उनीहरूले अरूलाई बताउनै बाँकी छ । उनीहरूले यसबारे सत्य तथ्य सार्वजनिक नगरुन्जेल भारतका कम्युनिष्ट तथा भारतीय जनताको संघर्षप्रति उनीहरूले हालै भारत सरकारबारे गरेको टिप्पणीले अपमान नै गरेको छ । आफ्नो हिजोको बाटो परित्याग गर्ने माओवादीको निर्णयबारे अरूहरूले केही भन्न नमिल्ला, तर इतिहास अंकित तथ्यको अपमान गर्ने उनीहरूको अभिव्यक्तिको कारण भन्नेलाई त के लाज सुन्नेलाई पो सरम भन्ने स्थिति जन्मेको छ । इतिहास नै बदलेको भनेको सायद यही होला ।

नेपालका अधिकांश राजनीतिक दलहरूसँग वर्ग दृष्टिकोण छैन र उनीहरू भारतको विद्यमान सत्तापक्षलाई प्रतिक्रियावादी मान्दैनन् । नेकाका दुवै घटक र राप्रपाहरूसँग वर्ग चिन्तन छैन । २०४४-४५ पछिको एमाले (माले)ले वर्गदृष्टिकोण परित्याग गरेको छ । सत्तामा एक न अर्को समय आसीन यी

दलहरू भारतीय सत्ता संयन्त्रको विरोधको अर्थ आफू सत्तामा पुग्नु वा नटिक्नु हो भन्ने ठान्छन् । उनीहरूको आन्तरिक निर्णयबाट यो दृष्टिकोण कायम रहेको छ र यसबारे अरूले प्रश्न उठाउन मिल्दैन । यस्तै नीति माओवादी पार्टीले लियो भने त्यो उनीहरूको आन्तरिक कुरा हुन्छ, तर २०६२ मा भारतीय सत्ता किन प्रतिक्रियावादी थियो र २०६३ मा किन छैन भन्नेबारे चाहिँ उनीहरूले खुलस्त पार्नै पर्दछ । यसो गरिदिए भने एउटा प्रतिक्रियावादी सत्ता रातारात गैर प्रतिक्रियावादी सत्तामा रुपान्तरणको प्रक्रियाको कारक तत्त्वबारे बुझ्न हामीलाई सघाउ पुग्छ । त्यसो त उही वर्ग आधार, उही सोच, उही कार्यप्रणाली साथ हिजो शासन गर्दाका फासिस्ट प्रतिक्रियावादी गिरिजा कोइराला आज महान् नेतामा रुपान्तरण हुनुको कारण पनि माओवादी नेतृत्वले खुलस्त पारेको छैन ।

भारतले वि.सं. १८७२ देखि यहाँको सामन्तवादमार्फत नेपालमा अर्ध-औपनिवेशिक राज्यसत्ता सञ्चालन गरिआएको मार्क्सवादीहरू (हिजोसम्म माओवादीको पनि)को ठहर छ । सुगौली सन्धिमार्फत अंग्रेज साम्राज्यवादले नेपाललाई आफ्नो साम्राज्यवादको चंगुलमा पारेको हो र भारतको वर्तमान सत्ता त्यही अंग्रेज कम्पनी सरकारको निरन्तरता हो । नेपाल र भारतबीच सुगौली सन्धि लगायत सम्पूर्ण पुराना सन्धिहरू कायम छन्, भारतको नेपाल नीति कम्पनी सरकारकै परम्परामाथि आधारित छ । अंग्रेजहरू प्रत्येक युद्ध महायुद्धमा गोरखाली सैनिहरूलाई अग्रमोर्चामा झोस्दथे जब कि अंग्रेजले भारत छाड्दा आफ्नो अंश लागेको गोरखाली फौजलाई आजसम्म पनि भारतको सत्ताले सबै युद्धमा अग्रमोर्चामा नै राख्दछ । अंग्रेजहरूको निम्ति नेपालको तराईका जंगल आफ्नो सिकार खेल्ने सुरक्षित थलो थियो, जहाँ राणा शासकहरूले सम्पूर्ण सुरक्षाको बन्दोबस्त मिलाउँथे भने वर्तमान भारतीय सत्ताको लागि नेपालका सम्पूर्ण प्राकृतिक स्रोतमाथि सर्वप्रथम उनीहरूको र पछि मात्र नेपालको हक अधिकारभित्र पर्दछ । नेपाली भूमि अतिक्रमण गर्नु, अन्तर्राष्ट्रिय कानुनविपरीत सीमा क्षेत्रमा पानीको बाँध बनाउनु उनीहरू आफ्नो नैसर्गिक अधिकार ठान्छन् र नेपाली उपभोक्ताहरू उनीहरूको निम्नकोटीको औद्योगिक उत्पादनको सुरक्षित बजार बन्नै पर्ने उनीहरूको ठहर छ । २०६२ सालमा भारत यही गरिरहेथ्यो र प्रचण्डहरू त्यसलाई प्रतिक्रियावादी विस्तारवादी भन्थे । २०६३ मा पनि भारत यसै गरिरहेछ र उनीहरू हामीलाई भारत अब प्रतिक्रियावादी होइन भनेर बताउँछन् । प्रतिक्रियावादको परिभाषा फेरिएको पो हो कि ?

प्रचण्डहरू मार्क्सवादी लेनिनवादी हुन् । उनीहरू 'माओवाद' नभनेर माओ विचारधारा भन्ने मार्क्सवादीहरूलाई प्रतिक्रियावादी, हरियो सर्प, दुस्मनको एजेन्ट, सन्दिग्ध चरित्र पनि भन्छन् र फेरि घोषणा गर्छन् - यति बेलाको भारतीय सत्ता प्रतिक्रियावादी सत्ता होइन । यसलाई कुन माओवादअन्तर्गत बुझ्ने ?

समाजमा वर्ग भएपछि वर्गस्वार्थ रहन्छ, स्वार्थले द्वन्द्व जन्माउँछ र वर्गसंघर्ष हुन्छ । राज्यसत्ता एउटा वर्गले अर्को वर्गमाथि अधिनायकत्व चलाउने औजार मात्र हो र साम्यवाद नआएसम्म यही भइरहन्छ- मार्क्सवादले यही भन्छ । भारतीय समाज वर्गविहीन अवस्थामा पुगिसकेको भए वा भारतमा उत्पीडित वर्गको राज्यसत्ता कायम भइसकेको भए अर्कै कुरा नत्र त हाकाहाकी भन्नै पर्छ- प्रचण्डको ठहर गलत छ, भारतमा प्रतिक्रियावाद हावी छ, भारतका मुक्तिकामी कम्युनिस्टहरू प्रतिक्रियावादी सत्तासँग आफ्नो मुक्तिको लागि लडिरहेका छन्, कुनै अदृश्य शक्तिको हतियार बनिरहेका छैनन्, भारतमा चलिरहेको वर्गसंघर्ष, भारतीय जनताको मुक्ति संघर्षलाई यसरी लाञ्छित गर्न प्रचण्डले पाउँदैनन् । नेकपा (माओवादी)ले अरू राजनीतिक दलहरूले झैं वर्ग दृष्टिकोण छाडेको भए बेग्लै कुरा ।

भारतको सत्ताले छिमेकी मुलुकका राजनीतिमा कहिले यसलाई त फेरि अर्कैलाई चेपेको भेटिन्छ । नेपालको आजसम्मको राज्यसत्ता सामन्ती दलाल नोकरशाही पुँजीपति वर्गको हातबाट नगुमेको पृष्ठभूमिमा भारतका शासकहरूको निम्ति आफ्नो सहवर्गको कुन पक्षलाई साथ दिने त्यसले खासै अन्तर पार्दैन, जे भए पनि भारतको स्वार्थ सुरक्षित हुने निश्चित छ । नेपाली जनताले लामो समयसम्म आफूमाथि तानाशाही लाद्ने अमुक शक्ति केन्द्रलाई विस्थापित गर्ने निश्चित भएपछि भारतले 'गुन' लगाउँदै नयाँ समीकरणको पक्षमा आफूलाई उभ्याएको २०६२-६३ मा पहिलो पटक होइन । मोहन शमशेरबाट जुन स्तरबाट भारतीय स्वार्थसिद्धि हुन सक्थ्यो, त्योभन्दा कम राजा त्रिभुवन र नेपाली कांग्रेसबाट हुने थिएन र नै दिल्ली सम्झौताको नाटक २००७ मा भएको थियो । २०१७ मा प्रजातन्त्रको पुनर्वहालीको नारा दिँदै भारतीय सत्ताले राजा महेन्द्रबाट विपी कोइराला र नेकाभन्दा पनि बढी आफ्नो स्वार्थ रक्षाको ग्यारेन्टी पाएपछि नेपालविरुद्ध भारतीय भूमिको उपयोग गर्न पाइन्न भनी नेकाको हतियार बिसाउन लगाएको थियो । मोहन शमशेरको सत्ता गुमे पनि उनले भारतसँग गरेको १९५० को सन्धि कायमै रह्यो, नेकाको मन्त्रिमण्डल खारेज भए पनि कोशी र गण्डक सम्झौता कायमै रहे, राजाको शक्ति सापेक्ष गिरे पनि कालापानीबाट भारतीय फौज हट्नु परेन, टनकपुरको बाँध यथावत् रह्यो, उल्टै महाकाली प्याकेज हात पर्‍यो भने भारतीय सत्ताको निम्ति ज्ञानेन्द्रको सट्टा गिरिजा, गिरिजाको साटो माधव नेपाल वा कुनै अनाम व्यक्ति नै पनि स्वीकार्य नहुनु पर्ने कुनै कारण छैन ।

नेकपा (माओवादी)को त्यो आशय नहोला, तर प्रचण्डकै शब्दमा 'प्रतिक्रियावादी नरहेको' वर्तमान भारतीय सत्ताको निम्ति प्रचण्ड स्वीकार्य नहुनुपर्ने कुनै कारण होला र ? भारतीय शासक वर्गका प्रकाण्ड व्यक्तित्व भिपी सिंहको इतिहास बदल्ने व्यक्तित्वको संज्ञाले अध्यक्ष प्रचण्डलाई पक्कै पनि आल्हादित तुल्याएको छ, तर के उनले मार्क्सको यो भनाइ बिर्से होलान् र- इतिहास दोहोरिन्छ, पहिलो पटक त्रासदीको रुपमा, दोस्रो पटक प्रहसनको रुपमा । मार्क्सकै भनाइ काफी होला नि ! ■



■ दीपक ज्ञवाली/नवलपरासी (तस्विर पनि)

**माओवादीको सर्वनाश** गर्न सम्पूर्ण शक्ति परिचालन गर्ने भनेर लागेका मुन्ना खाँ र मुरारी पहलवानहरू प्रतिकारकारी अगुवा व्यक्ति थिए। अनि माओवादी जिल्ला सचिव चिनक कुर्मीहरू प्रतिकारकारीको त्यस्तो योजना विफल पार्ने र उनीहरूलाई पराजित गर्ने पार्टीको रणनीति सफल बनाउन खट्थे। ती दुवैथरी दुवैको निसानामा थिए, तर मंसिर ९ गते नवलपरासीको गुठी पर्सौनीमा गजबको माहोल थियो। तिनै मुन्ना, मुरारी र चिनकहरू हात मिलाउँदै थिए र अब एकापसमा नलड्ने घोषणा गर्दै थिए। सरकार र माओवादीबीच शान्ति सम्झौता भएलगत्तै नवलपरासी जिल्लामा यस्तो अर्थपूर्ण समारोह हुँदै थियो। जहाँ प्रतिकारकारी अगुवा मुन्ना र मुरारीहरूले प्रतिकार समिति विधिवत् विघटन भएको घोषणा गर्दै थिए र आफ्ना हतियार जलाइरहेका थिए।

कुनै समयमा असाध्यै चुनौती बनेका प्रतिकारकारीहरूलाई यो बिन्दुमा ल्याउन भूमिका खेलेको थियो, राष्ट्रिय मानवअधिकार आयोगले। आयोगको पश्चिमाञ्चल र बुटवल कार्यालयले महिनौंसम्मको निरन्तर प्रयासपछि माओवादी र प्रतिकारकारीलाई यसरी एकै ठाउँमा जुटाएको थियो। जहाँ उसले अन्य सबै राजनीतिक दलहरूलाई पनि सहभागी गराएको थियो। आयोगले नवलपरासीमा ३० भदौमै माओवादी र प्रतिकारकारीबीच शान्ति सम्झौता गराएको थियो। उसले प्रतिकारकारीसँग दुई सयभन्दा बढी हतियार रहेको ठहर गर्दै त्यसको व्यवस्थापनका लागि जिल्लाका १७ गाविसमा काम गर्दै आएको थियो।

मंसिर ९ गते भएको त्यस्तो अर्थपूर्ण भेलामा प्रतिकारकारीले आफ्ना नौ थान हतियार जलाएका थिए। नष्ट गरिएका हतियारहरूमा १२ बोरका एकनाले टोटा ७ थान, दुईनाले टोटा १ थान, र थ्रीनट थ्रीको गोली लाग्ने कटुवा १ थान रहेका छन्।

आयोग रुपन्देहीका ठाकुर चापागाईले प्रतिकारकारीका ती हतियार कसलाई बुझाउने भन्ने बारेमा समस्या उत्पन्न भएपछि जलाइएको बताए। ती हतियार सुरक्षानिकायलाई बुझाउने कुरामा माओवादीले असहमति जनाएको थियो। 'अब प्रतिकारकारीले बुझाउने हतियार नजलाउने बरु लक गरेर राख्न सकिन्छ', चापागाईले बताए।

उक्त अवसरमा प्रतिकार समितिका अगुवा मुन्ना, मुरारीसँगै उनका सहकर्मीहरू पप्पु चौहान, टिकट मियाँ, फेकु मुसहर, भरत मुआल, नासिर मियाँ लगायत दुई दर्जन प्रतिकारकारी सदस्यहरूको उपस्थिति थियो। प्रतिकार समितिका अगुवा मुन्नाले हतियारले कसैको भलो नहुने बताए। आफूहरूले अज्ञानताले हतियार उठाएको दाबी गर्दै उनले हतियार बुझाएर प्रतिकार समिति विघटन गरेको घोषणा पनि गरे।

माओवादी जिल्ला सचिव चिनक कुर्मीको प्रतिक्रिया थियो, 'प्रतिकारकारीले हतियार बुझाएर बुद्धि पुऱ्याए।' उनले प्रतिकारकारी र माओवादीबीचका संघर्षमा दुवैतर्फ भएको

# खै त बाँकी हतियार ?

**नवलपरासीमा मात्रै प्रतिकारकारीसँग कम्तीमा पनि २ सय ३७ हतियार थिए। तीमध्ये उनीहरूले ६१ थान माओवादीलाई, ३९ थान सुरक्षानिकायलाई बुझाइसकेका छन् र गत साता नौ थान हतियार सार्वजनिक समारोहमै जलाएका छन्। प्रतिकार समिति विघटन भएको घोषणा गरिए पनि अझ त्यस्ता १ सय २८ थान हतियार कतै बुझाइएका छैनन्। तीमध्ये तत्कालीन शाही सरकारले उनीहरूलाई दिएका नौ थान आधुनिक हतियारमध्येका चार हतियार पनि अझसम्म गायब नै छन्।**



तत्कालीन शाही सरकारद्वारा नम्बर लगाएर वैधानिकता प्रदान गरिएका प्रतिकारकारीका हतियारहरू

क्षतिको पूर्ति सरकारले गर्नुपर्ने दाबी पनि गरे।

## बाँकी हतियार खै ?

प्रतिकार समिति विघटन भएको भनिए पनि १ सय २८ भन्दा बढी हतियार अझै पनि उनीहरूसँग रहेका छन्। त्यो दिन उनीहरूले नौ थान मात्रै जलाएका थिए। प्रतिकारकारीसँग रहेका बाँकी हतियार पनि क्रमशः बुझाउन लगाउने मानवअधिकार आयोगको भनाइ छ। 'बाँकीले हेरौं, माहोल बुझेर बुझाउँला भनेका छन्', आयोगका कर्मचारीले बताए।

नवलपरासीमा मात्रै प्रतिकारकारीसँग न्यूनतम २ सय ३७ हतियार थिए। तीमध्ये २ सय २८ हतियार स्थानीय जमिनदारको आर्थिक सहयोगमा प्रतिकारकारी आफैंले जुटाएका थिए र नौ थान आधुनिक हतियार प्रशासनले उनीहरूलाई थपिदिएको थियो। तत्कालीन सरकार र प्रशासनले प्रतिकारकारीले आफैं जुटाएका २ सय २८ हतियारलाई पनि नम्बर लगाएर वैधानिकता दिएको थियो।

प्रतिकारकारीसँग रहेका ती हतियारमध्ये उनीहरूले यसअघि नै ६१ थान माओवादीलाई र ३९ थान जिल्ला प्रशासन तथा सुस्ता प्रहरीलाई बुझाएका थिए। गत हप्ता उनीहरूले नौ थान हतियार सार्वजनिक समारोहमै जलाएका छन्।

तर प्रतिकार समिति विघटन भएको घोषणा गरिए पनि अझ त्यस्ता १ सय २८ थान हतियार कतै बुझाइएका छैनन्। गायब हतियारमा तत्कालीन सरकारले उनीहरूलाई दिएका नौ थान आधुनिक हतियारमध्येका चार हतियार पनि छन्।

प्रतिकार समिति विघटनको घोषणा गरिएको कार्यक्रममा कतिपय प्रतिकारकारी उपस्थित थिएनन्। जससँग अझ पनि हतियार रहेका छन्। तीमध्ये केही प्रतिकारकारी हुन्, शंकर मल्लाह, इन्द्रजित यादव, राधे मुखिया र लोरिक यादवहरू।

एक स्रोतका अनुसार शंकर मल्लाहसँग २५ थान हतियार रहेका छन्। तीमध्ये १७ थान निजी र ४ थान तत्कालीन सरकारले दिएका हतियार छन्। त्यस्तै इन्द्रजितसँग १० थान हतियार अझ पनि बाँकी छन्। उनीसँग रहेका २२ थान हतियारमध्ये १२ थान यसअघि नै उनले माओवादीलाई बुझाएका थिए। उनीहरूले आफूसँग बाँकी भएका हतियार अझ बुझाएका छैनन्।

उनीहरूमध्ये केही भारत पसेको अनुमान छ र केही क्रमशः सम्पर्कमा आइरहेको मानवअधिकार आयोगको भनाइ छ।

उनीहरूले क्रमशः हतियार बुझाउने विश्वास आयोगका कर्मचारीले लिएका छन्।

एक अध्ययनबाट पत्ता लागेका ०६१ सालको माघदेखि उनीहरू घोषित रुपमै माओवादीविरुद्ध प्रतिकारमा उत्रिएका थिए। उनीहरूलाई शाही सरकारले माओवादीविरुद्ध लड्न उक्साएको थियो।

आयोग क्षेत्रीय कार्यालयका निमित्त निर्देशक अच्युत आचार्यले त्यति बेला प्रतिकारकारीहरूलाई भ्रममा पारेर तत्कालीन सरकार र सुरक्षा अधिकारीहरूले हतियार उठाउन उक्साएको बताए। उनले तत्कालीन अवस्थामा प्रतिकारकारीका २ सय २८ हतियारमा नम्बर लगाई सरकारले वैधानिकता दिएको, विभिन्न खालका नौ थान आधुनिक हतियार प्रतिकार समितिलाई दिएको रहस्य पनि खोले।


प्रतिकारकारी हतियार जलाइँदै

त्यसबेला नवलपरासीको त्रिवेणी ब्यारेकमा प्रतिकारकारीलाई २० दिनसम्म सेनाले तालिम दिएको थियो। जिल्ला प्रशासन नवलपरासीले प्रतिकारकारी युवाहरूलाई जनही मासिक एक हजार रुपैयाँका दरले तलब दिने प्रलोभनमा कमान्डर जस्ता पदहरू तोकिदिएको प्रतिकारकारीहरूले खुलासा गरे।

प्रशासनले उनीहरूलाई दिएका नौ थान हतियारमध्ये एक थान मात्रै जलाइएको थियो। तीमध्ये तीन थान माओवादीलाई प्रतिकारकारीले यसअघि नै बुझाएका थिए, तर बाँकी चार थान अझ गायब नै रहेका छन्।

नवलपरासीमा सुरुको चरणमा प्रतिकारकारीको नेतृत्व मुन्ना खाँले गरेका थिए र उनी नै अध्यक्ष बनेका थिए। दोस्रो चरणमा उनी सल्लाहकार बनेका थिए। उनको सट्टामा अध्यक्ष बनेका थिए, मुरारी पहलवान। तर प्रशासनले उनीहरूलाई हतियार र तालिम दिँदै परिचयपत्रको समेत व्यवस्था गर्न थालेपछि प्रतिकारकारीको अध्यक्ष लोरिक यादव बनेका थिए।

मुन्ना र मुरारी दुवैसँग नेपाली नागरिकता नभएका कारण प्रशासनले त्यस्तो रणनीति अपनाएको स्रोतको दाबी छ।

त्यति बेला पश्चिम तराईका तीन जिल्ला नवलपरासी, कपिलवस्तु र रुपन्देहीमा झन्डै एकैसाथ सरकारी उक्साहटमा प्रतिकारकारीहरू संगठित भएका थिए।

प्रतिकारकारी र माओवादीबीचका हिंसात्मक द्वन्द्वमा ती तीन जिल्लामा मात्रै डेढ सयभन्दा बढीको ज्यान गएको थियो।

ती दुवै पक्षको लडाइँको बहानामा नवलपरासीको बर्गदहवामा एकै रात सिंगो गाउँमा आक्रमण र अगजनी हुँदा ११ निर्दोष गाउँले मारिएका थिए। प्रतिकारकारी लुकेर बैठक बसिरहेको ठानी माओवादीले गाउँ नै घेरा हाली त्यस्तो आक्रमण गरेको थियो, जसमा निर्दोष र सर्वसाधारण मारिएका थिए।

प्रतिकारकारीको जगजगी रहेका तीन जिल्लामध्ये नवलपरासीमा प्रतिकार समिति विघटन भएको भनिए पनि कपिलवस्तु र रुपन्देहीमा अझ पनि विघटन भएको सार्वजनिक भएको छैन। ■



तेजबहादुर बस्नेत

# सबैको पहुँच

■ ज्योति देवकोटा/काठमाडौं

**जाडो छल्न तराई झर्ने** परापूर्वकालको मान्यता सकिएको छ । जाडो कम गर्न बजारमा सर्वसुलभ र सुपथ मूल्यमा उपलब्ध हुने स्वदेशी र विदेशी लत्ता-कपडादेखि पानी र घरका कोठा तताउनका लागि आधुनिक हिटर र एसी जस्ता वस्तुमा सर्वसाधारणको पहुँच पुग्न थालेको छ ।

यससँगै आँगनमा आगो बालेर जाडो भगाउने र स्टोभमा मट्टितेल हालेर ठूलो भाँडोमा नुहाउनका लागि पानीको चाँजोपाँजो मिलाउनुपर्ने अवस्था हराएको छ । वर्षेपिच्छे भित्रिने गरेका नवीनतम प्रविधिसँगै सामान्य नेपालीले समेत यस्ता सामान प्रयोगमा अग्रसरता देखाउन थालेका छन् ।

वर्षेपिच्छे देखिएको परिवर्तनसँगै विशेषगरी काठमाडौंका उपभोक्ताले जाडो छल्न प्रयोग गरिने भौतिक वस्तुको प्रयोगमा देखाएको चासो र यसको बढ्दो बजारका कारण मौसमी बजार मानिने चिसोका बेला मात्र प्रयोग गरिने वस्तुको खपतले अकल्पनीय उचाइ लगेको छ । आधा दशकअगाडि अनौठा र नौला लाग्ने अत्याधुनिक विद्युतीय वस्तुको प्रयोगकर्ताका रुपमा आफूलाई अग्रपंक्तिमा उभ्याउन सफल भएका छन्, नेपाली उपभोक्ता ।

'सौर्य हिटरको मात्र खपत पछिल्ला वर्षहरूमा करिब पाँच हजार हुने गरेको अनुमान गरेका छौं । आगामी वर्षमा हाम्रो कम्पनीले मात्र वार्षिक ३ हजार खपत गराउने लक्ष्य लिएका छौं', सोलार-प्रोको आधिकारिक बिक्रेता अल्ट्रा ट्रेडिङका प्रमुख आरके खनाल बताउँछन् ।

अहिले काठमाडौंमा भित्रिने गरेका हिटरदेखि एसी, ग्यास गिजर र सौर्य हिटरहरू सिंगापुरदेखि अस्ट्रेलिया र चीनबाट समेत आउने गरेका छन् । 'गुणस्तरका हिसाबले अस्ट्रेलियाबाट आएका सामानहरू अगाडि देखिए पनि चीनबाट आएका कम गुणस्तरीय तर सुपथ मूल्यका कारण बजार चिनियाँ सामानकै बढी देखिएको छ', हिटर तथा अन्य घरायसी सामानको थोक बिक्रेताका रुपमा कार्यरत डाइस्टारका म्यानेजर विवेक लुइँटेल बताउँछन् ।

त्यसैगरी अहिले केही वर्ष अगाडिसम्म एसीको अर्थ समेत नबुझेकाहरूले समेत आफ्नो घरको भित्तामा आधुनिक र माइक्रो एसी झुन्ड्याउन थालेका छन् । 'केही वर्षदेखि बैंक, अस्पताल र कार्यालयहरूमा एसीको प्रयोग बढ्न थालेपछि प्रतिस्पर्धाका साथ भित्रिएका एसी बिक्रेता कम्पनीहरूले मूल्यमा समेत प्रतिस्पर्धा गर्न थालेपछि मध्यमवर्गीयले समेत यतातिर चासो देखाएका छन्', चिनियाँ एसी बिक्रेता चिगोका बजारप्रमुख बताउँछन् । उनका अनुसार हायर, मिडिया, हिमाल, म्याक्वे जस्ता दर्जनौं चिनियाँ र अन्य विदेशी ब्रान्डका एसीहरूले अहिले नेपाली बजार ढाकेका छन् ।



# तातोको बजार

जाडो मौसम कटाउनलाई उचित मूल्यमा पाइने न्याना कपडादेखि नुहाउनलाई पानी तताउन प्रयोग गरिने ग्याँसगिजरदेखि सोलार हिटर र एसीसम्ममा देखिएको सर्वसुलभता र उचित मूल्यका कारण सामान्य नेपालीले गुजार्ने जीवनस्तरमा समेत परिवर्तन देखिएको छ ।

कुनै बेला नौलो र माथिल्लो घरानियाँहरूले मात्र प्रयोग गर्ने मानिएको एसी (एयर कन्डिसनर) र सौर्य हिटरमा देखिएको मध्यमवर्गको पहुँचले नेपालीको जीवनस्तर बढेको मात्र देखिने नभई यी सामानमा देखिने मूल्यको प्रतिस्पर्धाले मध्यमवर्गका उपभोक्तालाई आकर्षित गर्ने गरेका छन् ।

सानो परिवारका लागि कोठाभित्र पानी तताउने मिल्ने गिजरदेखि कोठा न्यानो राख्न प्रयोग गरिने हिटर, एसी र ठूलो परिवार र आफ्नै घर भएकाहरूले प्रयोग गर्ने सौर्य हिटरसम्म व्यापारीहरूले दिने गरेको छुट र सहज किस्ताबन्दीको व्यवस्थाले पनि यस्ता विलासिताका सामानप्रति उपभोक्ताको चासो र झुकाव बढेको पाइएको छ ।

चिनियाँ बजारको बढ्दो पहुँचका कारण कुनै बेला झन्डै ८५ हजारसम्म तिर्नुपर्ने एयर कन्डिसनर अहिले ४० हजारसम्म झरेको छ । त्यसैगरी जाडो बेलामा नुहाउन गाह्रो मान्नेहरूका लागि समेत सहज र प्रभावकारी मानिएको ग्याँस गिजर अहिले बढीमा ५ हजारमा प्राप्त गर्न सकिन्छ भने चीनबाट लाखौंको संख्यामा भित्रिने गरेको विद्युतीय हिटर (हेलोजिन हिटर) पनि हजार रुपैयाँमा पाइन्छ । सस्तो, सर्वसुलभ र सबैका लागि उपयोगी भएका कारण जाडो बेलामा विशेष गरी राजधानीभित्र हेलोजिन हिटरको माग सबैभन्दा बढी देखिएको छ । जाडो मौसमका बेला यस्ताखाले हिटरको माग चिनियाँ बजारले पूर्ति गर्न सक्दैन । यो बेला अन्य कम्पनीले समेत फरक फरक ब्रान्डका नामबाट हेलोजिन हिटर बजारमा ल्याउने गरेको बताउँछन्, बिक्रेता कम्पनीहरू ।


सामान्य व्यक्तिदेखि उच्चवर्गकाले समेत प्रयोग गर्ने यस्ता हिटरको आयात मुख्यतया चीनबाटै हुने गरेको छ । प्रतिवर्ष हजारौंको सख्यामा भित्रिने हेलोजिन हिटरमा लाखौंको कारोबार हुने गर्छ । जापान तथा भारतबाट समेत यस्ता हिटर आयात गरिने भए पनि चिनियाँ बजारले नै बढी बजार लिने गरेको बताउँछन्, लुइँटेल ।

अहिले बजारमा ९ सय देखि ४ हजारसम्म पाइने यस्ताखाले हिटरको माग पनि विस्तारै बढ्दै गरेको बताउँछन् उनी । बढ्दो मौसमी परिवर्तसँगै जाडो महिनामा बढी जाडो हुने र गर्मीमा हवात्तै गर्मी हुने हुनाले केही वर्षदेखि एयर कन्डिसनरमा समेत मध्यमवर्गको पहुँच बढेको भए पनि जाडोमा मात्र प्रयोग गर्न मिल्न यस्तो हिटरमा उपभोक्ता आकर्षित भएको पाइएको छ ।

यति मात्र होइन, मौसमी परिवर्तसँगै विगत केही वर्षहरूमा तराईमा देखिने गरेको शीतलहरको बढ्दो प्रभावका कारण यस्ता हिटरको प्रयोग तराईका जिल्लामा व्यापक हुने गरेको छ । 'जहाँ बिजुलीको प्रभाव छ, त्यहाँ हेलोजिन हिटर पुगेको देखिएको छ', उनी बताउँछन् ।

बिजुलीको पैसा पनि खासै नलाग्ने र सस्तोका कारण अहिले विशेष गरी काठमाडौंमा यस्ताखाले हिटरको माग दिनानुदिन बढ्दो छ । प्रतिरड ४ सय वाटको बिजुली तान्ने गर्छ, यस्तो हिटरले । ■



## वागेन आर बजारमा

**अरुण कन्टिनेन्टल** ट्रेडर्सले नयाँ 'वागेन आर' नेपाली बजारमा ल्याएको छ । भारतको ख्यातिप्राप्त मोटर उत्पादक कम्पनी मारुती सुजुकीले उत्पादन गरेको उक्त कार नेपाली उपभोक्तामाझ लोकप्रिय हुने विश्वास कम्पनीको छ । भारतीय उपभोक्ताबीच लोकप्रिय यो कार विभिन्न आठ रंगमा उपलब्ध छ । कार्यक्षमता, सुविधा र ऊर्जा क्षमताका हिसाबले 'वागेन आर' आधुनिक कार भएको दाबी कम्पनीको छ । उक्त कारको मूल्य १२ लाख १८ हजार रुपैयाँ रहेको छ ।

## एस फाइनान्सको लाभांश

**एस फाइनान्स** कम्पनी लिमिटेडको एघारौं साधारणसभाले ४२ दशमलव ११ प्रतिशत लाभांश वितरण गर्ने निर्णय गरेको छ । कम्पनीले हकप्रद सेयर जारी गरी चुक्तापुँजी ३२ करोड रुपैयाँ पुऱ्याउने र ख वर्गको वित्तीय संस्थामा स्तर वृद्धि गर्ने निर्णय पनि गरेको छ । जसबाट यस फाइनान्सका ग्राहकहरू थप लाभान्वित हुनेछन् । साथै फाइनान्सले 'लकर' सुविधा दिने निर्णय पनि गरेको छ ।

## एभरेष्ट बैंकद्वारा लाभांश

**एभरेष्ट बैंक** लिमिटेडले सेयर होल्डरहरूलाई २५ प्रतिशत नगद लाभांश दिने भएको छ । बैंकको हालै सम्पन्न बाह्रौं साधारणसभाले उक्त प्रस्तावलाई अनुमोदन गरेको छ । साधारणसभाले आर्थिक वर्ष २०६२/०६३ को वार्षिक प्रतिवेदन पनि पारित गरेको छ । बैंकले निष्क्रिय कर्जाको मात्रा १ दशमलव २७ प्रतिशतमा झारेको बताएको छ । बैंकले नेपालगन्ज र काठमाडौंको बालाजुमा दुई शाखा खोल्ने तयारी गरिरहेको छ ।

## आर्थिक वर्षको सर्वाधिक अगाडि

**यस आर्थिक** वर्षको तेस्रो खण्डमा सातौं आठौं र नवौं महिनामा एलसिडी टिभीहरूको बिक्रीदर २२ प्रतिशतबाट बढेर २४ प्रतिशतसम्म पुगेको छ ।

एलसिडी टिभी तथा प्लाज्मा टिभी जस्ता समतल डिस्प्ले भएका टिभीहरूको बिक्री अवमूल्यन तथा बाहिरी आकर्षणका कारण ह्वात्तै बढेको छ । मुख्यतया पुरानो प्रकारका ठूला ट्युब भएका टिभीका ग्राहक यस प्रकारका टिभीप्रति आकर्षित छन् । शुक्रवारको एक विज्ञप्तिअनुसार दक्षिण कोरियाको सामसुङ इलेक्ट्रोनिक्स कम्पनीले यस प्रकारको एलसिडी टिभीको सर्वाधिक बिक्री गर्न सफल भएको छ । अक्षरसः हिसाबले सामसुङले विश्वभरिको



एलसिडी टिभीको बिक्रीको १३.२% स्थान ओगट्न सफल रही सार्प कर्प तथा फिलिप्स इलेक्ट्रोनिक्सलाई पछि पारेको छ । यी दुईले दोस्रो र तेस्रो स्थान ओगटेका छन् । सामसुङको कुल आय प्रतिशत भने १५.६% रहेको छ ।

## एडिबी सहयोग गर्न तयार

**एसियाली विकास** बैंक (एडिबी)ले नेपाल सरकारले तयार पार्ने कार्ययोजनाका आधारमा नेपाल सहयोग रणनिति तय गर्ने भएको छ ।

नेपाल भ्रमणमा आएका दक्षिण एसियाली क्षेत्र हेर्ने बैंकका उपनिर्देशक सुल्तान हफिज रहमानले यसै साता आयोजित पत्रकार सम्मेलनमा सरकारको अन्तरिम योजनाका आधारमा एडिबीले सहयोग गर्ने बताएका छन् ।

नेपालको द्वन्द्व अन्त्यका लागि गरिएका सम्झौताहरू दिगो शान्ति स्थापना र विकासका लागि महत्त्वपूर्ण रहेको उल्लेख गर्दै रहमानले एडिबीले त्यसको स्वागत गरेको जानकारी पनि दिएका छन् ।

रहमान यसअघि एडिबीको नेपालस्थित कार्यालयका राष्ट्रिय निर्देशकका रुपमा कार्यरत थिए । एडिबीले सन् २००६ मा नेपाललाई १७ करोड अमेरिकी डलर बराबरको आर्थिक सहयोग उपलब्ध गराइसकेको छ । एडिबीका सहयोगहरू नेपालमा आर्थिक एवं सामाजिक रुपान्तरण र गरिबी निवारणका कार्यक्रममा केन्द्रित रहँदै आएका छन् ।

## एसएएम फोर एस बजारमा

**एसओआई प्रालिले** 'एसएएम फोर एस' इलेक्ट्रोनिक क्यास रजिस्टर मेसिन बजारमा ल्याएको छ । कोरियामा निर्मित उक्त मेसिन आन्तरिक राजस्व विभागबाट 'आइआरडी' मान्यताप्राप्त भएको र विभागले तोकेका सम्पूर्ण मापदण्डयुक्त रहेको कम्पनीले जनाएको छ ।

कम्पनीले जारी गरेको विज्ञप्तिअनुसार उक्त मेसिन बलियो, भरपर्दो चलाउन सजिलो हुनुका साथै आवश्यकताअनुसार सेल्स र अन्य रिपोर्ट प्रिन्ट गर्न सकिन्छ ।

बिल तथा आइटम क्यान्सिलेसन गर्ने सुविधा भएको, चारवटा अपरेटर लग गर्न मिल्ने, बार कोड रिडर, क्यास ड्रयर र एक्सटर्नल प्रिन्टर जडान गर्न सकिने यो मेसिनमा १५ घन्टा इन्टरनल पावर ब्याकअप हुनुका साथै एक वर्ष वारेन्टी रहेको पनि कम्पनीको दाबी छ । आइआरडीद्वारा प्रकाशित सूचनाअनुसार २२ किसिमका कारोबार र एउटै सपिङ कम्पेलक्सभित्र हुने सम्पूर्ण कारोबारमा इसिआर मेसिन प्रयोग अनिवार्य छ ।






**नवीन अर्याल/काठमाडौं**

# झिनो आशा

**नेपाली खेलकुदको** एसियाडसँग निकै घनिष्ट सम्बन्ध छ। नेपालले अन्तर्राष्ट्रिय प्रतियोगिताको सुरुवात नै एसियाडबाट गरेको थियो। सन् १९५१ मा भारतको राजधानी नयाँ दिल्लीमा आयोजित पहिलो एसियाडमा सहभागिता जनाएपछि अन्तर्राष्ट्रिय खेलमञ्चमा नेपाल उभिन पुगेको थियो।

मंसिर १५ गतेदेखि कतारको राजधानी दोहामा पन्ध्रौं एसियाड सुरु हुँदा यहाँ उपस्थित दुई लाखभन्दा बढी नेपालीको मन नेपालको प्रदर्शनमा केन्द्रित रहनेछ। एसियाडमा नेपालको प्रदर्शन त्यति सुखद छैन। एसियाडमा नेपालको यो चौधौं सहभागिता हो। सन् १९५४ मा फिलिपिन्सको राजधानी मनिलामा भएको दोस्रो एसियाडमा सहभागिता नजनाएको नेपाल त्यसपछि एसियाडमा लगातार सहभागी हुँदै आइरहेको छ।

नेपालका लागि अहिलेसम्मकै अविस्मरणीय एसियाड भनेको सिओल एसियाड हो। सन् १९८६ मा दक्षिण कोरियाको सिओलमा सम्पन्न दसौं एसियाडमा नेपालले पहिलो पदक मात्र जितेन, एकै एसियाडमा आठ काँस्य पदक जित्दै अन्य देशलाई समेत चकित पारेको थियो। त्यति बेला नेपालले बक्सिङ र तेक्वान्दोतर्फ ४/४ वटा काँस्य पदक जितेको थियो। दलबहादुर राना मगर, तुलबहादुर थापा, सुशील पोखरेल र मनोजबहादुर श्रेष्ठजस्ता उत्कृष्ट बक्सरहरूले नेपाललाई काँस्य पदक दिलाएका थिए भने तेक्वान्दोतर्फ राजकुमार राई, विधान लामा, राजकुमार घर्ती क्षेत्री र राजकुमार बुढाथोकी क्षेत्रीले काँस्य पदक जितेका थिए।

प्रदर्शनकै हिसाबले थाइल्यान्डको बैंककमा सन् १९९८ मा भएको तेह्रौं एसियाडलाई पनि अविस्मरणीय मान्ने गरिन्छ। तेह्रौं एसियाडमा नेपालले एक रजत र तीन काँस्य गरी कुल चार पदक जितेको थियो। तेक्वान्दो खेलाडी सविता राजभण्डारीले फेदरवेटतर्फ रजत जितेकी थिइन्, जुन एसियाडमा नेपाली खेलाडीको अहिलेसम्मकै उच्च प्रदर्शन हो।

पछिल्लोपल्ट दक्षिण कोरियाको बुसानमा सन् २००२ मा भएको चौधौं एसियाडमा नेपालका तीन तेक्वान्दो खेलाडीहरूले काँस्य पदक जितेका थिए, दीपक विष्ट, रेणुका थापा मगर, रितुजिमी राईले। सिओलमा सम्पन्न दसौं एसियाडदेखि नेपाल रित्तो हात घर फर्किएको छैन। कुनै न कुनै खेलका खेलाडीले नेपालका लागि पदक जित्दै आइरहेका छन्। सन् १९९० मा चीनको बेइजिङमा भएको एघारौं एसियाडमा एघार खेलमा सहभागिता जनाएको नेपाल पदकविमुख हुन लागेका बेला चित्रबहादुर गुरुङले बक्सिङमा काँस्य पदक दिलाएका थिए।

दोहा एसियाडमा नेपालले १४ खेलमा ५१ खेलाडी उतार्दै छ। तर, यसपालि दसौं एसियाडदेखि पदक जितिरहेको नेपाली खेलकुदको इतिहासले निरन्तरता पाउने कुरामा खेल जानकार कमै आशावादी छन्। एसियाडको तयारी निकै फितलो भएका कारण पनि पदकको आशा कमैले गरेका हुन्। यद्यपि, यति हुँदाहुँदै पनि मार्सल आर्टतर्फ पदकको आशा गरिएको छ। नेपालले हालसम्म




तस्विरहरू : तेजबहादुर बस्नेत




## पन्ध्रौं एसियाडका नेपाली खेलाडीहरू

**तेक्वान्दो –** दीपक विष्ट (वेल्टरवेट), मनिता शाही (लाइटवेट), कुमार मानन्धर (फिनवेट), यामबहादुर पुन (फ्लाइवेट), सञ्जीव प्रधान (वेन्टमवेट), राजेशकुमार श्रेष्ठ (लाइटवेट), यानकुमारी चौलागाई (फिनवेट), पद्मा गुरुङ (फ्लाइवेट), अबिना राई (बेन्टमवेट), आयुशा शाक्य (फेदरवेट)।

**कराँते –** सुलोचना सिजख्वा (काता), अमृता शाक्य (५३ केजी), कृष्णकला केसी (४८ केजी), रामबहादुर लिम्बू (५५ केजी), दीपक श्रेष्ठ (६० केजी), कुशल श्रेष्ठ (६५ केजी), विनोद शाक्य (७० केजी), रामशरण ट्वाटी (८० केजी)।

**उसु –** विना खड्का, विकास गुरुङ, गौतम डंगोल, मचारत्न महर्जन, सत्यमान लामा, धनवीर महर्जन, राजकुमार रसाइली, भुवन श्रेष्ठ।

**एथ्लेटिक्स–** अर्जुनबहादुर बस्नेत (म्याराथन), कान्छिमाया कोजू (दस हजार मिटर दौड)।

**जुडो –** रन्जु राई (५२ केजी), देबु थापा (६३ केजी)।

**सुटिङ –** असीम यादव (एयर राइफल), फूलमाया क्याछ्याकी (एयर राइफल), अस्मिता राई (एयर राइफल), भगवती खत्री (एयर राइफल)।

**सफ्ट टेनिस –** कृष्णबहादुर राउत, श्यामकुमार लामा, दीपेन्द्र थापा, अभिषेक अमन झा, राजु नगरकोटी।

**गल्फ –** तासी घले, सिबी भण्डारी, शिवराम श्रेष्ठ, यलम्बरसिंह अधिकारी।

**शारीरिक सुगठन–** सचित प्रधान (६० केजी), बक्सिङ- सुशील घिमिरे (६४ केजी), भारोत्तोलन -कमलबहादुर अधिकारी (६२ केजी), कुस्ती- धर्मराज यादव (१२० केजी), ब्याडमिन्टन- सुमिना श्रेष्ठ (महिला एकल), चेस- विमललाल श्रेष्ठ, सुरवीर लामा, मोनालिसा खम्बू।

एसियाडमा १८ पदक जितेको छ, जसमा मार्सल आर्टले मात्रै तेह्र पदक देश भित्र्याएको छ। तेक्वान्दोले एघार पदक दिलाएको छ भने कराँतेतर्फ दुई काँस्य पदक नेपालले जितिसकेको छ। यसपालि पनि तेक्वान्दो र कराँतेमा नेपालले सबैभन्दा बढी पदकको आशा गरेको छ। 'हाम्रो पदकको सम्भावना भनेको नै मार्सल आर्ट विधा हो', राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव जीवनराम श्रेष्ठ भन्छन्। नेपालले पहिलोपल्ट यसै एसियाडमा चेस र शारीरिक सुगठनमा भाग लिँदै छ। नेपालले तेक्वान्दोमा सर्वाधिक दस खेलाडी उतार्दै छ, जसमा चौधौं एसियाडका काँस्य पदकधारी खेलाडी दीपक विष्ट र दसौं सागमा स्वर्ण जितेकी मनिता शाही सहभागी छन्। ■

## आँखा दीपकतिर

मंसिर १५ गते कतारको दोहामा पन्ध्रौं एसियाड सुरु भएपछि तेक्वान्दो खेलाडी दीपक विष्टको प्रदर्शनलाई लिएर थुप्रै अड्कलबाजी चल्न थालेको छ। दीपकले भदौमा सम्पन्न दसौं दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग)मा स्वर्ण जित्ने क्रममा नयाँ कीर्तिमान बनाएका थिए। उनले लगातार तेस्रोपल्ट स्वर्ण पदक जित्दै दक्षिण एसियाली खेलकुदमा ह्याट्रिक गर्ने नेपालका चर्चित म्याराथन धावक वैकुण्ठ मानन्धरको कीर्तिमानलाई बराबरी गरेका थिए।

'मैले एसियाडमा पनि पदकको आशा गरेको छु', दोहा एसियाडको तयारीका लागि हाल अमेरिकाको मयामीमा अभ्यासरत दीपकले इमेलमार्फत *समय*लाई जानकारी गराए। उनी दोहा पुगेको एकाउन्न सदस्यीय नेपाली खेलाडीहरूको टोलीमा एकमात्र यस्ता खेलाडी हुन्, जसले एसियाडमा पदक जितिसकेको छ। दीपकले चार वर्षअघि दक्षिण कोरियाको बुसानमा आयोजना भएको चौधौं एसियाडमा काँस्य पदक जितेका थिए। उनी विगत दुई महिनादेखि अमेरिकामा अभ्यासरत छन्।

'मेरो लक्ष्य बुसान एसियाडभन्दा राम्रो गर्नु हुनेछ', ३० वर्षीय तेक्वान्दो खेलाडीले भने। दीपक दोहा एसियाडमा वेल्टरवेटतर्फ भिड्दै छन्। उनी पछिल्लो एसियाडमा फेदरवेटमा उत्रिएका थिए। दसौं सागमा एथ्लेटिक्सतर्फ नेपाललाई दोहोरो स्वर्ण दिलाएका धावक राजेन्द्र भण्डारी डोपिङ प्रकरणमा मुछिएका कारण दुई वर्ष अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न प्रतिबन्ध झेलिरहेको अवस्थामा हाल एसियाडमा समावेश नेपाली टोलीमा दीपकको उपस्थितिलाई सबैले महत्त्वका साथ लिएका छन्।



तस्बिर : निमेष

# चम्किँदा क्रिकेटर

■ **निमेष अधिकारी/मलेसिया**

**नेपाल एसियाली क्रिकेट** काउन्सिल (एसिसी) प्रिमियर लिग त्रि-दिवसीय क्रिकेट प्रतियोगिताको फाइनलमा समावेश भएको छ ।

मंसिर ८ देखि १० गतेसम्म मलेसियासँग उसैको भूमिमा बराबरी खेलेपछि नेपाल एसिसी प्रिमियर लिगको फाइनलमा पुगेको हो । नेपालले पहिलो इनिङमा तयार पारेको दुई सय २६ रनको योगफललाई पछ्याउने क्रममा घरेलु मलेसिया सुरुदेखि नै पछाडि पर्न पुगेपछि नेपालले खेलमा पकड जमाएको थियो । मलेसिया पहिलो इनिङमा एक सय ६२ रनमा धराशायी भएको थियो । नेपालले दोस्रो इनिङ सुरु गर्ने क्रममा सात विकेटको क्षतिमा एक सय ८० रन बनाउँदै इनिङ समाप्तिको घोषणा गरेको थियो भने मलेसियासामु जितका लागि २ सय ४५ रनको लक्ष्य राखेको थियो । तेस्रो तथा अन्तिम दिन सात विकेट गुमाइसकेको मलेसियालाई १ सय एक रनमा रोक्न सफल भए पनि घरेलु टोलीको सम्पूर्ण विकेट लिन नसक्दा नेपालले बराबरीमा खेल चित्त बुझाउनु पऱ्यो ।

सधैँजसो विदेशी भूमिमा नेपाली ब्याट्सम्यानहरूले राम्रो स्कोर गर्न नसकेको आरोप खेपिरहेका बेला विराटनगरका अलराउन्डर राजकुमार प्रधान र कलैयाका संजम रेग्मीले पहिलो इनिङमा अन्तिम विकेट (दसौँ विकेट)का लागि कीर्तिमानी एक सय चार रनको साझेदारी गर्दै नेपाललाई मजबुत स्थितिमा पुऱ्याएका थिए ।

एक समय नौ विकेटको क्षतिमा एक सय २२ रनमात्र बटुलेर दयनीय स्थितिमा रहेको नेपाली इनिङलाई राजकुमार र संजमले ४४ ओभर क्रिजमा टिकेर उकासेका थिए । यी दुवैको साहसिक प्रदर्शनले पहिलो इनिङमा दुई सय २६ योगफल तयार पार्न सफल भएको थियो, नेपाल ।

मलेसियाली इनिङलाई ध्वस्त पार्न २५ ओभरमा आठ मेडन राख्दै ४६ रन खर्चेर ५ विकेट पनि लिएका राजकुमारले आफूलाई दुई देशबीचको खेलमा उत्कृष्ट खेलाडी ठहऱ्याउन पहिलो इनिङमा एघार चौकाको मद्दतले अविजित ६८ रन बनाएका थिए । 'म स्वयं आश्चर्यचकित छु', विगत पाँच वर्षदेखि राष्ट्रिय टोलीको सदस्य रहँदै आइरहेका लेग स्पिनर राजकुमार प्रधानले मलेसियाविरुद्ध अविस्मरणीय खेल खेलेपछि प्रतिक्रिया दिने क्रममा भने ।

एसिसी प्रिमियर लिगको अन्तिम खेल खेल्न एक दिनअघि मलेसिया आइपुगेको नेपाली टोली कुनै अभ्यासविना मैदानमा उत्रिएको थियो । नेपालमा घरेलु प्रतियोगितामा खचाखच हुने दर्शकको भीडमा आफूलाई निखार्दै आइरहेका नेपाली खेलाडीहरू क्वालालम्पुरको किन्रारा ओभलमा तीन दिनसम्म उत्रिँदा पनि मैदान सुनसान थियो ।

'पहिलो इनिङमा फेरि ब्याट्सम्यानहरू जम्न सकेनन्', विदेशीभूमिमा नेपाली ब्याट्सम्यानहरूको असफलता औँल्याउँदै प्रशिक्षक रोय लुक डायसले नेपाली क्रिकेटको अवस्था बताउँदै भने, 'फाइनलका लागि अभ्यास गर्न हामीसँग पर्याप्त समय छ । तर, नेपाल फर्किएपछि सबै खेलाडी घर फर्किन्छन् र लामो समयपछि अभ्यासमा आउने गर्छन् । यसले हाम्रो तयारीमा असर पर्ने गर्छ ।'

टस हारेर ब्याटिङको निम्तो पाएको नेपालका लागि परेश लोहनी र शरद भेषवाकरले इनिङको सुरुवात गरेका थिए, तर यो जोडी असफल भयो । मध्यक्रममा विकेटकिपर महेश क्षेत्रीले २९ र ज्ञानेन्द्र मल्लले २४ रन बनाउँदै इनिङ सम्हाल्ने प्रयास गरेका थिए । नेपालले पहिलो इनिङमा ६४ रनको अग्रता लिएको थियो । मलेसियाविरुद्ध पहिलो इनिङमा राजकुमारबाहेक कप्तान विनोद दास, शरद भेषवाकर, पारस खड्का र शक्ति गौचनले १/१ विकेट बाँडेका थिए ।

नेपालको दोस्रो इनिङमा उप-कप्तान शक्तिले ४७ रन बनाए पनि उनी अर्धशतकबाट तीन रनले चुके । घरेलु मौसम र वातावरणसँग परिचित मलेसिया यसैको फाइदा उठाउँदै पराजयबाट जोगिएको थियो । सधैँझै खराब प्रकाश र वर्षाका कारण नेपाली टोली जितको नजिक हुँदाहुँदै पनि बराबरीमा खेललाई आत्मसात गर्न बाध्य भयो ।

नेपालले यस खेलबाट १६ दशमलव ५ बोनस अंक प्राप्त गऱ्यो भने प्रतियोगितामै ९६ अंक बटुल्दै पाँच देश सहभागी यस प्रतियोगितामा शीर्षस्थानमा रहेको छ । नेपालले चार खेलमध्ये २ मा जित, एकमा हार र एक खेललाई बराबरीमा रोकेको छ । यसै प्रतियोगिताअन्तर्गत तीनवटा खेल खेलेको सिंगापुर ५९ अंकका साथ दोस्रो स्थानमा छ भने नेपालसँग बराबरी खेल्दै १३ अंक बटुलेको मलेसिया तीन खेलबाट ५८ दशमलव पाँच अंकसहित तेस्रो स्थानमा छ । हङकङ तीन खेलमा ४४ दशमलव पाँच अंक बटुल्दै चौथो स्थानमा छ । नेपालसँग एकमात्र खेल खेलेको संयुक्त अरब इमिरेट्स (युएई) ३० दशमलव ५ अंकका साथ पाँचौं स्थानमा छ भने यो देशले अझै तीन खेल खेल्न बाँकी छ । ■

# माओवादी विचार संकलन




**माओवादी जनयुद्ध** शान्तिपूर्ण रुपान्तरणतर्फ लागिरहेका बेला त्यसका वरिष्ठ नेता डा. बाबुराम भट्टराईको 'राजतन्त्र र लोकतान्त्रिक गणतन्त्र' नामक पुस्तक बजारमा आएको छ। माओवादीमा बौद्धिक र लेखनदास नेताको परिचय बनाएका बाबुरामको यो पुस्तकका लेखहरू नयाँ नभए पनि अहिलेको सन्दर्भका लागि समेत पठनीय छन्। राजदरबार हत्याकाण्डलगत्तै २०५८ जेठ २४ गते कान्तिपुर दैनिकमा प्रकाशित 'नयाँ कोतपर्वलाई मान्यता दिनुहुँदैन'देखि गत साउन २८ गते लेखिएको 'शान्तिवार्ताका चुनौती'सम्म गरी ३७ वटा लेख पुस्तकमा संगृहीत छन्। पुस्तकमा समय, जनादेश, कान्तिपुर, मूल्यांकन, काठमाडौं पोष्ट, जनआस्था, नेपाल र लोकतन्त्रबाट तथा केही अप्रकाशित लेख पनि राखिएका छन्।

राजतन्त्रको पूर्ण उन्मूलन र जनवादी व्यवस्था स्थापनाका निम्ति २०५२ देखि जनयुद्ध सुरु गरेको माओवादी पार्टी राजतन्त्रको पूर्ण समाप्त नहुँदै सत्तासीन हुन लागिरहेको छ र बहुदलीय संसदीय व्यवस्थामै उसको प्रवेश निश्चित बनेको छ। माओवादीको यो बाटोबारे आम मानिसमा मात्र होइन, माओवादी पंक्तिमै अन्योल रहेको समाचार सार्वजनिक भइरहेका छन्। यस्ता बेला माओवादी आन्दोलनका भाष्यकार बाबुरामको विचार शृंखला अध्ययन गर्ने अवसर पाठकले पाएका छन्। बाबुरामले पुस्तकको भूमिकामै यो प्रसंग स्विकार्दै भनेका छन्, 'कतिपय मानिसले बिल्कुल बदनियतपूर्ण ढंगले र जनसमुदायमा भ्रम पार्ने दुरासयले नेकपा (माओवादी) पनि कथित सेरेमोनियल राजतन्त्र कायम राख्न सहमत भएको छ भन्ने दुष्प्रचार गरिरहेको सन्दर्भमा.... यस संकलनले केही मात्रामा भए पनि योगदान गर्नेछ भन्ने मैले विश्वास लिएको छु।'

कात्तिक २२ गतेको सात दल र माओवादीका शीर्षस्थ नेताहरूको बैठकले मुलुकको आगामी दिशा निर्देश गरेपश्चात् तयार पारिएको र मंसिर ५ को सरकार र माओवादी शान्ति सम्झौतापछि प्रकाशित पुस्तकमा त्यसपछिको विश्लेषण नहुनु भने खट्किने विषय बनेको छ। मुलुक र माओवादीको आगामी राजनीतिक दिशा के हुनेछ भन्ने राजनीतिप्रति रुचि राख्ने सबैका लागि अहिले उत्सुकताको विषय बनिरहेका बेला प्रकाशित पुस्तमा त्यस सन्दर्भ भने उल्लेख छैन। तैपनि, पुस्तकले विगत ४-५ वर्षको राजनीतिक घटनाक्रम र त्यसमा माओवादीको दृष्टिकोण बुझ्न पाठकलाई सजिलो पार्नेमा सन्देह छैन।

■ **सुवास देवकोटा**

---

**'बालुवाको समुद्र,** त्यसमाथि झन् यो जुनेली रात- मानौं ज्वार र भाटा हौं, हामी दुई।' 'जुनेली रातकी द्रौपदी' कथाका अंशहरू हुन् यी, जसले कथाकार अविनाश श्रेष्ठको लेखनशैलीमा निहित भाषिक सामर्थ्यलाई उजागर गरेको छ। त्यसो त पात्र, परिवेश, विषयवस्तु, मौलिकता, प्रस्तुतिका दृष्टिले पनि उनका कथा अब्बल दर्जाका छन्। त्यति हुँदाहुँदै पनि, उनका कथामा रहेका सबैं सबल पक्षलाई अद्भुत भाषिक क्षमताले माथ गरेको छ।

मन तान्ने शैलीमा नितान्त फरक विषयवस्तु र मूल्यमान्यता पक्रेर लेखिएका 'तान्या, इन्द्रकमल र अन्धकार'नामक कथासंग्रहभित्रका अधिकांश कथाहरूले असमेली जनजीवन पक्रेका छन्, कथाहरूमा सस्तो उपदेश, भावुकता, आदर्श होइन, जीवनका कथाव्यथा, सामाजिक पीडा र मनोवैज्ञानिक समस्यालाई दुरुस्त उतारिएको छ। हुनत अविनाशले यी कथा अढाई दशकअघि लेखेको रे, तर त्यस्तो लाग्दैन, तिनमा रहेको जीवन्तता अहिले पनि उस्तै छ। नेपाली कथामा व्याप्त पुरातनवादी धङ्धडीभन्दा छुट्टै विशेषता बोकेका यी कथा पाठकलाई छुट्टै स्वाद चखाउन सफल छन्।

'तान्या, इन्द्रकमल र अन्धकार' शीर्षक कथा सुरुमै राखिएको छ, जसमा रूसी केटी 'तान्या'ले अभिव्यक्त गरेका विचारमा अलिकति पनि कृत्रिमता छैन, उसले रंगकर्मको सिलसिलामा बिरानो भूमिमा आउँदा असमयमै मृत्युको मुखमा परेको आफ्नो प्रेमी 'भिक्तर' प्रतिरुप नयाँ साथी अजितमा देख्छे, सामीप्य खोज्छे, भक्कानिन्छे र भावविह्वल हुन्छे। वास्तवमा भिक्तरको न्यास्रोले अजितसँग आत्मीयता खोजिरहेकी छ, तान्या। स्वभाविक रुपमा सलल बगेको उक्त कथामा




प्रेममय भावना छताछुल्ल पोखिएका छन्।

प्रयोगको हिसाबले हेर्ने हो भने राजधानीलाई आधार मानेर लेखिएको 'अस्तित्व' कथा सशक्त छ, जसमा अस्तित्ववादी चिन्तन र दार्शनिक पक्षको प्रबलता छ। लाग्छ- ठिटौले उमेरमा लेखिए पनि अविनाशको चिन्तनमा परिपक्वता छ।

'घर ! कहाँ छ, आफ्नो घर'ले असम आन्दोलन चर्किएपछि नेपालीमाथि भएको अत्याचारको मार्मिक चित्रण छ। जातीय आन्दोलनको मूल्य कति चर्को हुँदो रहेछ भन्ने दृष्टान्त पेस गरिएको छ। जातीय आन्दोलनपछिको नेपाली समाज, त्यहाँ रहेको डर, उनीहरूमा व्याप्त अनिश्चय कथामा समेटिएको छ।

नयाँ प्रवृत्ति र धारलाई टपक्कै टिप्न माहिर छन् अविनाश। समकालीन कथालेखनको विश्वव्यापी प्रवृत्तिप्रति पनि कथाकार उत्तिकै सजग रहेको पाइन्छ। कथामा नयाँ नयाँ प्रयोग हुनु, नेपाली साहित्यको लागि अनौठो विषय होइन, तर नयाँधारमा लेखिएका कथाले कतिको पाठक तान्न सकेका छन्, त्यसतर्फ कथाकार सचेत भएको पाइँदैन। केही कथाकार प्रयोगको नाममा आत्मकुण्ठा पोखिरहेका छन्, जुन पाठकलाई पढ्न झिँजो लाग्छन्। त्यस्तै केही कथाकारले अझै पनि गुरुप्रसाद मैनालीको पथ छोड्न सकेका छैन, तिनीहरूका कथाले पटक्कै तान्दैन।

अविनाशको कथा लेखनशैली सदावहार छ, जुन युगौंसम्म बाँचिरहन्छ। घात, प्रतिघात, अभावबीच बाँचेको जीवनका कटु अनुभव सँगालेका छन् उनले। उनका कथामा प्रेम, मानवता, सहानुभूति, करुणा, मैत्रीमात्र छैन, उदासीनता, नैराश्य, फिक्कापन पनि उत्रिकै मात्रामा छ। केही सिकारु कथा भएर पनि होला, कतै कतै अलि बढी भावुकता पनि पाइन्छ। आकर्षक सज्जा, छपाइ, शुद्ध र उत्कृष्ट शैली भएको यो किताब पठनीय मात्र होइन, संग्रहणीय पनि छ।

अविनाशको कथाकारिताबारे समालोचक डा. गोविन्दराज भट्टराई लेख्छन्, 'प्रेमिल वाणीहरू संरचनामा, वार्तामा, मनोलगमा, स्थुल शरीरका, बोलीका, हिँडाइका रुमानी गतिले उठिरहेको अगम्य भुइँकुहिरोभित्र-भित्र पसेको। यस्तै भित्रभित्र पसेपछि पाठक निस्कँदैन।'

■ **छत्र कार्की**



# सुम्ला

■ राजकुमार दिक्पाल

**भक्तिप्रसाद सापकोटा** आफ्नो लामो समयको विस्थापित जीवनबाट मुक्त भएर गाउँ फर्कने तरखरमा छन् । आफ्नै गाउँको माध्यमिक विद्यालय तहका स्थायी शिक्षक हुन् उनी । द्वन्द्वका कारण उनी विगत चार वर्षदेखि राजधानीमै विस्थापित जीवन बिताइरहेका छन् । उनले काज सरुवा गरेका हुन् ।

माओवादी र सात दलबीच भएको 'शिखर सहमति'पछि उनी निकै खुसी छन् । आफ्नो ज्यान अकालमै जानेछैन भन्ने कुरामा उनी निकै आशावादी भएका हुन् । त्यसो त लोकतन्त्र पुनःस्थापना भएको बेला नै वैशाखमा उनी काज सरुवा फिर्ता गर्ने मनस्थितिमा थिए । उनी आफ्नै गाउँ ताप्लेजुङको हाङपाङ फर्केर पढाउन तम्सिसकेका थिए । 'तर स्थिति अझै स्पष्ट भइसकेको छैन', धेरैले उनलाई सुझाए, 'कमसेकम माओवादीले हतियार बिसाएपछि मात्र गाउँ फर्कंदा बेस होला गुरु ।'

सापकोटा गुरु भनेपछि उनी गाउँभरि प्रख्यात छन् । बनारसमा पढेका र साहित्यमा शास्त्री गरेका छन् उनले । उनले शास्त्री गरेका बेला गाउँमा उनका समकक्षीहरू औंलामा गनिने संख्यामा पनि थिएनन् । विद्यार्थीहरू सापकोटा गुरुको नाम सुन्नासाथ छुल्छुली हुन्छन् । जहिले पनि एउटा हातमा बाँसको छडी हुनु गुरुको विशेषता हो । अत्यन्तै कडा भनिएका ती गुरुको विस्थापनको दिन त्यो दिनदेखि सुरु भयो, जब उनैका एक विद्यार्थी याङ निमहाङ लिम्बू जंगल पसेको खबर उनको कानमा पर्‍यो । त्यो खबर पाएपछि विद्यालय परिसरमा हुने गरेको गुरुको सदावहार पिटाइको पनि अलि मत्थर हुनपुग्यो ।

एकदिन उनी कक्षा लिइरहेका थिए । त्यसैबेला एक विद्यार्थी हस्याङफस्याङ गर्दै आइपुगे । कक्षामा पुग्नासाथ उनले भने, 'गुरु गुरु, माओवादीहरू यतातिरै आउँदै छन् रे, चुङ्वाखोला तरिसके रे ।'

यो खबर पाएपछि सापकोटा गुरु खङग्रङ्ग भए । उनले सोधे, 'त्यो याङे पनि छ ?' (गुरुको आफ्ना हरेक विद्यार्थीको नामपछाडि एकलखे लगाउने बानी पुरानै हो ।)

'यता आउने टोलीको नेतृत्व पनि उसैले गरेको छ रे', विद्यार्थीले जवाफ दियो ।

त्यसपछि गुरुलाई केही थाहा भएन, हाङपाङबाट कुलेलम ठोकेर फुङलिङ बजार पुगिसकेपछि पो उनको होस आयो, पाँच घन्टाको बाटो कसरी तीन घन्टामै छिचोलिएछ गाँठे ।"

शिक्षकले त ज्यान बचाए, तर उनको ज्यान बचाउन खबर गर्ने विद्यार्थी पो सुराकीको आरोपमा नराम्रो घातले पिटिए ।

सापकोटा गुरुका विषयका विद्यार्थीहरूमध्ये केही विद्यार्थी पढाइमा कमजोर थिए । कमजोर विद्यार्थीहरूमा पनि अत्यन्तै निम्न कोटीका विद्यार्थीको सूचीमा याङ निमहाङको नाम थियो । कक्षा उकालाको भरमा कक्षा चढेका उनी सेन्ट अप परीक्षामा तीन वर्ष अनुत्तीर्ण भइसकेका थिए । जहिल्यै पनि अनिवार्य नेपाली विषयमा उनी असफल हुन्थे । उनको नाम सुन्नासाथ गुरुको कन्सिरी तातिहाल्थ्यो ।

त्यसबेला याङ निमहाङ सानै कक्षामा थियो । एकदिन गुरुले कक्षामा किताबको चित्र देखाउँदै विद्यार्थीहरूलाई सोधे, 'ल भन त यो केको चित्र हो ?' चित्र भ्यागुताको थियो र सबैले उत्तर दिँदै थिए । पालो आयो उही याङ निमहाङको, गुरुलाई सबैभन्दा मन नपर्ने विद्यार्थी । उनी चुप थिए त्यतिखेर । गुरुको प्रश्नको जवाफ दिन उनी केही भन्न खोज्दै थिए ।

'भन्न ए याङे, यो केको चित्र हो ?'

गुरुले यति भनिसक्दा उनको कलिलो ढाँडमा बाँसको छडीको एक सुम्ला बसिसकेको थियो र उनले आफ्नो कट्टु छुलुक्क भिजाइसकेका थिए । अर्को सुम्ला बस्ने सम्भावना मद्देनजर राखी उनले चित्र हेरेर हत्तपत्त जवाफ दिइहाले, 'यो पेदोक हो गुरु ।'

जवाफ सुनेर उनका सहपाठीहरू गलल हाँसे, उता गुरुको तनाव उत्कर्षमा पुग्यो । त्यतिखेरसम्म याङ निमहाङको कलिलो ढाँडमा तेस्रो सुम्ला बसिसकेको थियो । त्यसपछि गुरु कड्किए, 'फेरि भन् त ?'

'पे...दो...क...' याङ निमहाङले भक्कानिँदै भने ।

'हरे राम, तेरो भाषामा पो यो पेदोक सेदोक होला, भ्यागुता भन्न जान्दैनस्, उल्टै मलाई सिकाउँछस् ?' गुरुले तालुमा हत्केला राख्दै भने ।

त्यसपछि याङ निमहाङलाई सहपाठीहरूले उनको नयाँ न्वारन गरिदिए । 'पेदोके पेदोके' भन्दै जिस्काउन थाले । घरमा आमाबाबुले उनको ढाँटभरिको सुम्ला हेरेर छोरोका यहीँ रहेछ प्रगति भनी चित्त बुझाए । उनी सपनामा पनि 'गुरु गुरु' भन्दै झस्कन थाले ।

सानै उमेरदेखि पेलिँदै जाँदा उनको प्रगति पनि करिब करिब शून्य हुन थाल्यो, तिखारिँदै जानुपर्ने

दिमाग अझै भुत्ते हुन थाल्यो । अन्य विषयमा समेत उनले असफलता हात लगाउन थाले ।

एकदिन उनले विद्यालय नजाने निर्णय गरे । तीनपटक त सेन्टअपमा अनुत्तीर्ण भइसकेका थिए र चौथो पटक पनि १० कक्षामै पढ्न उनलाई उचित लागेन । विद्यालय छाड्नुमा एउटा अर्को घटनाको महत्त्वपूर्ण भूमिका थियो । त्यसमा पनि सापकोटा गुरुको रवैया छँदै थियो ।

त्यसदिन गुरुले गृहकार्य दिएका थिए, 'राष्ट्रिय पर्वका बारेमा निबन्ध लेख्ने ।' गुरुबाट प्राप्त गृहकार्य प्राय सबैले बुझाए, तर गृहकार्यकै विषयलाई लिएर याङ निमहाङ भने अलमलमा परेका थिए । उनले 'राष्ट्रिय पर्व'का बारेमा केही पनि बुझेकै थिएनन् ।

'ओई याङे लेखिस् त ?'

याङ निमहाङ निःशब्द उभिरह्यो । यसको स्पष्ट अर्थ थियो, उनले गृहकार्य लेखेका छैनन् ।

'ओई के हेरिराख्या, लेखेको छैनस् ?'

'अहँ' मुन्टो हल्लाएको इसारामा उनी बोले ।

'तँलाई राष्ट्रिय चाड के हो भन्ने थाहा छैन ?'

'अहँ' फेरि याङ निमहाङले मुन्टोकै इसारालाई उपयोग गरे ।

'सबैभन्दा ठूलो चाड क्या ?' गुरु कड्किए ।

गुरुले घरमा मनाइने सबैभन्दा ठूलो पर्वका बारेमा सोच्दासोच्दै मंसिरेपूर्णिमाको दिन आफ्नै घरमा मनाइने पर्व उनले सम्झे । गुरुको कडा स्वरले तर्सिएका उनी अलि उत्साहित भए ।

'चासोक थिसोक हो गुरु' सबैभन्दा ठूलो चाड भनेपछि अलि उत्साहित हुँदै याङ निमहाङ बोले, तर परिणाम उल्टो पर्न गयो ।

'थुइया यसको बुद्धि बाह्र वर्ष...'

गुरुले 'बाह्र वर्ष कुकुरको पुच्छर ढुंग्रामा राखे पनि बांगाको बांगै' भनी याङ निमहाङको कान निमोठ्न नपाउँदै अलि अलि पर हटेर भने, 'छि: छि: छि:, के खाएर आइस् हँ आज ?' (त्यस दिन गुरुले त्यस दिन बाँसको छडी बोक्न बिर्सेका रहेछन् ।)

आफ्नो कान निमोठिन लागेकै बेला याङ निमहाङले डकार गरेका थिए । बिहान भातसित किनिमाको तिहुन खाएर आएका थिए, डकारमा आएको गन्धले गुरुलाई भाउन्न भएको थियो । त्यही डकारले आफ्नो कान थप निमोठिनुबाट जोगिएकोमा उनी गर्विएका थिए । उनी मनमनै गमे, 'कमसेकम आमाले बनाउनुभएको किनिमाले त जोगिएँ ।'

हो, त्यसै दिनदेखि उनले आफ्नो पढाइमा पूर्णविराम लगाए ।

पढाइलाई पूर्ण रुपमा बिदा गरे पनि उनी जीवनप्रति आशावादी नै थिए । पञ्चमी मेलामा ढुंगेसाँघुकी सोल्टिनीसित भएको चिनाजानी, धाननाच र मायापिरतीको आँचलले उनीलाई घप्लक्क ढाकेको थियो । सोल्टिनीसित अंकुराएको प्रेमले उनलाई जीवनप्रति थप आशावादी बनाएको थियो । उनी मनमनै भन्थे, 'त्यस्ता मुला पढाइ छाडेर के भयो त ? भर्ती भिडेर देखाइदिन्छु म ।'

उनलाई आफ्नो योजनाको पहिलो प्रयासमै झड्का लाग्यो, गल्ला भिड्दाखेरि । गाउँमा आएको गल्लामा उनी पनि सामेल भएका थिए । हट्टाकट्टा ज्यान, स्वस्थ शरीर, आकर्षक अनुहार र उचाइ । गल्ला भिड्दा यिनै योग्यता र मनभरिको आशा उत्साह बोकेर उनी छाती नपाउन गएका थिए, तर उनको यो योग्यता पनि काम लागेन । कारण थियो पढाइ, लाहुर भिड्नका लागि एसएलसी पास न्यूनतम योग्यता थियो । यस योग्यताको अभावमा उनको आशाका त्यान्द्रा पनि चुँडिए ।

फेरि उनी आफ्नी सोल्टिनीलाई भेट्न पञ्चमी मेलामा पुगे । मेलाभरि सोल्टिनीको खोजी गरे । ढुंगेसाँघुबाट आएकाहरूलाई आफ्ना सोल्टिनीको खोजखबर गरे । ढुंगेसाँघुकै एकजनाले उनको हातमा एउटा सानो चिठी थमाइदिए । चिठीको भाषा कनिकुथी पढे । त्यहाँ लेखिएको थियो, 'कर्मको खेल यस्तै रहेछ सोल्टीज्यू, रिसानी माफ होला ।' सिंगापुरे लाहुरेसित सोल्टिनीको तीन साताअघि नै विवाह भइसकेको रहेछ ।

जीवनको अन्तिम आशा पनि सकियो अब । चौतर्फीको असफलताले उनी जताततै अध्यारो देख्थे । घरपरिवारबाट पनि उही हेलाहोचो । कहिले पासो लगाऊँ जस्तो लाग्थ्यो, कहिले तमोर नदीमा हेलिएर हराऊँ जस्तो । बाउन्न चोट त्रिपन्न ठक्कर खाएर बाँचिरहेका बेला गाउँमा अर्को भर्ती खुल्यो ।

छाती पनि नपाउन नपर्ने, जान चाहन्छु भने पुग्ने । विश्वयुद्धताका आफ्ना बाबुबाजे खसीबोका छानिएसरह भर्ती खुलेको थियो आफ्नै गाउँमा, त्यो भर्तीको लाममा उनी पनि थपिए । मनभरि निराशाको बादल मडारिएका बेला उनले जंगल पस्ने कठोर निर्णय गरे । प्रतिशोधको भाव आगोसरि दन्किएको थियो । दिमागभरि आफूलाई लाहुरे हुनका लागि पनि योग्यता राख्न नदिने सापकोटा गुरुको तस्बिर उनले केन्द्र भागमा राखेका थिए । जंगलमा सिरुपाते खुकुरी उद्याइरहेका बेला, गोलाबारुदको तालिम लिइरहेको पनि उनको मनभरि बारम्बार उनै गुरुको बिम्ब नाचिरहन्थ्यो । उनी सोचिरहन्थे, 'फलानोको सफाया... सफाया... सफाया...।'

उनी जंगल पसेको सूचना पाएदेखि नै यता सापकोटा गुरुको मनमा बेचैनी सुरु भयो । बेचैनी मात्र होइन, ज्यान बचाउन गाउँ नै छाड्नुपर्ने भयो । उनी फुङलिङ बजार पुगे, त्यहाँ पनि असुरक्षा महसुस हुन थालेपछि झापाको बिर्तामोड पुगे । त्यहाँ पनि अनेकौं धम्की आउन थालेपछि आफ्नो सुरक्षाको खातिर उनी राजधानी पसे र विस्थापित शिक्षकको रुपमा काज सरुवा गरे ।

अहिले शिखर सहमतिपछि उनी गाउँ फिर्ता हुने निष्कर्षमा पुगेका छन् । राजधानीको कोलाहलमय वातावरणबाट उनी दिक्क पनि भएका छन् । गाउँमा गर्ने गरेको रवाफिलो क्रियाकलाप गर्न त पाएनन् नै उनले गाउँमा शिक्षकलाई गर्ने गरिएको मानभाउ राजधानीमा बिल्कुलै महसुस गर्न पाएनन् । त्यसैले उनी यथाशक्य चाडो गाउँ फर्कन चाहेका हुन् । तैपनि उनी पूर्ण रुपमा ढुक्क हुन सकेका छैनन् । आफ्नो ज्यान लिन सक्ने उही याङे उर्फ याङ निमहाङलाई सम्झन्छन् । त्यसैले उनी आफूलाई अझै खतरामुक्त भएको ठान्दैनन् । त्यसैले उनी उनै याङ निमहाङलाई भेट्न आतुर छन् र शिखर सहमतिपछि सम्पर्क सूत्रको खोजीमा पनि छन् । उनी हिजो सिर्जना भएका सारा समस्याको समाधान गर्दै मेलमिलापको वातावरण बनाउन चाहन्छन् । ■

# अद्भुत तरंग

■ टंक उप्रेती

पुत्पुताइरहेको थियो
उसको आँखीभौं

अथाह शक्तिशाली
चेतनाका झिल्काहरू
प्रक्षेपण गरिरहेका थिए
उसका आँखाहरू
र,
चट्चटाइरहेका थिए परेलाका बारहरू

सक्रिय थिए औंलाहरू
र,
गाँठो पर्दैथिए
हत्केलामा
क्षणभरमै ती बदलिए ढुंगामा

नसामा दौडिरहेको थियो
अद्भुत तरंग
आघातपछिको टुंगनाका तारझैं
कम्पित थिए
सारा कोषहरू
हृदयको दृश्यसत्तामा थियो
एउटा घना जंगल
झारहरूमाथि भइरहेको थियो अत्याचार
र
छरिएका थिए कीरा र पुतलीका लासहरू

पसिनामा लत्पतिएर
संघर्ष गरिरहेका थिए त्यहाँ
एकजोडी नौजवान लडाकुहरू
आफूभित्रको उज्यालोमा
र,
जोगिएर शासकको क्रूर दाह्राबाट

चम्कियो बिजुली र मेघमय संगीत
दन्किएर बल्न थाल्यो उसको तेज
पग्लिएर झऱ्यो छाला जमिनको घोडे दुबोमाथि
रगतले सिञ्चित भयो एक पाना कागज

अड्याउँछु आँखा
शीर्षकमा
अनुभव गर्दै
अमरकविताको जन्मकथा ■

# अनुष्ठानमा सुकर्म

■ घिमिरे युवराज/काठमाडौं



**लम्बेतान संगीत,** अल्छीलाग्दो लय, मञ्चमा शास्त्रीय संगीतका वाद्यवादन समाएर बसेका अभिव्यक्तिशून्य अनुहारहरू। उनीहरू बाजाहरू बजाइरहेका हुन्छन् तर मूर्तिवत्। लाग्थ्यो शास्त्रीय संगीत भनेको केवल संगीतको व्याकरण मात्रै हो, यसमा सिर्जना वा मनोरञ्जन छैन। धेरलाई परेको यो भ्रम तोड्ने काम गरेको हो, सुकर्म संगीत समूहले। नेपालमा शास्त्रीय संगीत भन्ने बित्तिक्कै दर्शक र श्रोता तर्सने स्थिति पनि आयो। अझै पनि सिर्जनाशून्य कामले दर्शक तथा श्रोतालाई तर्साउँछ। केही वर्षदेखि शास्त्रीय संगीतलाई साँच्चै ऊर्जाशील र सिर्जनशील बनाएर केही थोरै समूह र व्यक्तिले यसको अस्तित्व बचाएका छन्। तीमध्ये यतिखेर सुकर्मको नाम अग्रणी छ।

सन् १९९७ मा संगीतका तीनजना ज्ञाताले सुरु गरेका थिए, सुकर्म। डा. ध्रुवेशचन्द्र रेग्मी सितारका ज्ञाता हुन्। उनले संगीतमै विद्यावारिधि गरे। श्याम नेपाली सारंगीका ज्ञाता हुन्। अर्का प्रसिद्ध व्यक्तित्व तबलावादक अतुल गौतम यस समूहका तारा हुन्। तर, आज उनी भौतिक रुपमा उनी छैनन्। समूहका नेतृत्वकर्ता ध्रुवेशचन्द्र रेग्मी भन्छन्, ‘हामीले हाम्रो संगीतलाई संसारभर लोकप्रिय बनाउने अभियानमा काम थालेका हौं। अतुल हाम्रो बलियो शक्ति थियो।’ ध्रुवेश थप्छन्, ‘ऊ अहिले हाम्रो सामु छैन, तर उसको प्रेरणा र ऊर्जा सधैं हामीसँगै छ।’ वास्तवमै अतुलसँग तबलामाथिको शिल्प विचित्रको थियो। जब उनका हात तबलामाथि नाच्न थाल्थे दर्शक सम्मोहित हुन्थे। अतुल बितेपछि अर्का ऊर्जावान कलाकार प्रमोद उपाध्याय सुकर्ममा मिसिए। यी युवासँग तबलाको अर्को जादुगरी प्रतिभा छ।

तीनवटा बाजाले मात्र कसरी यस्ता सुन्दर प्रस्तुति सिर्जना हुन्छ, सुकर्मको विशेषता हो। सुकर्मले छोटै समयमा स्तरीयता र चर्चा उत्तिकै हासिल गऱ्यो। यी ३ सांगीतिक ताराहरूले विश्वसंगीतमै इतिहास रचेका छन्। यिनका प्रस्तुतिमा भाषाको शक्ति छ। शास्त्रीय र लोकसंगीतको मिश्रणमा यिनका ‘कम्पोजिसन’ले दर्शक र श्रोताका मनमा तरंग पैदा गर्छन्। यी कलाकारहरू आफैं त्यो जीवन्त संगीतको अनुभूत गर्छन्। यिनका प्रस्तुति हेरेपछि शास्त्रीय संगीत भनेको सांगीतिक रस रहेछ भन्ने महसुस हुन्छ। सितारमा ध्रुवेशको गाम्भीर्य, तबला र सारंगीमा प्रमोद र श्यामको प्रफुल्लता र दुखाइ जस्ता संवेगको मिश्रण संगीतमा सुन्दर झरना जस्तो भएर बग्छ। मञ्चमा सुकर्म उपस्थित हुँदा संगीतको कञ्चन स्वभाव देखिन्छ। त्यहाँ झरना झरेजस्तो लय बग्छ। यिनले यस्तो संगीत प्रस्तुत गर्छन् जहाँ शब्दको खाँचो छैन। विदेशीले पनि यिनका प्रस्तुतिमा चाख दिनुको प्रमुख कारण पनि यही हो। सुकर्मले हालसम्म अमेरिका, स्विजरल्यान्ड, बेलायत, फ्रान्स, किर्गिस्तान, अस्ट्रिया, जर्मनी, बेल्जियम, इटाली, जापान जस्ता धेरै देशमा आफ्ना स्तरीय प्रस्तुति पुऱ्याएको छ।

आजसम्म सयौं मञ्च-प्रस्तुतिहरू तथा एक दर्जनजति एल्बम श्रोता तथा दर्शकसामु पस्केको सुकर्मले यस पटक अचम्मको काम गरेको छ। नेपालमै पहिलो र जोखिमपूर्ण काम थियो त्यो। सुकर्मले नाटकलाई संगीतको माध्यमबाट व्यक्त गऱ्यो। विश्व विख्यात नाटककार हेनरिक इब्सनका चर्चित नाटकहरू अ डल्स हाउस, हेड्डा ग्याब्लर र द मास्टर बिल्डरलाई पढेर यसको सारलाई सुकर्मले आफ्नो सांगीतिक प्रस्तुतिमा ढाल्यो। ध्रुवेशचन्द्र

भन्छन्, 'हामीले नाटकका संवेदना र आरोह–अवरोहलाई सकेसम्म नाटकमा देखाउने प्रयास गरेका छौं।' वास्तवमै ती नाटकका घटना र स्थितिलाई गजबसँग संगीत बोले ध्रुवेश, श्याम र प्रमोदले।

ध्रुवेशचन्द्र नेपालमै पहिलो पटक संगीतमा विद्यावारिधि गर्ने पहिलो नेपाली हुन्। उनी सांगीतिक परिवारबाट आएका हुन्। उनका जिजुबाजे पं. देवचन्द्र रेग्मी नेपालमा सितारवादनलाई लोकप्रिय बनाउने विशिष्ट व्यक्तित्व हुन्। उनका हजुरबुबा कृष्णचन्द्र पनि संगीतकार नै थिए। पिता सतीसचन्द्र त सितारवादकका रुपमा झनै चर्चित थिए। उनी पद्मकन्या क्याम्पसमा प्राध्यापन गर्थे। ध्रुवेशले पनि पिताबाट संगीतको प्रारम्भिक ज्ञान पाएका हुन्। पछि भारतका प्रख्यात सितारवादक पण्डित उमाशंकर मिश्रका असल चेलो बने उनी। हाल ध्रुवेश पद्मकन्या क्याम्पसमा संगीत प्राध्यापन पनि गर्छन्। धेरै सम्मान तथा पुरस्कार पाइसकेका यी प्रखर व्यक्तित्व नेपाली संगीतको क्षेत्रमा विशिष्ट र सिर्जनशील सितारवादक हुन्।

हसिला र चन्चले स्वभावका श्याम नेपालीलाई सारंगी सरस्वतीको वरदानजस्तै भएको छ। सारंगीमै संवेगहरू व्यक्त गर्न सिपालु छन् उनी। प्रत्यक्ष प्रस्तुति भइरहेका बेला श्यामले ध्रुवेश र प्रमोदको अनुसारमा हेरेर अनेकौं हाउभाउ गर्छन्, चन्चलता वा गाम्भीर्य देखाउँछन् र दर्शकलाई लोभ्याउँछन्। हसिलो मनका यी युवा पनि सायद जन्मँदै प्रतिभा बोकेर आए। यिनका हजुरबुबा मगर गाइने र बुबा रामशरण नेपाली दुवै प्रसिद्ध र कुशल सारंगी वादक हुन्। उनीहरूबाटै श्यामले त्यो वातावरण पाए र आठ वर्षको उमेरदेखि नै सारंगीमा हात बसाउन थाले।

तबलामा औंला नचाउँदै दर्शकलाई संगीतको ऊर्जा भर्ने युवा तबलावादक प्रमोद उपाध्याय सुकर्मका अर्का खम्बा हुन्। उनलाई कहिलेकाहीं भारतका प्रसिद्ध तबलावादक उस्ताद जाकिर हुसेनको गुण र स्वभाव आउँछ भनेर भनिन्छ। प्रमोदले जाकिर हुसेनसँग पनि तबला सिकेका हुन्। त्यसो त प्रसिद्ध तबलावादक होमप्रसाद उपाध्यायका पुत्र हुन्। उनीले पिताबाट धेरै सिके। पाँच वर्षको उमेरदेखि नै प्रमोदले आफ्नो सांगीतिक जादू दर्शकमाझ देखाइसकेका थिए।

यस्ता विद्वान् र सिर्जनशील व्यक्तित्वहरू मिलेर बनेको यो समूहका प्रस्तुतिहरू महँगा टिकटमा पनि सजिलै बिक्छन्। यिनले संगीतमा अनुष्ठान, जीवन र सिर्जनाको मिश्रण गरका छन्। यो सम्प्रेषण संगीतमा नवीनतम प्रयोग हो। ■



# सञ्जयलाई राहत

भारतको मुम्बईमा सन् १९९३ मा भएको बमकाण्डमा संलग्न रहेको, कुख्यात भारतीय भूमिगत गिरोहका दाउद इब्राइमलाई आतंककारी हमलाहरूमा सघाएको, अवैध हतियार ओसारपसारमा संलग्न रहेको जस्ता आरोपमा विगत १३ वर्षदेखि मुद्दा खेपिरहेका ख्यातिप्राप्त भारतीय नायक सञ्जय दत्तलाई भारतको विशेष अदालतले अवैध हतियार राखेकाबाहेक अन्य मुद्दाहरूबाट सफाइ दिएको छ।

२ सय ५७ जनाको ज्यान जाने गरी भएको मुम्बई बम विष्फोटनमा संलग्न भएको आरोपमा उनले १६ महिना जेलजीवन समेत बिताइसकेका छन्। अब उनीमाथि अवैध हतियार राखेको आरोपमात्र छ र यस्ता हतियार राख्नेले भारतीय कानुनअनुसार अधिकतम ५ वर्ष जेलसजाय पाउँछ। सञ्जयले १६ महिना जेलमा बिताइसकेका कारण फेरि उनी जेल बस्नु नपर्ने, तर धरौटीका लागि भने सञ्जयले निवेदन दिन सक्ने उनका वकिलले बताएका छन्।

मुम्बई बमकाण्डको तीन महिनापछि सञ्जय दत्तलाई प्रहरीले पक्राउ गरेको थियो। विशेष अदालतले सुनाएको पछिल्लो फैसलाले उनलाई आतंककारी तथा विध्वंसकारी क्रियाकलाप नियन्त्रण कानुन (टाडा) बमोजिम कारबाही नहुने भएको छ।

सञ्जय दत्त मुम्बई आक्रमणका अठासियौं दोषीमा परेका थिए। सो मुद्दामा संलग्न १ सय २३ जनामध्ये ८८ जना दोषी सावित भएका थिए भने २३ जना निर्दोष सावित भइसकेका छन्।



# 'किराँत- द राइजिङ'



**तेइस वर्षअघि** बुटवलको एउटा सामान्य परिवारमा जन्मिएका किराँत गुरुङले कलिलै उमेरमा आफ्नो क्षेत्रमा स्थापित हुँला भन्ने सायदै सोचेका थिए। उनी आठ वर्षअघि बुटवलको न्यु होराइजन बोर्डिङ स्कुलबाट एसएलसी उत्तीर्ण गरेर कम्प्युटरमै 'क्यारिअर' बनाउने अभिलाषा लिएर राजधानी आएका थिए। कम्प्युटर ज्ञान हासिल गरेपछि जीविकोपार्जनका लागि सुरुमा उनले राजधानीमा एउटा इन्स्टिच्युटमा मल्टिमिडिया सिकाउने काम गरे। एनिमेसन र न्यु मिडिया डिजाइनमा डिप्लोमा गरेपछि 'वेव डिजाइनर'बाट ग्राफिक्स आर्टिस्टको रूपमा विदेशी फिल्ममा काम गर्दा उनलाई नाम र दाम दुवै हात लागेको छ। गुरुङ 'स्मोक' सफ्टवेयरसम्बन्धी बीसदिने तालिम लिन मुम्बईको 'डिस्क्रिट' कम्पनीमा गएका थिए, उनको प्रतिभा देखेर तालिम नसिध्धिँदै त्यहाँका सिएनबिसी – टिभी १८, आइ डिजिटल, माया लिमिटेड लगायतका चर्चित कम्पनीबाट काम गर्ने 'अफर' आएको थियो। यसले गुरुङमा रहेको प्रतिभा उजागर गरेको छ। त्यसको केही समयपछि उनलाई बलिउडको चर्चित फिल्म 'मंगल पाण्डे – द राइजिङ'को एनिमेसन, स्पेसल इफेक्ट्स, म्याट पेन्टिङ लगायत काम गर्ने अवसर जुर्‍यो र उनले त्यो काम सफलतापूर्वक फत्ते गरेका छन्। त्यति मात्र होइन, छिटै प्रदर्शन हुन लागेको 'फिर जिन्दगी' नामक फिल्ममा पनि 'स्पेसल इफेक्ट'को रुपमा काम गरेका छन्। 'मंगल पाण्डे – द राइजिङ' फिल्मका दृश्यहरू बनाउँदाको अवस्था स्मरण गर्दै उनी भन्छन्, 'ब्रिटिस साम्राज्यको बेला अर्थात् आजभन्दा कयौं वर्ष पहिलेको तत्कालीन अवस्थाको देश र समाज उस्तै लाग्ने गरी बनाउँदा बेग्लै खालको चुनौतीपूर्ण रमाइलो भयो।' गुरुङ आफ्नो कामलाई स्पेसल इफेक्ट भन्न रुचाउँछन् र उनीलाई सिजी (कम्प्युटर ग्राफिक्स) आर्टिस्ट भन्दा उचित हुने उनको धारणा छ। भविष्यमा 'स्पेसल इफेक्ट्स सुपरभाइज' गर्ने ठूलो रहर भएकाले उनी एडिटिङ, कम्पोस्टिङलगायतका सबै कुराको जानकारी राख्छन्। उनले भिडियो गेम पनि बनाएका छन्, जसमा गेमको लागि आवश्यक पर्ने सिनेम्याट्रिक्स (मुभी) तयार पारेका छन् उनले।

■ डिल्ली आचार्य



शून्य समय



युवराज घिमिरे

# बदलाको राजनीतिक संस्कृतिको अन्त आवश्यक छ विधिको शासनमा

**न्यायपालिका र** न्यायाधीशहरूलाई कार्यकारी तथा राजनीतिक प्रभावबाट मुक्त नराखिए न्याय प्रदुषित हुन्छ र मर्छ भन्ने सिद्धान्तलाई प्रजातन्त्रमा विशेष सावधानीपूर्वक मान्यता दिइन्छ । अवकाश प्राप्त गरेपछि पनि न्यायाधीशहरूले केही मर्यादाहरू पालना गर्नुपर्ने हुन्छ । खासगरी अवकाशपछि विभिन्न प्रकृतिका छानबिन र न्यायिक आयोगहरूको गठन अक्सर भई नै रहँदा त्यस्तो सम्भावित नियुक्तिको प्रलोभनबाट समेत बहालवाला न्यायाधीशहरू मुक्त रहनुपर्छ भन्ने मान्यता र चिन्ता पनि विभिन्न मुलुकमा कुनै न कुनै रुपमा सार्वजनिक वहसका विषय रही आएको छ । नेपालमा विगत केही वर्षदेखि व्याप्त राजनीतिक अस्थिरताले गर्दा सत्तासीन दलसँग नाता गाँस्न सम्भवत: न्यायाधीशहरूका लागि त्यति सहज विषय बनेन होला । तर, राजनीतिक स्थिरताको अवस्थामा पनि यो सम्भावनालाई निरुत्साहित गरिनुपर्छ, न्यायालयको स्वतन्त्रता, निष्पक्षता र गरिमा बचाउन अनि त्यसमा जनताको विश्वास टिकाउन ।

तर, छानबिन आयोगहरूलाई न्यायिक वा अर्धन्यायिक खोल ओढाएर तिनीहरूलाई राजनीतिक प्रतिशोधका रुपमा प्रयोग गर्ने खतरनाक खेल या प्रवृत्ति अपवाद नभएर, नियमित अभ्यास त बन्न लागेको हैन ? भन्ने प्रश्न उठ्न थालेको छ अब ।

यसमा शाही शासनकालमा गठित भक्तबहादुर कोइराला आयोग र त्यसैको नक्कलस्वरुप जनआन्दोलनपछि गिरिजाप्रसाद कोइराला सरकारद्वारा गठित रायमाझी आयोगलाई लिन सकिन्छ । दुवैको गठन राजनीतिक, उद्देश्य प्रतिशोध र शैली तथा निर्णय प्रायोजित थिए र दुवैको जवाफदेहिता न्यायिक मर्यादा, मान्यता र धर्मप्रति नभएर जन्मदाता सरकारप्रति थिए । प्रदीप गिरी नेपाली राजनीतिका प्रभावकारी व्यक्तित्व हैनन्, तर उनी लागेको कुरा सार्वजनिकरुपमा स्पष्ट शब्दमा भन्ने साहस राख्दछन् । 'कति पैसा बनाउनुभयो ? करोडमा कि लाखमै मात्र ?' रायमाझी आयोगका एक सदस्यलाई उनले सोधे । सदस्य चुपचाप हाँसी नै राखे । यसले रायमाझी आयोगको परिचय झल्काउँछ ।

यी दुई आयोगबाहेक कोइराला सरकारले भक्तबहादुर कोइराला आयोगमाथि नै छानबिन गर्न त्यतिकै आपत्तिजनक शैलीमा अर्को समिति गठन गरेको छ । सरकारी खरखजानाको दुरुपयोगको आरोपमा उसले शेरबहादुर देउवा सरकारका कयौं मन्त्री र मेलम्ची खानेपानी योजनाका केही कर्मचारी तथा ठेकेदारसँग बयान लियो । देउवा तथा उनका सहयोगी मन्त्री प्रकाशमान सिंहले नैतिक साहस प्रदर्शन गर्दै कोइराला आयोग र अझै त्यसका नियुक्तिकर्ता राजाको अवज्ञा गरे र दस महिनाभन्दा बढी अन्यायपूर्ण जेलसजाय भोगे । अन्ततोगत्वा शाही शासनमै सर्वोच्च अदालतले कोइराला आयोगलाई अवैधानिक ठहर गर्दै अस्तित्वहीन बनाइदियो । यो जित देउवा, प्रकाशमान सिंह र विधिको शासनमा विश्वास गर्ने सबैको थियो । यदि देउवा र सिंहले सरकारबाट वा आयोगबाट भएको अपमानको क्षतिपूर्ति खोज्ने हो भने त्यो सर्वोच्च अदालतमार्फत खोजिनुपर्छ । कार्यकारी वा राज्यशक्तिको बलमा अर्को छानबिन समिति गठन गर्नु त्यही प्रतिशोधको राजनीतिको निरन्तरता मात्र हुनेछ । यसले उनीहरूको नैतिक हैसियतमा चोट पुऱ्याउनेछ । र अहिले पनि त्यो समितिको गठन रद्द गरेमा वर्तमान सरकारको छवि प्रजातान्त्रिक देखिनेछ । उनीहरूका लागि युद्धकालीन ब्रिटिस राजनेता चर्चिलको मान्यता प्रेरणा बन्नुपर्छ - व्यक्ति विजयमा विशाल हृदयी र पराजयमा साहसी हुन सिक्नुपर्छ । यो आवश्यक पनि छ । किनकि तुलनात्मकरुपमा रायमाझी आयोगभन्दा कोइराला आयोग केही अर्थमा ज्यादा व्यवसायिक देखिएको छ । कोइराला आयोगले उसले छानबिनमा रहेका व्यक्तिहरूसँग विस्तारमा सोधपुछ गऱ्यो । जब कि रायमाझी आयोगले केवल औपचारिकता निर्वाहका लागि सबैसँग एक-एकपल्ट मात्र बयान लियो । सभामुखका रुपमा संवैधानिक परिषद्का सदस्य रहेका तारानाथ रानाभाट र पूर्व प्रधानन्यायाधीश हरिप्रसाद शर्मालाई दोषी ठहर नगरे पनि रायमाझी आयोगमा बोलाइनु नै त्यसका प्रमुखको बदनियत देखिन्छ । त्यसैगरी उसले बयानका लागि बोलाएका केही सुरक्षाकर्मीहरूले वर्तमान सत्तासँग नाता गाँस्न सफल भएपछि आयोगले दोषमुक्त गरेको र अरूलाई नियोजितरुपमा बलिको बोको बनाएको विश्वास गर्ने आधारहरू प्रशस्त छन् । प्रदीप गिरीले त्यस्तो प्रश्न सोध्नुको पछाडिका कारण सम्भवत: आउँदा दिनमा वहस बन्नेछन्, सेलाउनेछैनन् ।

आन्दोलन दबाउन सरकारी पैसा र शक्तिको दुरुपयोग अवश्य पनि तत्कालीन सरकारको गैरन्यायिक गतिविधि हो । तर, त्यत्तिकै गैरन्यायिक नियतका साथ रायमाझी आयोग जन्मेको हो । उसको प्रतिवेदनमाथि छानबिन गरी दोषीमाथि आवश्यक कारबाही गर्न प्रधानमन्त्रीले उपप्रधानमन्त्री खड्ग ओली, गृहमन्त्री कृष्ण सिटौला लगायत अन्य तीनजना मन्त्रीहरूको समितिलाई जिम्मा दिएका छन् । तर, यो आफैंमा इमानदारिताविहीन काम हो । यत्रो वहस र विवादपछि आयोगभित्रकै खिचातानीबाट विवादित प्रतिवेदनको कानुनी हैसियत बुझ्न सम्मानित कानुन विशेषज्ञहरूको परामर्श लिनु उपयुक्त हुने थियो, प्रधानमन्त्रीका लागि । किनकि यो आयोगको निर्णय र छानबिनलाई प्रभावित गर्ने केही सुरक्षाकर्मीलाई निलम्बित र केहीलाई बढुवा गर्ने काममा कमसेकम ओली केही हदसम्म र सिटौला निकै हदसम्म जिम्मेवार छन् ।

माओवादीसँग वार्तामा संलग्नताका कारण आर्जेको छविलाई गृहमन्त्रीले भोलि हुने संविधानसभाको निर्वाचनमा आफूले चाहेअनुसार जनपद र सशस्त्र प्रहरीलाई प्रयोग गर्ने हैसियत बटुल्न दुरुपयोग गरेका छन् । त्यही हिसाबले अनियमित र गैरकानुनीरुपमा उनले सशस्त्र र जनपदमा नेतृत्व छनौट गरेका छन्, जब कि बढी योग्य र सक्षमलाई आयोग गठनसँगै निलम्बित गरेका छन् । रायमाझी आयोगले त्यत्तिकै अपारदर्शी शैलीमा त्यो चाललाई अनुमोदन गरेको छ । भोलि सरकारमा आउने माओवादीले अन्तरिम सरकारमा आफ्नो दलले गृहमन्त्री नपाए उनीहरूको समर्थन हासिल हुने आशाका साथ सिटौलाले जनपद र सशस्त्रलाई आफ्नो खल्तीमा राख्ने प्रयास गरेका हुन् । निर्वाचनमा त्यसको अर्थ के हुन्छ, बुझ्न कठीन छैन ।

कतिपयले रायमाझी आयोगलाई मल्लिक आयोगसँग तुलना गरेको पाइन्छ । मल्लिक आयोगको बनावट र चरित्र शुद्ध न्यायिक थियो । त्यस्तै भैरव लम्सालको सम्पत्ति छानबिन आयोगको बनावट र चरित्र न्यायिक छँदाछँदै पनि त्यसको प्रतिवेदनलाई शाहीसत्ताले राजनीतिक 'ब्ल्याकमेल' र प्रतिशोधका लागि प्रयोग गरेको थियो । तर रायमाझी आयोग शुद्ध रुपमा राजनीतिक र प्रतिशोधको औजार मात्र हो । छानबिन आयोग राजनीतिद्वारा प्रेरित भएमा अवश्य पनि वास्तविक दोषी उम्कन्छन् ।

राजनीतिक लाभका लागि राज्य ढुकुटीको दुरुपयोग र बदलाको संस्कृति समाप्त गर्ने परम्परालाई कसरी समाप्त गर्ने ? सम्भवत: यो नै एउटा गहन अध्ययन र छानबिनको विषय हुनुपर्छ । ८३ वर्षीय कोइरालाको सक्रिय भूमिका र योगदान अवश्य पनि सबभन्दा बढी अपेक्षित छ, नेपालको राजनीतिमा खासगरी जारी शान्ति प्रक्रियाको सन्दर्भमा । तर, दण्डहीनताको संस्कृतिको अन्त जस्तै बदलाको राजनीतिको संस्कृतिको पनि अन्त हुनु आवश्यक छ । र त्यसमा खासगरी कोइरालाका आफन्त र राजनीतिक सहयात्रीहरूले उनलाई प्रेरित गर्न सक्नुपर्छ । ■